C359-04

बालअधिकार शिक्षा



Resource Centre

बालअधिकार शिक्षा

मानवअधिकार र सामाजिक न्यायको निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, काठमाण्डौ, पोष्ट बक्स नं. २७२६
फोन ४२७८७७०, फ्याक्स ४२७०५५१

बालअधिकार शिक्षा

परिमार्जित चौथो संस्करण : ०६२ जेठ १ गते
संख्या : दस हजार

अवधारणा तथा निर्देशन : कुन्दन अर्याल

परिमार्जन तथा सम्पादन : निर्मलमणि अधिकारी

रेखाचित्र : राजेन्द्र ढुंगाना

साजसज्जा : गीता माली

पहिलो संस्करण : ०५६/०५७
संख्या : एक हजार

प्रकाशक : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार : इन्सेकमा सुरक्षित

मूल्य : ९५/-

मुद्रक : सुनकोशी छापाखाना प्रा. लि.
विजुलीबजार, काठमाण्डौ
फोन: ४७८४३९१/४७८४३२३

बालअधिकार अभियानमा शिक्षकका लागि उपकरण

वालअधिकारको बहालीका निम्ति शिक्षकहरूको अहं भूमिका रहँदै आएको छ। शिक्षकहरूको पहल र सकृयताबाट बालबालिकाको अवस्थामा प्रभावकारी रूपमा सुधार ल्याउन सकिन्छ भन्ने कुरामा इन्सेक आफ्नै अनुभवका आधारमा समेत विश्वस्त छ। बालवालिकाको चौतर्फी विकास उनीहरूको अधिकारको बहालीविना सम्भव छैन। बालबालिकाको त्यस्तो चौतर्फी विकास शिक्षकहरूको सचेत पहलविना असम्भव छ। इन्सेक यस्तै मान्यताका आधारमा वालअधिकारको क्षेत्रमा सकृय रहँदै आएको छ।

बितेको छ वर्षको अवधिमा बालअधिकार शिक्षा पुस्तकको यो चौथो संस्करण हो। इन्सेकले ०५२ सालदेखि अघि बढाइरहेको बालअधिकार अभियानको सफलताकै क्रममा यस पुस्तकको पहिलो प्रारूप तयार भएको थियो। देशका विभिन्न विद्यालयहरूमा सञ्चालित बालअधिकार शिक्षा कार्यक्रमको आवश्यकतालाई ध्यानमा राखी मूलत: शिक्षकहरूका निम्ति यो पुस्तक तयार गरिएको छ। बालअधिकार अभियानमा शिक्षकहरूका लागि कामलाग्दो उपकरण बन्न यो पुस्तक सफल हुने विश्वास हामीले लिएका छौं।

वालअधिकार शिक्षाको यो परिमार्जित संस्करणमा "बालबालिका शान्ति क्षेत्र हुन्" भन्ने अवधारणाका साथै हिंसात्मक द्वन्द्वका कारण नेपाली बालबालिकामा परेको असरसम्बन्धी नितान्त नयाँ परिच्छेदहरू थपिएका छन्। पुस्तक वालअधिकार चेतना समूहमा आबद्ध बालबालिकालाई वालअधिकारका सम्बन्धमा जानकारी गराउने उद्देश्य प्राप्तिको दिशामा संरक्षक शिक्षकहरूका लागि अझ बढी उपयोगी बन्न सकोस् भन्ने अभिप्रायका साथ तयार गरिएको छ।

बालअधिकारका राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रावधानसम्बन्धी जानकारी पुस्तकमा समेटिएको छ। यसक्रममा बालअधिकारसँग सम्बन्धित कानुनका पूर्ण पाठ समेत समावेश गरिएको छ। पुस्तकमा नेपाली बालवालिकाको अवस्थाका साथै बालअधिकारको महत्व र आवश्यकता एवम् बाल मनोविज्ञानका सम्बन्धमा समेत चर्चा गरिएको छ।

यो पुस्तक पढाउँदा संरक्षक शिक्षक साथीले विद्यार्थीहरूलाई प्रति महिना एउटाजस्तो पर्ने गरी वर्षभरिमा कूल दस वटा कक्षामा पढाउने छन् भन्ने हामीले आँकलन गरेका छौं। पाठहरू पढाउँदा अगाडि पछाडि नगरी क्रमैसँग पढाउनु जरुरी छ भन्ने कुरा पनि यहाँ उल्लेख गर्दछु। कक्षा सहभागितामूलक तरिकाले लिनु पर्दछ भन्ने विषयमा त झन् दुईमत हुने कुरै भएन।

बालअधिकार शिक्षाको तेश्रो संस्करणसम्म कुन्दन अर्यालका अतिरिक्त अग्निशिखा, कविता अर्याल, प्रेक्षा ओझा, देविका तिमिल्सिना, आत्माराम शर्मा, सूर्यप्रकाश भट्टराई, कुसुम शर्मा र इन्दिरा फुयाँलले विभिन्न विषयमा योगदान गर्नु भएको छ। तीन-तीन वटा संस्करणमा धेरै जनाको सहभागितामा माझिएको यो पुस्तक यसपटक इन्सेक महासचिव कुन्दन अर्यालको अवधारणाअनुसार उहाँकै निर्देशनमा परिमार्जित भएको छ। यस संस्करणको सम्पादनका निम्ति इन्सेकका अभिलेख अधिकृत निर्मलमणि अधिकारी धन्यवादका पात्र हुनुहुन्छ।

पुस्तकको साजसज्जा पहिलो संस्करणदेखि नै गीता मालीले गर्दै आउनु भएको छ। यसअघिका संस्करणहरूमा रेखाचित्र वासु क्षितिजले तयार गर्नु भएको थियो। यस संस्करणमा रेखाचित्र तयार गर्ने राजेन्द्र ढुंगानालगायत् उल्लिखित तीनै जनाप्रति धन्यवाद व्यक्त गर्दछु।

सुझावको अपेक्षाका साथ।

सुबोधराज प्याकुरेल
अध्यक्ष

०६२ जेठ १ गते

पहिलो संस्करण : ०५६/५७

भूमिका

बालअधिकारको अवधारणालाई विद्यालयमा पुऱ्याई स्वयम् बालबालिकालाई नै आफ्नो अधिकारप्रति दायित्वबोध गराउँदै शिक्षक तथा अभिभावकहरूसमेतलाई बालअधिकार विषयमा सचेत गराउने उद्देश्य लिएर अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले २०५२ देखि विद्यालयमा बालअधिकार शिक्षासम्बन्धी कार्यक्रम संचालन गर्दैआएको छ। यसको मूल उद्देश्य बालबालिकाले पाउनुपर्ने अधिकारको लागि स्वयम् बालबालिकालाई नै सजग र सचेत बनाउँदै संगठित हुन प्रेरित गर्नु हो। यही उद्देश्य लिएर इन्सेकले आफ्नो ४८ वटा आवद्ध संस्थामार्फत् बालअधिकारसम्बन्धी विभिन्न कार्यक्रम संचालन गर्दैआएको छ।

गत ५ वर्षदेखि संचालन गर्दैआएको यस कार्यक्रम बालबालिकालाई संगठित गराउँदै बालअधिकार विषयमा मासिक एक/एक वटा सचेतन कक्षा संरक्षक शिक्षकद्वारा लिइने गरिन्छ। यसैक्रममा विगतको अनुभव, सचेतन कक्षा लिँदा आइपरेको समस्या, शिक्षकहरूका सुझाव र बालबालिकाको मागले हामीलाई यस पुस्तक निकाल्न उत्साहित गरेको छ। अत: विद्यालयमा बालअधिकार कार्यक्रम संचालन गर्न यस पुस्तक उपयोगी हुने महसुस गरी अहिलेलाई परीक्षणको रूपमा मात्र यी पुस्तक निकाल्ने जमर्को गरेका छौं। पछि शिक्षकहरूबाट उपयुक्त थप सुझाव आएमा पुन:प्रकाशन गर्दा पुन:परिमार्जन गरिने छ।

यो पुस्तक तयार गर्ने क्रममा हामीले विभिन्न संस्था तथा व्यक्तिका प्रकाशित कृतिहरूलाई समेत सहयोगको रूपमा लिएका छौं। यो सबै कार्यमा सक्रियतापूर्वक जुट्नु भएको बाल कार्यक्रम शाखाकी कविता अर्याल लेखनमा सहयोग पुऱ्याउने देविका तिमिल्सिना, कुन्दन अर्याल, आत्माराम शर्मा, इन्दिरा फुँयाल, सूर्यप्रकाश भट्टराई, प्रेक्षा ओझा तथा विविध प्रकारबाट सहयोग गर्नु हुने गीता मालीलगायत् इन्सेकका सबै मित्रहरूलाई धन्यवाद दिन चाहन्छु।

मानवअधिकार क्षेत्रमा विद्यालयमा बालअधिकारसम्बन्धी चेतना फैलाउने आवश्यक सामग्रीहरू समेटेर प्रस्तुत गरिएको यस पुस्तकलाई अझ उपयोगी बनाउन विद्वान वर्ग एवम् बालअधिकार कार्यकर्ताबाट सुझावहरूको अपेक्षा राख्दछु।

बालअधिकार रक्षार्थ बालबालिकालाई सजग र सचेत बनाउन प्रस्तुत पुस्तक सहयोगी हुने विश्वास लिएको छु।

सुशील प्याकुरेल
अध्यक्ष
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

विषय-सूची

१.	बालबालिका शान्ति क्षेत्र हुन्	१
२.	मानवअधिकार र बालअधिकार	६
३.	बालअधिकारको ऐतिहासिक विकासक्रम	११
४.	संयुक्त राष्ट्रसङ्घीय प्रणाली र बालअधिकार	१४
५.	बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन	२१
६.	बालअधिकारसम्बन्धी राष्ट्रिय कानुन	२६
७.	नेपालमा बालअधिकारको वर्तमान स्थिति	३१
८.	बाल मनोविज्ञान र शिक्षकको दायित्व	३७
९.	बालबालिका र शिक्षाको अधिकार	४०
१०.	बालसमूह	४४

अनुसूचीहरु

१.	मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ (सरलीकृत)	४७
२.	बालअधिकारसम्बन्धी महासन्धिका प्रमुख बुँदाहरू	४८
३.	दक्षिण एशियामा बालबालिकाको हित प्रबर्द्धन गर्ने क्षेत्रीय प्रावधानको निम्ति सार्क महासन्धि (सन् २००२)	५१
४.	बालबालिकासम्बन्धी ऐन, २०४८	५७
५.	बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६	७४
६.	बालबालिकाको मनोविज्ञान र शिक्षकको दायित्व	८४
७.	बालबालिकाप्रति अभिभावक र शिक्षकको दायित्व	९१

बालबालिका शान्ति क्षेत्र हुन्



युद्धरत पक्षहरूले कुनै पनि बहानामा बालबालिकाको हक-हितलाई बेवास्ता गर्ने वा उनीहरूमाथि युद्ध र हिंसा थोपर्ने काम नगरुन् भनेर "बालबालिका शान्तिक्षेत्र हुन्" भन्ने अवधारणाको विकास भएको हो। यो अवधारणा एउटा अभियानको मूल पनि हो; जसको अभीष्ट जस्तोसुकै परिस्थितिमा पनि बालअधिकारको संरक्षण गर्नु हो।

"बालबालिका शान्तिक्षेत्र हुन्" भन्नुको अर्थ सशस्त्र द्वन्द्वका सन्दर्भमा कुनै पनि परिस्थितिमा कुनै पनि पक्षबाट बालबालिकालाई कुनै पनि ढङ्गले प्रयोग नगर्नु, पीडित नबनाउनु तथा पीडित हुनबाट हरसंभव जोगाउनु हो। यस अभियानले बालबालिकालाई सशस्त्र द्वन्द्वसँग सम्बन्धित कुनै पनि क्षेत्रमा नलगाउन, बालबालिका तथा उनीहरूका हित र उपयोगका निम्ति प्रयोग हुने ठाउँ, सेवा, सुविधा आदिलाई आक्रमणको निशाना नबनाउन दबाब दिन्छ। बालबालिकाको हित र उपयोगका निम्ति प्रयोग हुने त्यस्ता ठाउँ वा सेवाको स्वाभाविक सञ्चालनमा अवरोध सिर्जना नगर्न सम्बन्धित पक्षहरूलाई यस अभियानले सचेत पारी रहन्छ। यसका साथै पीडित भइसकेकाहरूको लागि प्राथमिकताका साथ उचित राहत तथा पुनर्स्थापनाको सहयोग उपलब्ध गराउनुजस्ता कार्यलाई पनि यस अवधारणाले समेट्छ।

बालअधिकारका क्षेत्रमा कार्य गर्ने मानवअधिकार रक्षकहरूको कार्य बालबालिकाको

हक-हितसँगै जोडिएको हुन्छ। त्यसैले "बालबालिका शान्तिक्षेत्र हुन्" भन्ने अवधारणाअन्तर्गत बालबालिकाको अधिकारका लागि कार्यरत मानवअधिकार रक्षक एवं मानवअधिकार संघ-संस्थाहरूको गतिविधिमाथि कुनै द्वन्द्वरत पक्षले बाधा नपुऱ्याउनु पनि एउटा अत्यावश्यकीय शर्त हो।

शान्ति सबैका लागि अत्यावश्यक छ। हत्या, हिंसा, युद्ध- विकासका लागि प्रतिकूल हुन्छन्। युद्ध मानवताविरोधी कार्य भएकाले यसले समाजको अहित गर्छ भन्ने तथ्य मानव सभ्यताको इतिहासमा बारम्बार प्रमाणित भइसकेको छ। मानव समाजको विकास एवं खुशीयालीका निमित्त शान्तिको विकल्प छैन। शान्ति बालबालिकाका निमित्त त झन् अपरिहार्य हुन्छ। शान्तिबिना उनीहरूको विकास सहज हुन सक्दैन। उनीहरूका आधारभूत अधिकारको सुनिश्चितता शान्तिबिना सम्भव छैन। अर्थात्, बालबालिकाका लागि न्याय शान्तिमा मात्र सम्भव छ।

सामान्य अवस्थाको तुलनामा द्वन्द्व या युद्धका अवस्थामा बालअधिकारको हनन हुने व्यापक सम्भावना रहन्छ। त्यसैले युद्धकालमा बालबालिकाको अधिकारको रक्षा गर्नु चुनौतीपूर्ण कार्य हो। तर यो अत्यावश्यक छ। कतिपय अवस्थामा युद्ध रोक्न नसकिने भए तापनि त्यसका कारणले बालबालिकामा पर्ने प्रत्यक्ष/अप्रत्यक्ष असरलाई भने रोक्नै पर्छ। अर्को शब्दमा भन्नु पर्दा, युद्ध हुँदै नहुनु वा हुन नदिनु राम्रो हो; भइहालेमा पनि बालबालिकाको संरक्षण भने गर्नै पर्छ।

बालबालिका शारिरीक, मानसिक दुवै तवरले सुकोमल हुन्छन्। उनीहरू आफ्नो स्याहार र सुरक्षा आफैं गर्न सक्दैनन्। सानो भन्दा सानो घटना-दुर्घटनाले पनि उनीहरूमाथि वयस्कहरूको तुलनामा बढी गम्भीर असर पार्छ। त्यसैले सामान्य अवस्थामा पनि बालबालिकाको उचित स्याहार र सुरक्षा अरुकै कर्तव्यका रूपमा रहेको हुन्छ। हिंसात्मक युद्ध चर्केको समय त बालबालिकाहरूको लागि अझ पीडादायी हुने गर्दछ। घर-परिवार, समुदाय वा देशमा कुनै प्रकारको हिंसा वा सशस्त्र सङ्घर्ष हुन गयो भने त्यसको सबै भन्दा ठूलो असर बालबालिकालाई नै पर्छ। यसबाट उनीहरूलाई बचाउन "बालबालिका शान्तिक्षेत्र हुन्" भन्ने अवधारणा सबैले स्वीकार गर्नु जरुरी छ।

बालबालिकालाई हिंसाबाट जोगाउन सकिएन भने सिङ्गो मानव समाजको भविष्य अन्धकार हुन्छ। आजका साना बालबालिका भोलीका कर्णधार हुन् भन्ने भनाइ त्यसै प्रचलित भएको होइन। वास्तवमा उनीहरूको भविष्यसँग देशको भविष्य जोडिएको छ भन्ने तथ्यलाई सदैव ख्याल राख्नु पर्छ। बालबालिकामाथि प्रतिकूल प्रभाव परेमा त्यसको असर दूरगामी हुन्छ। उनीहरूलाई उपयुक्त वातावरणमा हुर्काउन सकिएमा मात्र भोली उनीहरू देश विकासका मेरुदण्ड बन्न सक्छन्। तसर्थ देशको भविष्य उज्ज्वल बनाउन बालबालिकाको भविष्य उज्ज्वल नबनाई हुँदैन।

विचारणीय कुरा छ, जब उनीहरूको वर्तमान नै सुरक्षित छैन भने भविष्य कसरी उज्ज्वल होला ? वास्तवमा बालबालिकाको भविष्य उज्ज्वल बनाउने हो भने सर्वप्रथमत: उनीहरूको वर्तमान सुरक्षित हुनु पर्छ। अनि बालबालिकाको वर्तमान सुरक्षित बनाउने भन्नुको अर्थ उनीहरूको

अधिकारको सुरक्षा हो। उनीहरूको अधिकारको सुरक्षा शान्तिबिना असम्भव भएकाले बालबालिकालाई शान्तिक्षेत्रका रूपमा ग्रहण गरिनु पर्ने अपरिहार्यता रहेको हो।

शान्ति बालबालिकाको नैसर्गिक अधिकार हो; त्यसैले जस्तोसुकै सङ्कटको बेलामा पनि यसको सुनिश्चितता हुनु पर्छ। सामान्य अवस्थामा भन्दा युद्धकालमा उनीहरूको अधिकार हनन हुने अवस्था प्रबल रहन्छ। त्यसैले बालअधिकारको संरक्षण गर्नु पर्ने दायित्व भएका जिम्मेवार पक्षहरूको भूमिका यस्तो बेलामा झन् महत्वपूर्ण हुन्छ। शान्ति बालबालिकाका लागि अपरिहार्य एवं आधारभूत अधिकार भएकाले युद्धकालमा पनि उनीहरूलाई युद्धबाट कसरी जोगाउने भन्ने विषयमा जिम्मेवार पक्षहरू क्रियाशील हुनै पर्छ।

बालबालिकालाई शान्तिपूर्ण वातावरणमा हुर्काउनमा समाज, समुदाय, परिवार सबैको भूमिका महत्वपूर्ण हुन्छ। बालबालिकाको सरोकार, रेखदेख एउटा घर-परिवार र समूहले मात्र गर्न सक्दैन। किनभने समाज शान्तिपूर्ण बनाइराख्नु कुनै एक पक्षको बुताले मात्र भ्याउने कुरा होइन। खासगरी सशस्त्र द्वन्द्वको सन्दर्भमा कुरा गर्ने हो भने द्वन्द्वरत दुबै पक्ष बालबालिकालाई शान्तिक्षेत्रका रूपमा मान्न सहमत नभएसम्म शान्तिमा बाँच्न पाउने बालबालिकाको नैसर्गिक अधिकारले मूर्त रूप लिन सक्दैन।

बालबालिकामा आफ्नो अधिकार के कति हो भन्ने ज्ञान र स्वयम् उपभोग गर्ने सामर्थ्य हुँदैन। बालबालिका आफ्ना अधिकारका लागि स्वयं लड्न असमर्थ हुने भएकाले पनि समाजमा बालअधिकारको प्रत्याभूति सजिलो छैन। त्यसैले बालअधिकारको सन्दर्भमा राज्य, समाज, समुदाय, परिवार आदिको भूमिका जहिले पनि अहम् रहेको हुन्छ। बालबालिका तथा उनीहरूको हित र उपयोगका निम्ति प्रयोग हुने ठाउँ, सेवा, सुविधा आदिलाई शान्तिको छत्रछायामा राख्नु सिङ्गो समाज एवं राज्यको कर्तव्य हो। बालबालिकाका अधिकारको संरक्षण गर्ने दायित्वबाट जिम्मेवार पक्षहरू विमुख नहोऊन् भनी सचेतकको भूमिका मानवअधिकार रक्षकहरूले निर्वाह गर्नु पर्ने हुन्छ।

राज्य, समाज, समुदाय, परिवार तथा मानवअधिकार रक्षक मात्र होइन, द्वन्द्वरत पक्षहरूसमेतको सकारात्मक भूमिकाले मात्र बालबालिका शान्तिक्षेत्रका रूपमा रहन सक्छन्। विद्यालयहरूलाई शान्तिक्षेत्रको रूपमा मान्यता दिइनु पर्ने, बालबालिकालाई युद्धबाट पृथक् राखिनु पर्ने तथा उनीहरूमाथि युद्धको असर परि नै हाल्यो भने पनि राहत तथा पुनर्स्थापनामा विशेष ध्यान पुऱ्याउनु पर्ने मागहरू "बालबालिका शान्तिक्षेत्र हुन्" भन्ने अवधारणालाई सुदृढ बनाउन उठेका हुन्।

नेपालमा "बालबालिका शान्तिक्षेत्र हुन्" भन्ने अभियानको पृष्ठभूमिका रूपमा हामी सन् २००१ तिर सेभ द चिल्ड्रेन नर्वे- नेपाल कार्यक्रमले अगाडि सारेको "विद्यालय शान्तिक्षेत्र हो" भन्ने अवधारणालाई लिन सक्छौं। यसैको अनुकरण गर्दै सन् २००२ मा केही संस्थाहरूले "बालबालिका शान्तिक्षेत्र हुन्" भन्ने पैरवी अभियानलाई अगाडि बढाए। बालबालिकालाई शान्तिक्षेत्रका रूपमा

घोषणा गर्न सन् २००३ मा चारओटा प्रमुख राजनीतिक दलहरू- नेकपा (एमाले), नेपाली कांग्रेस, नेपाली कांग्रेस प्रजातान्त्रिक र राष्ट्रिय प्रजातन्त्र पार्टी सहमत भए। यसै क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको संलग्नतामा *बालबालिका शान्तिक्षेत्र- राष्ट्रिय अभियानको* थालनी भयो। यो राष्ट्रिय अभियानमा बालबालिकाका साथमा उनीहरूका लागि प्रत्यक्ष रूपमा काम गर्दै आएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी, मानवअधिकार तथा मानवतावादी संस्था, नागरिक समाज, आयोग तथा महासंघ, संयुक्त राष्ट्र संघीय निकाय तथा बालबालिकाका संस्था वा क्लबहरू समेतको सहभागिता रहेको छ। यसबाट स्पष्ट हुन्छ, यो अभियान आज साझा अभियान बनिसकेको छ।

"बालबालिका शान्तिक्षेत्र- राष्ट्रिय अभियान" ले गर्ने कामहरू

- "बालबालिका शान्तिक्षेत्र हुन्" भन्ने अभियानलाई हरेक तहमा सबै माध्यमबाट प्रबर्द्धन गर्नु।
- बालबालिकामाथि सशस्त्र द्वन्द्वको प्रभावबारे सहकर्मीहरूको सञ्जालमार्फत् सूचना तथा जानकारी संग्रह गर्नु।
- राष्ट्रिय अभियानका गतिविधिसम्बन्धी प्रकाशन तयार पारी वितरण गर्नु, तथा सशस्त्र द्वन्द्व प्रभावित बालबालिकासम्बन्धी कार्यरत संस्थाहरूको सूची बनाउनु।
- सशस्त्र द्वन्द्वमा संलग्न पक्षहरूसमक्ष मानवअधिकार सम्झौता तथा आचारसंहिताका लागि पैरवी गर्नु।
- बालबालिकाको पर्याप्त संरक्षण भइरहेको छ/छैन तथा द्वन्द्वरत पक्षहरूले आचार संहिता पालना गरिरहेका छन्/छैनन् भन्ने हेर्न मानवअधिकार सुपरिवेक्षकहरूको क्षमता अभिवृद्धि गर्नु।
- राष्ट्रिय मानवअधिकार आयोगमा बालअधिकारका लागि सम्पर्क केन्द्र/समाधिक्षकको दरबन्दी सिर्जना गरी कार्य गर्नका लागि पैरवी गर्नु।

मानवीय सेवामा पहुँच

- शैक्षिक सामग्रीजस्ता आधारभूत सामग्रीको निर्बाध आपूर्ति सहज बनाउन पैरवी गर्ने।
- सशस्त्र द्वन्द्व प्रभावित क्षेत्रमा विकास कार्यकर्ता तथा संस्थाहरूको निर्बाध उपस्थितिका निम्ति पैरवी गर्ने।

आन्तरिक रूपमा विस्थापित बालबालिका

- बालबालिकालाई उनीहरूको परिवारसहित उद्धार गर्न र पछि सम्भव भएसम्म उनीहरूलाई उनीहरूकै मूलथलोमा पुन:स्थापित गर्न जोड दिने।
- आन्तरिक रूपमा विस्थापित बालबालिकाको पढाइमा सम्भव भएसम्म छिटो औपचारिक वा अनौपचारिक कार्यक्रमबाट भए पनि निरन्तरता दिने।

- विस्थापित बालबालिकालाई उनीहरूका परिवारसँग पुन: एकीकरण गराउनका लागि परिवार खोजबिन कार्यलाई सुदृढ गर्ने।

स्वास्थ्य

- विशेषगरी बालबालिका, गर्भावस्थाका तथा स्तनपान गराइरहेका आमाहरूका लागि आधारभूत प्रतिरोधात्मक तथा उपचारात्मक स्वास्थ्य स्याहार सेवा प्रबर्द्धन गर्ने।
- खोप दिवसजस्ता अवसरहरूमा हतियार बिसाई सेवा प्रदान गर्न शान्ति दिवस घोषणा गर्न द्वन्द्वमा संलग्न पक्षहरू समक्ष पैरवी गर्ने।

शिक्षा

- मानवीय सहयोगको अभिन्न अङ्गका रूपमा शिक्षालाई प्रबर्द्धन गर्ने।
- शिक्षकहरूका लागि "शिक्षा आचार संहिता" तयार गर्न तथा त्यसलाई लागू गराउनका लागि सम्बन्धित सहकर्मीहरूसँग आग्रह गर्ने।
- "शान्ति शिक्षा" प्रारम्भ तथा प्रबर्द्धन गर्ने।
- अभिभावक गुमाएका बालबालिकाका लागि नि:शुल्क शिक्षा उपलब्ध गराउन पैरवी गर्ने।

मनोसामाजिक उपचार तथा सामाजिक पुन:एकीकरण

- सशस्त्र द्वन्द्वमा परेका तथा आन्तरिक रूपमा विस्थापित भएका बालबालिकालाई उनीहरूकै समुदायमा पुन:एकीकरण गर्ने कार्यलाई प्रबर्द्धन गर्ने, सङ्कटमा परेका बालबालिकाका लागि मनोसामाजिक सेवाको प्रबर्द्धन गर्ने।

सशस्त्र द्वन्द्वको क्रियाकलापमा संलग्न बालबालिका

- सशस्त्र द्वन्द्व या यससम्बन्धी कार्यका लागि १८ वर्ष भन्दा मुनिका बालबालिकालाई भर्ती गरे/नगरेको अनुगमन गरी उनीहरूको उद्धार तथा पुनर्स्थापनाका लागि पैरवी गर्ने।

क्षमता विकास

- द्वन्द्व प्रभावित बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था तथा यस अभियानका सदस्यहरूको क्षमता विकासका कार्यहरू गर्ने।
- द्वन्द्वमा संलग्न पक्षहरूलाई बालअधिकारसम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय मानवीय कानूनहरू तथा द्वन्द्व समाधानसम्बन्धी सवालहरूबारे चेतनशील बनाउने।

जमिनमा गाडिएका विष्फोटक पदार्थ तथा विष्फोट नभएका युद्ध सामग्री

- द्वन्द्वमा संलग्न दुवै पक्षलाई विष्फोटक पदार्थ बिछ्याइएका क्षेत्रमा चिह्न लगाउन तथा सफा गराउन पैरवी गर्ने। ❐

मानवअधिकार र बालअधिकार

मानवअधिकार शब्दावली "मानव" र "अधिकार" दुई शब्दहरू मिलेर बनेको छ। मानिस भएर यो धर्तीमा जन्म लिएपछि नमरुञ्जेलसम्म उसले जीवन यापनका क्रममा पाउनु पर्ने सबै नैसर्गिक अधिकारहरू मानवअधिकार भित्र पर्छन्। मानवअधिकार मानिसको जन्मसिद्ध अधिकार हो। मानव भएको आधारमा कुनै पनि व्यक्ति वा समूहमा अन्तरनिहीत अधिकारहरूको समष्टी नै मानवअधिकार हो।

मानवअधिकारअन्तर्गत के, कस्ता र कति अधिकारहरू प्राप्त हुनु पर्ने हो भन्ने बारेमा कुनै निश्चित सूत्र वा ढाँचा छैन। मानव सभ्यता जति जति उच्चतातर्फ अघि बढ्छ उति उति मानवअधिकारको क्षेत्र पनि व्यापक एवम् सुदृढ हुँदै जान्छन्। मानवअधिकार भन्ने अवधारणाको विकास मानव सभ्यताको विकास सँगसँगै अगाडि बढेको देखिन्छ। यसको आधुनिक अवधारणा भने संयुक्त राष्ट्रसङ्घको स्थापनासँगै विकास भएको हो। त्यस यता मानवअधिकारको प्रत्याभूति अन्तर्राष्ट्रिय कानूनद्वारा हुने गरेको छ। तसर्थ मानवअधिकार भन्नाले त्यस्ता अधिकारहरूलाई जनाउँछ, जुन अधिकारहरू सम्पूर्ण विश्वको मानव समुदायका प्रत्येक सदस्यमा निहित छन् भनी अन्तर्राष्ट्रिय कानूनद्वारा निर्धारण गरिएको हुन्छ।

दोस्रो विश्वयुद्धमा ठूलो धन-जनको क्षति र नरसंहारकारी घटनाको चपेटामा परी त्रसित भएका विश्वका मानवसमुदायले भविष्यमा त्यस्ता घटनाहरू दोहोरिन नपाऊन् भनेर विश्व शान्ति, स्थायित्व र मानवअधिकारको संरक्षणको लागि एउटा सशक्त विश्वव्यापी संगठनको आवश्यकता महसुस गरे। फलस्वरूप सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भयो। विश्वभरिका सबै मानवले उपभोग गर्न पाउने गरी विभिन्न अधिकारहरूलाई समेटेर मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights) संयुक्त राष्ट्रसङ्घको सधारणसभाले सन् १९४८ डिसेम्बर १० मा जारी गऱ्यो। मानिसका जन्मजात र जीवन यापनका निम्ति आवश्यक अधिकारहरूको प्रत्याभूति हुन नसकेसम्म विश्वमा शान्ति कायम रहन सक्दैन भन्ने अवधारणालाई प्रस्तावनामा समेटेर उक्त घोषणापत्र जारी गरिएको थियो। त्यसपछि घोषणा पत्रमा उल्लेखित प्रत्येक अधिकारसम्बन्धी विस्तृत सन्धि, अभिसन्धिहरू जारी गरिदै गए। मानवअधिकारको अवधारणालाई व्यावहारिक स्वरूप प्रदान गर्नमा अन्तर्राष्ट्रिय कानूनहरूको महत्वपूर्ण भूमिका रहिआएको छ।

मानवअधिकार भित्र विभिन्न किसिमका अधिकारहरू पर्दछन्। तिनीहरूका बारेमा तल छोटकरीमा चर्चा गरिएको छ।

नागरिक तथा राजनीतिक अधिकार

हामीले मानवअधिकारको कुरा गर्दा नागरिक तथा राजनीतिक अधिकारको बढी चर्चा भएको सुन्ने गरेका छौं। नागरिक तथा राजनीतिक अधिकार भन्नाले राष्ट्रको एक असल नागरिक भएर सम्मानपूर्वक उपभोग गर्न पाउने अधिकारहरू पर्छन्। चुनावमा उठ्न पाउने, भोट हाल्न पाउने, कुनै पनि विचारमाथि आस्था राख्न पाउने, कुनै पनि मतको विरोध गर्न पाउने, पार्टी या संघ-संस्था खोल्न पाउने, सभा सम्मेलन गर्न पाउने, बोलेर वा छापेर आफ्नो मतको प्रचार गर्न पाउने, छिटो-छरितो र सस्तो न्याय पाउने, आन्दोलन गर्न पाउने आदि सबै मानिसका नागरिक तथा राजनीतिक अधिकारहरू हुन्। कसैलाई पनि जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक आस्था आदिका आधारमा भेदभाव गरिनु हुँदैन। साथै आफूलाई मन लागेको धर्म मान्न पाउने अधिकार र आफूले चाहेको मत वा सम्प्रदायमा संलग्न हुन पाउने अधिकारहरू पनि नागरिक अधिकार भित्रै पर्छन्।

आर्थिक अधिकार

जनताको आर्थिक अधिकारअन्तर्गत गाँस-बासको अधिकार पर्छ। जीवन गुजाराको लागि रोजगारीको व्यवस्था हुनु, बिरामी हुँदा स्वास्थ्य उपचार गर्न पाउनु, उचित ज्याला पाउनु, समान कामका लागि महिला र पुरुषमा भेदभाव नगरिनु आदि सबै आर्थिक अधिकार भित्र पर्छन्। प्रत्येक मानिसले सम्पत्तिको हक पाउनु पर्छ। प्रत्येक व्यक्तिलाई एक्लै वा अरुसँग मिलेर सम्पत्ति राख्ने अधिकार हुन्छ। कुनै व्यक्तिको सम्पत्ति मनोमानी ढंगले अपहरण गर्न पाइँदैन। राष्ट्रको सम्पत्तिको उपभोग गर्न पाउनु, ट्रेड यूनियन खोल्न र त्यसमा सामेल हुन पाउनु पनि आर्थिक अधिकार भित्र पर्ने कुरा हुन्।

सामाजिक अधिकार

सामाजिक अधिकार भन्नाले कुनै पनि व्यक्तिले समाजप्रति असल नागरिक भएर गर्नु पर्ने सामाजिक दायित्वहरू र पाउनु पर्ने सामाजिक प्रतिष्ठाहरू पर्छन्। यसअन्तर्गत उसलाई स्वनिर्णयको अधिकार हुन्छ। उसले स्वतन्त्रतापूर्वक आफ्ना क्रियाकलापहरूलाई अगाडि बढाउन पाउनु पर्छ। प्रत्येक व्यक्तिले शिक्षा आर्जन गर्न पाउनु, समाजमा जातिय समानता पाउनु, सुविधाको उपभोग गर्न पाउनु, व्यक्तित्व विकासको अवसर पाउनु, स्वास्थ्य सुरक्षा, विरामी सुविधा, प्रसुति सेवा, बाँच्नका लागि चाहिने आधारहरू, काम गर्दा घाइते भएको अवस्थामा पाउनु पर्ने सुविधा जस्ता सामाजिक सुरक्षाहरू पाउनु सबै सामाजिक अधिकारभित्र पर्ने कुराहरू हुन्। विवाह योग्य उमेर पुगेका केटा-केटीलाई उनीहरूको मञ्जुरीमा विवाह गर्ने तथा परिवार सञ्चालन गर्ने अधिकार हुन्छ। यस्तै बालबालिकाको सुरक्षा हुनु पर्ने, नारी र पुरुष समान हुनु पर्ने जस्ता कुराहरु पनि सामाजिक अधिकार भित्रै पर्छन्।

सांस्कृतिक अधिकार

सांस्कृतिक अधिकार भन्नाले सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार हो। प्रत्येक व्यक्ति तथा समुदायले आ-आफ्नो परम्परा, रितिथिति, चालचलन अनुसार विभिन्न संस्कारहरू गर्न, विवाह, व्रतबन्ध, आफन्तको मृत्यु पछिको काजकृया आदि गर्न पाउने, जातीय परम्परा अनुसारको संस्कार गर्न पाउने, आफ्नो संस्कृतिअनुरूप भेषभुषा ग्रहण गर्न पाउने आदि अधिकारहरू साँस्कृतिक अधिकारहरू हुन्। साथै प्रत्येक व्यक्तिलाई स्वतन्त्रतापूर्वक समुदायको सांस्कृतिक जीवनमा भाग लिने, कलाको आनन्द लिने तथा विज्ञानको क्षेत्रमा भएको प्रगति र त्यसबाट भएको फाइदामा सहभागी हुने अधिकार छ। प्रत्येक व्यक्तिलाई उसले रचना गरेको कुनै वैज्ञानिक, साहित्यिक अथवा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक तथा भौतिक लाभको संरक्षणको अधिकार पनि छ। त्यस्तै आफूलाई मन लागेको धर्म मान्न पाउने अधिकार र आफूले चाहेको मत वा सम्प्रदायमा संलग्न हुन पाउने अधिकार पनि यसअन्तर्गत समेटिएका छन्।

नागरिक तथा राजनीतिक अधिकार, आर्थिक अधिकार, सामाजिक अधिकार तथा सांस्कृतिक अधिकार, सबै अधिकार मानिसका लागि अपरिहार्य छन्। मानिसले सम्मानपूर्वक बाँच्नका लागि यी सबै अधिकारहरू पाउनु पर्छ। यीमध्ये कुनै पनि अधिकारको कटौति गरिनु हुँदैन।

विश्वको जुनसुकै कुनाका, जुनसुकै जाति वा वर्गका, जुनसुकै धर्म मान्ने मानिसहरूले मानवअधिकारहरुको समान रुपमा उपभोग गर्न पाउनु पर्छ। मानिस सबै बराबरी हुन्छन्। कसैलाई पनि जातजातिका आधारमा, ठूलो मान्छे/सानो मान्छे, उँच/नीच, कालो/गोरो, लोग्नेमान्छे/स्वास्नीमान्छे आदिका आधारमा भेदभाव गर्नु हुँदैन।

हामीले हाम्रा अधिकारहरूको माग गर्दा आफ्ना कर्तव्य र दायित्वहरूका वारेमा पनि सजग हुनु पर्छ। हामीले हाम्रो अधिकारको प्रयोग गर्दा अरुको अधिकारको पनि ख्याल गर्नु पर्छ। आफ्ना अधिकारको प्रयोग गर्दा अरुका अधिकारको उल्लङ्घन नहोस् भन्ने कुरामा विचार पुऱ्याउनै पर्छ।

बालअधिकार मानवअधिकारअन्तर्गत पर्ने विशेष किसिमका अधिकार हो। यी बालबालिका समूहविशेषका लागि लक्ष्य गरिएका अधिकारहरू हुन्। मानवअधिकारको बृहद् अवधारणालाई बालबालिकाका सन्दर्भमा अझै सुस्पष्ट तवरले प्रत्याभूत गर्न सकियोस् भन्ने उद्देश्यले बालअधिकारको अवधारणाको विकास भएको हो। बालबालिकाले उमेर तथा शारीरिक/मानसिक अपरिपक्वताका कारण विभिन्न अधिकारबाट वञ्चित हुन नपरोस् भनेर संयुक्त राष्ट्रसङ्घबाट बालअधिकार महासन्धि समेत पारित गरिएको छ।

बालबालिकाको भविष्यसँग राष्ट्रको भविष्य जोडिएको हुन्छ। आज बालबालिकालाई संरक्षण गर्न सकिएन भने भोलि देशको मेरुदण्ड कमजोर हुने निश्चित छ। समाजको भविष्य उज्ज्वल बनाउन बालबालिकाको भविष्य उज्ज्वल नबनाई सम्भव छैन। वास्तवमा शान्तिपूर्ण समाजमा उचित प्रबन्ध

सहित हुर्किएका बालबालिका नै भोलीका सक्षम कर्णधार बन्न सुयोग्य हुन्छन्। यसरी बालबालिकासँग समाजको भविष्य समेत गाँसिएको हुनाले नै उनीहरूका अधिकारका बारेमा विशेष सरोकार राख्नु परेको हो।

बालक जन्मेपछि बाँच्न पाउने र आफ्नो विकास गर्न पाउने जन्मसिद्ध अधिकारहरू नै बालअधिकार हुन्। बालबालिकाका अधिकारलाई सरल किसिमले बुझ्न संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धिमा व्यवस्था गरिएअनुरूप यिनलाई चार भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ। ती हुन्–

(क) बाल बचावटको अधिकार

(ख) बाल संरक्षणको अधिकार

(ग) बाल विकासको अधिकार

(घ) बाल सहभागिताको अधिकार



बाल बचावटको अधिकार

बालक जन्मेपछि बाँच्नको लागि नभई नहुने आधारभूत अधिकारलाई बाल बचावटको अधिकार भनिन्छ। जस्तै: सबै बालबालिकाले खान, बस्न र लाउन पाउनु पर्छ। बालक जन्मेपछि विभिन्न रोगहरूबाट बच्न पोलियो, डिपीटी जस्ता विभिन्न किसिमका खोपहरू लगाउन पाउनु पर्छ।

बाल संरक्षणको अधिकार

कानूनले परिभाषा गरेर प्रदान गरिने अधिकारलाई बाल संरक्षणको अधिकार भनिन्छ। यस्ता अधिकारभित्र १४ वर्ष भन्दा मुनिका बालबालिकालाई काममा लगाउन नपाइने, प्रावधान पनि पर्दछ। बालबालिकालाई कामको लागि न्यूनतम उमेर, समय, अवधि र स्वस्थ वातावरण लगायत् रोजगारीका आवश्यक शर्तहरू तय गर्ने काम .पनि यसैअन्तर्गत

पर्दछन्। अपहरण, यौन शोषण, देहव्यापार, लागू पदार्थको सेवन, यातना, मृत्युदण्ड, आजीवन कारावास आदि विरुद्ध बालबालिकाले संरक्षण पाउनु पनि यसै अधिकारभित्र पर्छन्।

बाल विकासको अधिकार

बालबालिकालाई जन्मेपछि आफ्नो शारीरिक तथा मानसिक विकास गर्नको लागि आवश्यक पर्ने अधिकार बाल विकासको अधिकारअन्तर्गत पर्दछ। यसअन्तर्गत शिक्षा, खेलकूद, मनोरन्जन, सरसफाइ आदि विषयमा सबै बालबालिकाले समान अवसर पाउनु पर्छ।

बाल सहभागिताको अधिकार

बालबालिकाका निम्ति उनीहरूको बुद्धि, विवेक, क्षमता र उमेरअनुसारको आफ्नो विकासका लागि सहभागी हुन आवश्यक पर्ने अधिकारलाई बाल सहभागिताको अधिकार भनिन्छ। यसअन्तर्गत उनीहरूले आफ्नो विचार अभिव्यक्त गर्न, धार्मिक तथा सांस्कृतिक गतिविधिमा भाग लिन, सूचनाहरूको प्रकाशन गर्न र संघ-संस्था आदि खोल्न पाउनु पर्छ।

❐

तीन

बालअधिकारको ऐतिहासिक विकासक्रम

युद्ध आफैंमा अमानवीय कुरा भए तापनि मानव जातिले अनेकौं युद्धहरू लडिसकेको छ। युद्धहरू स्वभावैले विनाशकारी हुन्छन्। त्यसो त युद्धको असर समाजका सबै अङ्गहरूमा पर्छ तापनि बालबालिकामाथि यसले पार्ने प्रभाव बढी हुन्छ। सन् १९१४ देखि १९१८ सम्म भएको प्रथम विश्वयुद्ध पनि यसबाट अपवाद रहेन। त्यस विश्वयुद्धमा ठूलो धन-जनको क्षति त भयो नै, असंख्य बालबालिका अपाङ्ग र अनाथ भए। युद्धग्रस्त क्षेत्रमा लाखौं बालबालिका भोका र नाङ्गा ब्रन्न पुगें।

त्यस अवस्थामा पीडित बालबालिकाका दु:खले बेलायतकी महिला फोटोग्राफर एग्लान्टाइन जेवलाई अत्यन्त दु:खी तुल्यायो। उनले युद्धग्रस्त क्षेत्रका नाङ्गा केटाकेटीको फोटोको निकै प्रचार प्रसार गरिन्। त्यति बेलाको बेलायती समाजमा केटीहरूले कुर्कुच्चा देखाउनुसमेत अपराध मानिन्थ्यो। त्यस्तो समाजमा नाङ्गा फोटो खिचेकोमा जेवको विरोध हुनु अस्वाभाविक थिएन। अझ नाङ्गा फोटो प्रचार गरेको "अपराध" मा उनलाई जेल सजाय समेत दिइयो। तर जेवले युद्धविरोधी आफ्नो

सन् १९२३ मा जेबद्वारा तयार गरिएका बालअधिकारसम्बन्धी
सातवटा सन्देशहरू

१. कुनै पनि जातजाति, वर्ण, धर्मका घेरा पार गरेर बालबालिकाको संरक्षण गर्नु पर्छ।

२. परिवारलाई उचित सम्मान दिंदै परिवार भित्रका बालबालिकालाई उचित स्याहार सुसार पुऱ्याउनु पर्छ।

३. नैतिक, आध्यात्मिक, शारीरिक, मानसिक र वस्तुगत आधारमा उचित तथा सम्पूर्ण विकासका लागि बालबालिकाले सबै सुविधाहरू पाउनु पर्छ।

४. सामाजिक सेवाबाट बालबालिकाले पूर्ण लाभ पाउनु पर्छ। उचित समयमा आफ्नो जीवन धान्नको लागि कमाउन सक्ने गरी उचित तालिम समयमै पाउनुपर्छ र हरेक किसिमको शोषणबाट सरक्षण पाउनु पर्छ।

५. बालबालिकालाई उनीहरूको प्रतिभा मानव सेवामा समर्पित होस् भन्ने अभिप्रायका साथ समझदारीमा हुर्काउनु पर्छ

६. भोको बच्चाले खान पाउनुपर्छ; बिरामी बच्चाले स्याहार, उपचार पाउनुपर्छ; मानसिक र शारीरिक रूपले अपाङ्ग, अशक्त भएका बालबालिकाले उचित तालिम तथा शिक्षा पाउनु पर्छ र अनाथ, परिवार विहीन बालबालिकाले आश्रय पाउनु पर्छ।

७. दुःख, सङ्कट, प्रकोप परेको बेलामा सबभन्दा पहिले बालबालिकाले उद्धार कार्यको सेवा पाउनु पर्छ।

सोचलाई अझ अगाडि बढाइ रहिन्।

जेलमा रहेकै अवस्थामा जेवले "सबै युद्धहरू बालबालिका र महिला विरुद्धको युद्ध हुन्" भन्ने आवाज उठाइन्। जेलबाटै सन् १९२१ मा उनले बालअधिकार घोषणा पत्रको मस्यौदा तयार पारिन्। साथै उनले "सेभ दि चिल्ड्रन फन्ड युके" को स्थापना गरी बाल बचाउ अभियानको शुरुवात गरिन्। सन् १९२१ को बालअधिकार घोषणाको मस्यौदालाई १९२४ को जेनेभा घोषणापत्रमा समावेश गरिएपछि बालअधिकारको अवधारणालाई अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त भयो।

सन् १९३९ देखि सुरु भएको दोस्रो विश्वयुद्ध पनि कम विनाशकारी रहेन। बरु युद्ध प्रयोजनका लागि आविस्कार भएका नयाँ नयाँ प्रविधिले युद्धलाई झन् त्रासद् बनाए। अघिल्लो विश्वयुद्धमा झैं यस युद्धको क्रममा पनि ठूलो धन-जनको क्षति भयो र युद्धसँग कुनै प्रत्यक्ष सरोकार नहुँदा नहुँदै पनि लाखौं बालबालिका पनि त्यसबाट पीडित हुन पुगे। दोस्रो विश्वयुद्धको अन्त्यसँगै मानव समुदायलाई भविष्यमा स्थायी शान्तिका लागि कुनै एउटा शक्तिशाली संयन्त्र चाहिने सोच अझ टड्कारोसँग उठ्यो र संयुक्त राष्ट्रसङ्घको जन्म भयो।

मानवअधिकारको अवधारणाको विकासमा संयुक्त राष्ट्रसङ्घको अहम् भूमिका रहेको छ।

यसै विश्वसंस्थाद्वारा सन् १९४८ डिसेम्बर १० मा मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्र जारी भयो। उक्त घोषणापत्रमा सबै मानिसको अधिकारको बारेमा उल्लेख गरियो। त्यसलाई मानवअधिकारहरूको दार्शनिक आधारलाई आधिकारिकता प्रदान गर्ने महान् दस्तावेज मान्नु पर्छ। तथापि बालबालिकाको विशेष संरक्षण र सुरक्षाको सन्दर्भमा यसलाई पर्याप्त ठानिएन र मानवअधिकारको बृहद् अवधारणालाई बालबालिकाका सन्दर्भमा अझै सुस्पष्ट तवरले प्रत्याभूत गर्न बालअधिकारमै केन्द्रित प्रावधान अगाडि सार्नु पर्ने आवश्यकता महसुस भयो।

यस क्रममा सन् १९५९ मा संयुक्त राष्ट्रसङ्घले बालबालिकाको उच्चतम हितलाई ध्यान दिंदै एक घोषणापत्र जारी गऱ्यो। सन् १९५९ देखि सन् १९७९ सम्मको २० वर्षे अन्तरालसम्म यो "घोषणापत्र" को रूपमा मात्र रह्यो र बालअधिकारका प्रावधानलाई लागू गर्ने पर्ने बाध्यात्मक स्थिति भएन। बालबालिकाको अधिकारप्रति संयुक्त राष्ट्रसङ्घको संवेदनशीलता भने बढिरहेकै थियो। जसको फलस्वरूप सन् १९७९ लाई संयुक्त राष्ट्रसङ्घले बालवर्षको रूपमा मनाउने घोषणा गऱ्यो।

अन्तर्राष्ट्रिय बालवर्षलाई सन्दर्भ पारेर पोल्याण्ड सरकार बालअधिकार महासन्धिको मस्यौदा बनाउन सफल रह्यो। त्यो मस्यौदामाथि दश वर्षसम्म छलफल भयो र यसलाई परिमार्जन गर्दै सन् १९८९ नोभेम्बर २० को दिन संयुक्त राष्ट्रसङ्घको महासभाले बालअधिकार महासन्धि पारित गऱ्यो। महासन्धिलाई २० ओटा राष्ट्रले अनुमोदन गरेपछि अन्तर्राष्ट्रिय कानूनको रूपमा मान्नु पर्ने व्यवस्था भयो। यो महासन्धिलाई सन् २००० सम्ममा विश्वका सम्पूर्ण राष्ट्रद्वारा अनुमोदन गराउने लक्ष्य राखिएको थियो। हालसम्म १७८ मुलुकले बालअधिकार महासन्धिलाई अनुमोदन गरिसकेका छन्। नेपालले पनि सन् १९९० सेप्टेम्बर १४ मा महासन्धिमा हस्ताक्षर गरी यसको कार्यान्वयन गर्ने दायित्व बोकेको छ। त्यसैको परिणामस्वरूप नेपालमा "बालबालिकासम्बन्धी ऐन २०४८" बालबालिकाको अधिकारका सन्दर्भमा पहिलो खुड्किलो बन्न पुगेको छ।

यसरी एक व्यक्तिले युद्धको विभिषिकाबाट प्रताडित बालबालिकाको दुःखबाट प्रभावित भई उठाएको आन्दोलन विश्वव्यापी बन्यो। एग्लान्टाइन जेवद्वारा शुरु गरिएको अभियान अघि बढ्दै गई विश्वमा २४ बाल बचाऊ संस्थाहरूको स्थापना भइसकेको छ। जेवको अभियानको सबै भन्दा ठूलो उपलब्धिका रूपमा बालअधिकारको अवधारणाले समयक्रममा एउटा महासन्धिको रूप लिन पुग्यो। यसलाई अनुमोदन गर्ने प्रत्येक राष्ट्रले महासन्धिमा भएका प्रावधानलाई राष्ट्रिय कानूनमा समावेश गर्नु पर्ने प्रावधान रहेको छ। महासन्धिमा मान्यता दिइएका अधिकारहरूबाट बालबालिकालाई वञ्चित हुन नदिन आमा-बाबु वा अन्य कानूनी अभिभावकलाई दायित्वबोध गराउँदै उचित कदम चाल्नु पर्ने राज्य पक्षको जिम्मेवारी रहेको छ।

❐

संयुक्त राष्ट्रसङ्घीय प्रणाली र बालअधिकार

संयुक्त राष्ट्रसङ्घ विश्वका राष्ट्रहरूको साझा संगठन हो। संसारका सबैजसो देश यसका सदस्य बनेका छन्। पहिलो तथा दोस्रो विश्वयुद्धले जर्जर बनाएको विश्वको मानचित्रलाई शान्ति, मैत्री र सहयोगका आधारमा अघि बढाउने उद्देश्य राखी यस संघको स्थापना गरिएको हो।

पहिलो तथा दोस्रो विश्वयुद्धले संसारमा ठूलो क्षति भयो। युद्धले निम्त्याएको विनाशले मानवीय भावनामा पुऱ्याएको चोट र आघातलाई साम्य पार्न सबै राष्ट्रहरू चाहन्थे। विश्व शान्ति र सुरक्षाका लागि एउटा सशक्त विश्व संगठन चाहिने निष्कर्षमा उनीहरू पुगे। जसको फलस्वरूप सन् १९४५ अक्टोबर २४ का दिन ५० देशहरू मिलेर संयुक्त राष्ट्रसङ्घको स्थापना गरेका हुन्। भविष्यमा नरसंहारकारी युद्धको पुनरावृत्ति नहोस् एवं शान्ति कायम रहोस् भन्ने उद्देश्यका साथ वडापत्र पारित गर्दै संयुक्त राष्ट्र संघको स्थापना भएको थियो। यस विश्व संस्थाले आफ्नो बडापत्रको प्रस्तावनामै मौलिक मानवअधिकार तथा मानवीय मूल्य र मर्यादालाई विशेष महत्व दियो। नेपालले यसको सदस्यता सन् १९५५ मा प्राप्त गरेको हो।

संयुक्त राष्ट्र संघका उद्देश्यहरू

निशस्त्रीकरण, राष्ट्रिय स्वतन्त्रता र विकासजस्ता सबै राष्ट्रका साझा उद्देश्यहरू प्राप्त गर्ने कार्यमा सामन्जस्यता ल्याउने केन्द्रको रूपमा संयुक्त राष्ट्रसङ्घले आफ्ना यी तीन सिद्धान्तहरूलाई प्रमुखता दिएको छ-

क) अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्नु।

ख) संसारका सबै राष्ट्रहरूबीच समान अधिकार एवं आत्म-निर्णयको आधारमा मैत्रीपूर्ण सम्बन्ध बढाउनु।

ग) आर्थिक, सामाजिक, साँस्कृतिक वा मानवतावादी अन्तर्राष्ट्रिय समस्याहरू सुल्झाउन सबै देशहरूको सहयोग प्राप्त गर्नु, मानवअधिकारप्रति सम्मान बढाउनु तथा जाति, लिंग, भाषा वा धर्मको भेदभाव नगरी सबैलाई मौलिक स्वतन्त्रता प्रदान गर्नु।

संयुक्त राष्ट्रसङ्घको झण्डा

संयुक्त राष्ट्रसङ्घको झण्डा फिक्का नीलो पृष्ठभूमीमा बनेको छ। यसको झण्डाको बीचमा सेतो आकारका जैतुनका दुई हाँगाले घेरेको विश्वको मानचित्र रहेको छ।

संयुक्त राष्ट्रसङ्घका प्रमुख अङ्गहरू

संयुक्त राष्ट्रसङ्घका छ ओटा प्रमुख अङ्गहरू छन्। ती यसप्रकार छन्:

१. महासभा
२. सुरक्षा परिषद्
३. आर्थिक तथा सामाजिक परिषद्
४. न्यास परिषद्
५. अन्तर्राष्ट्रिय न्यायालय
६. सचिवालय

१. महासभा

यो संयुक्त राष्ट्रसङ्घको व्यवस्थापिका सभा हो। यसमा हरेक देशले पाँच सदस्य पठाउन सक्छन्; तर मत दिँदा भने एक मत मात्र दिन पाउँछन्। महासभाको बैठक प्रत्येक वर्ष सेप्टेम्बर महिनाको तेस्रो विहिबारदेखि शुरु हुन्छ। यसमा महत्वपूर्ण विषयको निर्णय दुई तिहाई बहुमतको आधारमा हुन्छ।

संयुक्त राष्ट्रसङ्घको बजेट पारित गर्ने, अन्तर्राष्ट्रिय मामिलाहरूमा विचार गर्ने तथा चार्टर संशोधन गर्ने अधिकार महासभालाई छ। साथै सुरक्षा परिषद्का १० अस्थायी सदस्यहरू, आर्थिक तथा सामाजिक परिषद्का ५४ सदस्यहरू, अन्तर्राष्ट्रिय न्यायालयका १५ न्यायाधीशहरू र महासचिवको नियुक्ति गर्ने अधिकार पनि महासभालाई नै छ।

२. *सुरक्षा परिषद्*

संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा १५ राष्ट्रहरू सदस्य हुन्छन्। तीमध्ये पाँच सदस्यहरू स्थायी रहेका छन्। अमेरिका, रुस, संयुक्त अधिराज्य (बेलायत), फ्रान्स र चीन सुरक्षा परिषद्का स्थायी सदस्य हुन्। परिषद्का १० अस्थायी सदस्यहरू दुई वर्षका लागि महासभाले दुई तिहाई बहुमतद्वारा निर्वाचन गर्छ। अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्नु तथा अन्तर्राष्ट्रिय विवादहरूलाई शान्तिपूर्ण तरिकाले समाधान गर्नु नै सुरक्षा परिषद्का प्रमुख कार्य हुन्।

सुरक्षा परिषद्का स्थायी सदस्यहरूलाई विशेषाधिकार (भीटो) प्रयोग गर्ने अधिकार हुन्छ। "भीटो" प्रयोग गर्नु भनेको बैठकमा छलफलका लगि आएका विषयहरूमा आफ्नो अचूक मत दिनु हो; जसलाई प्रस्तावका विरुद्ध निषेधको अधिकार पनि भनिन्छ। यस्तो मत दिइसकेपछि त्यस विषयमा छलफल नै हुँदैन।

३. *आर्थिक तथा सामाजिक परिषद्*

यसमा महासभाद्वारा तीन वर्षका लागि ५४ राष्ट्रहरू चुनिन्छन्। यसअन्तर्गत अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य आदि कार्यहरू पर्न आउँछन्। यसले सबैलाई मानवअधिकार र मौलिक स्वतन्त्रताप्रति विश्वास बढाउने र बिना भेदभाव सबैलाई आ-आफ्नो अधिकार उपलब्ध गराउने प्रयास गर्छ। यसअन्तर्गत निम्न आयोगहरू गठन गरिएका छन्:

(क) आर्थिक र रोजगार आयोग
(ख) जनसंख्या र यातायात आयोग
(ग) मानवअधिकार आयोग
(घ) महिलाहरूको हित गर्ने आयोग
(ङ) लागू पदार्थविरुद्ध आयोग
(च) अर्थ वित्तसम्बन्धी आयोग

४. *न्यास परिषद्*

यस परिषद्का सात प्रशासनिक र सात अप्रशासनिक गरी १४ सदस्यहरू हुन्छन्। राष्ट्रसङ्घअन्तर्गतका विश्वका विभिन्न भागहरू, जहाँ विवादहरू हुन्छन्, त्यस क्षेत्रमा शासन गर्ने काम यसै परिषदले गर्छ। न्यास परिषद्ले यस्ता प्रदेशमा रहेका जनताको राजनीतिक, आर्थिक, सामाजिक र शैक्षिक विकास गर्ने प्रयास गर्छ। इष्ट न्युगिनी, मेरियानस, मार्सलद्वीप समूह, केरीलाइन न्यास परिषद्द्वारा शासित प्रदेश हुन्।

५. *अन्तर्राष्ट्रिय न्यायालय*

यो संयुक्त राष्ट्रसङ्घको न्यायपालिका हो। यसमा १५ जना न्यायाधीश हुन्छन्। उनीहरू नौ

वर्षका लागि सुरक्षा परिषदको सिफारिसमा महासभाद्वारा चुनिन्छन्। प्रत्येक तीन वर्षमा पाँच जना न्यायाधीशहरू पदमुक्त हुन्छन्। न्यायाधीशहरू एक पदावधि समाप्त भएपछि अर्को पटक पनि चुनिन सक्छन्।

कानूनी विषयमा संयुक्त राष्ट्रसङ्घीय अङ्ग र विशेषज्ञ समितिहरूलाई राय सल्लाह दिने, दुई सदस्य राष्ट्रबीच विवाद उत्पन्न भएमा निर्णय प्रदान गर्ने, सन्धि-सम्झौताहरूको अर्थ स्पष्ट गर्ने र कानूनी शब्दको व्याख्या गर्ने उद्देश्यका साथ यसको स्थापना भएको हो। न्यायालयमा प्रस्तुत विवादको निर्णय उपस्थित न्यायाधीशहरूको बहुमतद्वारा गरिन्छ। यसको मूख्यालय नेरदरल्याण्डको हेग शहरमा छ।

६. ***सचिवालय***

संयुक्त राष्ट्रसङ्घको कार्य प्रबन्ध गर्न एक सचिवालयको व्यवस्था गरिएको छ। यसको प्रमुख महासचिव हुन्छन्। सचिवालय सञ्चालनका लागि आवश्यकता अनुसार कर्मचारीहरू राखिएका हुन्छन्। महासचिवको नियुक्ति सुरक्षा परिषद्को सिफारिसमा महासभाद्वारा पाँच वर्षका लागि गरिन्छ। एक पटक महासचिव भएको व्यक्ति अर्को पटक पनि चुनिन सक्छ। महासचिव संयुक्त राष्ट्रसङ्घका प्रमुख प्रशासनिक पदाधिकारी हुन्। अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा खतरा उत्पन्न हुँदा सुरक्षा परिषद्को ध्यान आकृष्ट गर्नु, संघद्वारा तोकिएका विभिन्न कामहरू गर्नु महासचिवको दायित्व हो।

संयुक्त राष्ट्रसङ्घीय विशेष समितिहरू

१) ***अन्तरराष्ट्रिय श्रम संगठनः*** श्रमिक वर्गको हितको लागि उनीहरूलाई तालिम तथा रोजगारी दिलाउन, उचित ज्याला तोक्न र श्रमिकहरूको सुरक्षा गर्न यसको स्थापना गरिएको हो।

२) ***विश्व स्वास्थ्य संगठनः*** विश्व स्वास्थ्य संगठनले स्वास्थ्य सेवासम्बन्धी कार्यहरूलाई सुदृढ बनाउन डाक्टर, नर्स आदि स्वास्थ्यकर्मीहरूको ज्ञान र सीपमा अभिवृद्धि गर्न मद्दत गर्नुका साथै स्वास्थ्य संघमा समेत सहयोग गर्छ। यस संस्थाले स्वास्थ्य हेरचाहका लागि अति महत्वपूर्ण औषधीहरूको अभाव भएमा आपूर्ति गर्न मद्दत गर्छ। फोहर मैला व्यवस्था गर्न, सुरक्षित पिउने पानी प्रदान गर्न र बालबालिकालाई रोग प्रतिरोधात्मक खोपहरू दिनका लागि समेत यस संस्थाले सहयोग पुऱ्याउँछ।

३) ***युनेस्कोः*** संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) ले विभिन्न राष्ट्रहरूसँग मिली शिक्षा, विज्ञान र संस्कृतिका क्षेत्रमा सहकार्य गरी विश्व शान्ति र सुरक्षा कायम गर्न योगदान पुऱ्याउँछ। जनताले न्याय र कानूनी विधिलाई आत्मसात गर्दै मानवअधिकार तथा नैसर्गिक स्वतन्त्रता उपभोग गर्न पाऊन् र जाति, लिङ्ग, भाषा, धर्मका

आधारमा कुनै भेदभाव नहोस् भन्ने यस संगठनले चाहना राखेको छ। यसले विश्वमा निरक्षरता उन्मूलन अभियानका लागि विशेष भूमिका निर्वाह गर्दै आएको छ।

४) ***खाद्य तथा कृषि संगठनः*** खाद्य तथा कृषि संगठनले कृषि उत्पादन बढाउने तथा खाद्यान्न अभाव भएका क्षेत्रहरूमा आपूर्ति गर्ने कार्य गर्छ। विश्वका केही भागहरूमा यसले "कामका लागि खाद्यान्न" कार्यक्रम सञ्चालन गरेको छ।

५) ***अन्तर्राष्ट्रिय दूरसञ्चार संघः*** यसको मुख्य कार्य विश्वका सबै राष्ट्रहरूबीच हार्दिक सम्बन्ध कायम गर्नु हो। यसको माध्यमबाट अन्तर्राष्ट्रिय दूरसञ्चारको सञ्चालन र विश्वभरमा नै खबर आदान-प्रदानमा मद्दत पुगेको छ।

६) ***विश्व बैंकः*** विश्व बैंकले सदस्य राष्ट्रहरूलाई ऋण उपलब्ध गराई आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्य राखेको छ। यसका अतिरिक्त यसले राष्ट्रिय पूँजीको विकास गर्न व्यापार तथा पूँजी निर्माणमा समेत सहयोग पुऱ्याउँछ।

७) ***अन्तर्राष्ट्रिय मुद्रा कोषः*** यसले विकासशील राष्ट्रहरूलाई सहयोग पुऱ्याउँछ। यसले मौद्रिक विनिमय व्यवस्थापन तथा मुद्रासम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्थापनको कार्य गर्न समेत मद्दत गर्छ।

८) ***अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनः*** सदस्य राष्ट्रहरूको नागरिक उड्डयनका लागि यस संगठनले मद्दत गर्छ। यसले अन्तर्राष्ट्रिय नागरिक उड्डयनका नियमहरू पालना गर्न मद्दत पुऱ्याउँछ।

९) ***विश्व हुलाक संघः*** हुलाकसम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्थापनको काम गर्नुका साथै सबै राष्ट्रहरूबीच हुलाकका काममा समन्वय गर्ने कार्य गर्छ। हुलाक व्यवस्थापनमा प्रशिक्षण दिएर हुलाकको सम्वृद्धिका लागि विश्व हुलाक संघले मद्दत गर्छ।

१०) ***जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय संगठनः*** जलवायु विज्ञानको विकासका लागि सदस्य राष्ट्रहरूलाई यसले सहयोग गर्छ। विश्व जलवायुको अध्ययन तथा अनुसन्धानका लागि मद्दत समेत पुऱ्याउँछ।

११) ***अन्तर्राष्ट्रिय परमाणविक निकायः*** यसले सबै देशको परमाणु शक्तिको अध्ययन गर्न मद्दत गर्छ। साथै परमाणविक शक्तिको बारेमा विश्व जनसमुदायलाई सचेत बनाउने गर्छ।

१२) ***युनिसेफः*** संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) ले बालबालिकाको हितका लागि कार्यक्रमहरू सञ्चालन गर्छ। बालबालिकाको शिक्षा, स्वास्थ्य र जीवन रक्षाका लागि काम गर्नु यसको प्रमुख दायित्व हो। बालबालिकाको विकासमा यसले आफ्नो महत्वपूर्ण योगदान

संसारभरमा नै पुऱ्याइरहेको छ। यसका अतिरिक्त आमाहरूको स्वास्थ्यको हेरचाह गर्न समेत यसले मद्दत गर्छ।

युनिसेफ राष्ट्रसङ्घीय कार्य पद्धतिको एउटा अविभाज्य अंग हो। यसको स्थापना सन् १९४६ मा महासभाद्वारा संयुक्त राष्ट्र संघीय अन्तर्राष्ट्रिय आपतकालीन बाल कोषको रूपमा गरिएको थियो। स्थापना कालमा यस कोषको मुख्य उद्देश्य द्वितीय विश्वयुद्धबाट पीडित युरोप र चीनका बालबालिकाको खाद्यान्न, लत्ता कपडा तथा औषधीसम्बन्धी अत्यावश्यक आवश्यकताहरूको पूर्ति गर्नु रहेको थियो। सन् १९५० मा महासभाले कोषको कार्यक्रममा परिवर्तन गऱ्यो। हाल कोषको मुख्य उद्देश्य, "विकासोन्मुख राष्ट्रका बालकहरूको हितका लागि दीर्घकालीन कार्यक्रम सञ्चालन गर्नु हो।" सन् १९५३ मा महासभाले यसको नाममा परिवर्तन ल्यायो र अहिले यसको नाम संयुक्त राष्ट्र संघीय बाल कोष (United Nations Children's Fund) रहेको छ। यसलाई छोटकरीमा युनिसेफ (UNICEF) भनिन्छ।

युनिसेफका कार्यहरू

१. विकासोन्मुख राष्ट्रहरूमा बालबाबलिकाको पूर्ण विकासका लागि सञ्चालन गरिने कार्यक्रममा सहयोग पुऱ्याउनु।
२. बालबालिकाको अधिकारको घोषणा पत्र र बालअधिकारसम्बन्धी सन्धिमा उल्लेखित अधिकारहरूको उपभोग सबै बालबालिकाले गर्न पाउने व्यवस्था मिलाउनु।
३. बालबालिकाको हितसँग सम्बन्धित सेवाहरूको आयोजना तथा विस्तार गर्नमा सहयोग पुऱ्याउनु।
४. स्वास्थ्य कार्यकर्ता, शिक्षक, बाल विशेषज्ञहरू र यीसँग सम्बन्धित कर्मचारीहरूको तालिमको लागि आर्थिक स्रोत उपलब्ध गराउनु।
५. पाठ्यपुस्तक, औषधी आदिका सम्बन्धमा प्राविधिक उपकरण एवं अन्य सहयोग उपलब्ध गराउनु।

युनिसेफको छुट्टै कार्य समिति छ। यस कार्य समितिले आफ्नो नीति निर्धारण, कार्यक्रमको समीक्षा र बजेट स्वीकृत गर्छ। यसको प्रधान कार्यालय संयुक्त राज्य अमेरिकाको न्यूयोर्क शहरमा छ। नेपाललगायत विश्वका १ सय ६१ भन्दा बढी देशहरूमा युनिसेफले राष्ट्रिय सरकार, गैरसरकारी संस्थाहरू र संयुक्त राष्ट्रसङ्घीय निकायमार्फत् सहयोग पुऱ्याइरहेको छ।

बालअधिकारको सन्दर्भमा संयुक्त राष्ट्रसङ्घीय प्रणालीको भूमिका महत्वपूर्ण रहेको छ। संयुक्त राष्ट्रसङ्घको पहलबाट नै बालअधिकारको अवधारणाले विश्वव्यापी मान्यता पाएको हो। बालअधिकारको सुनिश्चितताका लागि राज्यहरूलाई जिम्मेवार बनाउन तथा अन्तर्राष्ट्रिय स्तरमै

त्यसलाई प्रत्याभूत गर्न यस विश्व संस्थाको कारणले नै सम्भव भएको हो। युनिसेफका माध्यमबाट यसले बालअधिकारका क्षेत्रमा गरिरहेका कार्यहरू साथै संयुक्त राष्ट्रसङ्घकै तत्वावधानमा बालअधिकार महासन्धि समेत पारित भएको तथ्य यहाँ स्मरणीय छ। बालअधिकारको संरक्षणकै लागि संयुक्त राष्ट्रसङ्घको अगुवाइमा "बालबालिकाको अधिकार तथा सशस्त्र द्वन्द्वमा बालबालिकालाई समाहित गराउने क्रियाकलाप विरुद्धको ऐच्छिक प्रलेख, २०००" र "बालबालिका बेचबिखन, वेश्यावृत्ति तथा अश्लील कार्यमा समाहित गर्ने गराउने क्रियाकलाप विरुद्धको ऐच्छिक प्रलेख, २०००" पनि पारित गरिएको छ। यी सबैको उद्देश्य विश्वभर बालअधिकारको प्रत्याभूति गर्नु नै हो।

राज्यहरूले बालअधिकार महासन्धि पालना गरे/नगरेको अनुगमन गर्ने संयन्त्रको रूपमा संयुक्त राष्ट्रसङ्घअन्तर्गत बालअधिकारसम्बन्धी समिति (सीआरसी) रहेको छ। पक्षराष्ट्रहरूले उक्त समितिमा प्रत्येक पाँच वर्षमा आवधिक प्रतिवेदन पठाउनु पर्ने हुन्छ। यसका साथै नागरिक समाजकातर्फबाट वैकल्पिक वा छाया प्रतिवेदन समेत पठाइने गरिन्छ। बालअधिकार महासन्धिले प्रत्याभूत गरेका अधिकारबाट बालबालिकाले वञ्चित हुनु नपरोस् भनेर संयुक्त राष्ट्रसङ्घले अभिभावकीय दायित्व वहन गरेको छ।

❐

बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन

बालअधिकारको संरक्षण गर्नका लागि अन्तर्राष्ट्रिय एवं राष्ट्रिय स्तरमा विभिन्न कानुनी प्रावधानहरू रहेका छन्। आधुनिक विश्वमा कानुनको राज (रुल अफ् ल) लाई प्रायः सर्वत्र मान्यता दिइएको छ, जसअनुसार कानुन भन्दा माथि कोही हुँदैन र कानुनको परिपालना गर्नु सबैको कर्तव्य हो। त्यसैले कुनै अधिकारलाई कानुनी स्वरूप दिनुको अर्थ त्यसको प्रत्याभूतिको सुदृढ व्यवस्था गर्नु पनि हो। बालअधिकारको अवधारणा फगत् सैद्धान्तिक अवधारणाका रूपमा मात्र सीमित नरहोस्, व्यवहारमा लागू हुन सकोस् भनेर नै यसलाई विभिन्न अन्तर्राष्ट्रिय एवं राष्ट्रिय कानुनद्वारा संरक्षण गरिएको हो।

अन्तर्राष्ट्रिय कानुनहरू संसारका विभिन्न राष्ट्रका व्यक्तिहरूले, सरकारका प्रतिनिधिहरूले मिलेर बनाउँछन्। त्यसपछि "यो कानून हाम्रो देशमा पनि लागू गर्छौं" भनेर विश्वका विभिन्न राष्ट्रका सरकारहरूलाई वाचा गराउँदै हस्ताक्षर गराइएको हुन्छ। हस्ताक्षर गर्ने राष्ट्र वा पक्षराष्ट्रले सो कानुनका प्रावधानहरू आफ्नो देशमा घरेलु कानुनसरह पालन गर्नु पर्छ। आफू पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय कानुनलाई पालना गर्नु कुनै पनि राष्ट्रको सरकारको दायित्व र कर्तव्य हो।

बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको चर्चा गर्दा सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा पारित गरी हस्ताक्षर र अनुमोदनका लागि खुला गरिएको "बालअधिकार महासन्धि" को उल्लेख गर्नु पर्ने हुन्छ। यस महासन्धिलाई सन् १९९० सेप्टेम्बर २ देखि लागू गरिएको थियो।

अहिलेसम्म विश्वका सबै भन्दा बढी राष्ट्रले एकै पटक अनुमोदन गरेको महासन्धि "बालअधिकार महासन्धि" नै हो। यो महासन्धिमा तीन खण्ड तथा ५४ वटा धाराहरू छन्। समाजको मूलभूत समूह तथा यसका सबै सदस्यहरू, विशेषत: बालबालिकाको विकास तथा कल्याणका लागि प्राकृतिक वातावरणका रूपमा रहेको परिवारलाई आवश्यक संरक्षण तथा सहयोग प्रदान गरिनु पर्छ भन्ने कुरालाई प्रस्तावनामा जोड दिइएको छ। आफ्नो व्यक्तित्वको पूर्ण तथा सामञ्जस्यपूर्ण विकासका लागि बालबालिका पारिवारिक वातावरण तथा समझदारीपूर्ण परिवेशमा हुर्कनु पर्छ भन्ने मान्यता यसले राखेको छ।

यस महासन्धिले प्रत्येक बालकले विना कुनै भेदभाव नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार पाउनु पर्ने र ती सबै अधिकार अविभाज्य रहनु पर्ने कुरालाई स्थापित गरेको छ। १८ वर्ष मुनिका प्रत्येकलाई बालकको रूपमा स्वीकारी उनीहरूको अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने दायित्व राज्यको हो भन्ने कुरा प्रष्ट शब्दमा उल्लेख गरिएको छ। बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिताको अधिकारको प्रत्याभूति पनि यो महासन्धिले गरेको छ।

प्रत्येक बालकको राष्ट्रियता, अभिभावकत्व, शिक्षा, स्वास्थ्य लगायत सर्वाङ्गिण विकासको दायित्व राज्यलाई दिइएको यस महासन्धिको कार्यान्वयनको अवलोकन गर्न बालअधिकार समितिको निर्माणको व्यवस्था पनि गरिएको छ। उक्त समितिमा १० जना विशेषज्ञ हुन्छन्। सबै पक्षराष्ट्रले पाँच-पाँच वर्षको अन्तरालमा बालअधिकारको क्षेत्रमा महासन्धिको मर्मबमोजिम के कति काम भएका छन् भन्ने विषयमा प्रतिवेदन बुझाउनु पर्छ। नेपालले पनि पक्षराष्ट्रको हैसियतले त्यस्तो आवधिक प्रतिवेदन प्रत्येक पाँच वर्षमा संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत् बाल अधिकारसम्बन्धी समिति (सीआरसी) मा बुझाउनु पर्छ।

बालअधिकार महासन्धिका ४० वटा धारामा बालबालिकाहरूको हक अधिकारका बारेमा उल्लेख गरिएको छ भने अन्य १४ धारामा महासन्धि कार्यान्वयन आदिसँग सम्बन्धित कुराहरू लेखिएका छन्। यस महासन्धि अनुसार अठार वर्ष मुनिका सबै व्यक्ति बालबालिका हुन्। तर यसलाई आफ्नो देशको कानून अनुसार थपघट गर्न सकिने प्रावधानअनुरूप नेपालमा १६ वर्ष र त्यस भन्दा कम उमेरकालाई मात्र बालबालिका मानिने कानुनी व्यवस्था रहेको छ। महासन्धिमा भएका मुख्य प्रावधानहरूलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ:

- बालबालिकालाई जाति, वर्ण, लिंग, क्षेत्र, पारिवारिक, आर्थिक, सामाजिक तथा राजनीतिक विचार अथवा कुनै पनि आधारमा भेदभाव गर्न पाइँदैन।

- कुनै पनि बालक जन्मेपछि स्वस्थ जीवन बाँच्न, शिक्षा आर्जन गर्न र आफ्नो व्यक्तिगत विकास गर्न पाउनु पर्छ।
- कुनै पनि बालबालिका जन्मेपछि आफ्नो नाम राख्न, आफ्नो देशको चिनारी गराउँदै राष्ट्रियता चिनाउन तथा आफूलाई मन परेको धर्म ग्रहण गर्न वा छोड्न अधिकार प्राप्त गर्छ।
- कुनै पनि बालबालिका जन्मेपछि आमा-बाबुसँग बस्न, बाबु-आमा छुट्टाछुट्टै बसेका भए भेटघाट गर्न, पारिवारिक पुनर्मिलन गर्न, अन्य देशमै जानु पर्ने भएमा पनि जान आउन पाउँछन्।
- बालबालिकाले आफूलाई लागेको विचार व्यक्त गर्न, जुनसुकै विचार लिन वा छोड्न र आफूलाई मन परेको संगठनमा संगठित हुन स्वतन्त्रता पाउँछन्। नयाँ नयाँ कुराको उचित जानकारी हासिल गर्न पाउँछन्।
- बालबालिकालाई अवैधरूपमा अपहरण गर्न र विदेशमा हस्तान्तरण गर्न पाइँदैन। कसैले त्यसो गरेमा पनि सरकारले फर्काउन सक्दो प्रयास गर्नु पर्छ। बालबालिकालाई यौन शोषणबाट जोगाउन र लागू पदार्थको दुरूपयोगबाट बचाउन परिवार तथा सरकारबाट सक्दो संरक्षण गरिनु पर्छ। बालबालिकालाई बेचबिखन र अपहरणबाट बचाउन सरकारले सक्दो प्रयास गर्नु पर्छ।
- आमा-बाबु वा परिवारमा कोही पनि नभएका बालबालिकालाई संरक्षण गर्ने दायित्व त्यस देशको सरकारको हो। तिनलाई पारिवारिक वातावरणमा राख्न सरकारले सक्दो सहयोग गर्नुपर्छ। यसै गरी अपांग बालबालिकालाई सट्टे सरह योग्य व्यक्ति बनाउन सरकारले नि:शुल्क, विशेष स्याहार तथा तालिमहरू दिने व्यवस्था गर्नु पर्छ।
- बालबालिकालाई सामाजिक सुरक्षा प्रदान गर्नु त्यस देशको सरकारको दायित्व हो। उनीहरूको जीवन विमा गरिदिनु पर्छ तथा संभव भएसम्मका सेवाहरू बालबालिकालाई सरकारले उपलब्ध गराउनु पर्छ।
- बालबालिकालाई काममा लगाउँदा उनीहरूको पढाइ, स्वास्थ्य र व्यक्तिगत विकासमा असर पर्ने गरी लगाउनु हुँदैन। काममा लगाए पनि काम अनुसारको पारिश्रमिक दिनु पर्छ। काममा लगाउँदा सरकारले उमेर, कामको समायावधि र पारिश्रमिक तथा स्वास्थ्यको वातावरण समेत तोकिदिनु पर्छ।
- कुनै पनि बालबालिकालाई कडा सजाय, दु:ख दिने वा डरलाग्दो किसिमको निर्दयी व्यवहार गर्नु हुँदैन। बालबालिकालाई १५ वर्ष उमेर नपुगी सेनामा भर्ती हुन दिनु हुँदैन। सशस्त्र सङ्घर्षबाट असर परेका बालबालिकालाई सरकारले संरक्षण प्रदान गर्नु पर्छ।
- कुनै पनि बालबालिकाले अपराध गरेको छ भने बालबालिकाको तर्फबाट कानून व्यवसायी राख्ने तथा अन्य सहयोग उपलब्ध गराउने काममा सरकारले सहयोग गर्नु पर्छ। दोष प्रमाणित

नभएसम्म निर्दोष नै मानेर व्यवहार गर्नु पर्छ। मुद्दाको फैसला र बहस गर्दा पनि उनीहरूले बुझ्ने गरी सरल भाषामा गर्नु पर्छ।

बालअधिकार महासन्धिले बालबालिकामध्ये पनि केही विशेष समूहका बालबालिकालाई विशेष स्याहार प्रदान गर्ने गरी व्यवस्था गर्नु पर्ने दायित्व सरकारको हो भन्ने तोकेको छ। त्यस्ता विशेष समूहमा अपाङ्ग, शरणार्थी, अल्पसङ्ख्यक जनजाति, उपेक्षा, हेला, यातना तथा लडाइँका शिकार भएका तथा परिवार विहिन वा कठिन परिस्थितिमा बाँचेका बालबालिकाहरू पर्छन्। बालबालिकालाई श्रम शोषण, यौन शोषण तथा देहव्यापार, ओसार पसार तथा अपहरण, परिवार भित्र हुने हेला र तिरष्कार, लागु पदार्थको सेवन र तिरष्कार, गैरकानूनी बन्धन, यातना दुर्व्यवहार, मृत्युदण्ड तथा आजीवन कारावास, परिवारबाट अनुपयुक्त ढंगले छुट्याउने प्रक्रिया र स्वास्थ्यमा प्रतिकूल असर पर्ने खालका परम्परागत विधिहरू जस्ता विभिन्न प्रकारका जोखिमबाट संरक्षण प्रदान गर्ने गरी कानूनी व्यवस्था गर्नु पर्ने कुरा पनि उक्त महासन्धिले उल्लेख गरेको छ।

बालअधिकार महासन्धिद्वारा प्रत्याभूत अधिकारहरू

- प्रत्येक बालबालिकाको बाँच्न पाउने जन्मसिद्ध अधिकार (धारा २)
- स्वास्थ्यको अधिकार (धारा २)
- प्रत्येक बालबालिकाहरूलाई राष्ट्रियताको अधिकार (धारा ७)
- राष्ट्रियता, नाम र पारिवार लगायतको परिचय यथावत राख्न पाउने अधिकार (धारा ८)
- आमा-बाबुसँग बस्न पाउने अधिकार (धारा ९)
- पारिवारिक पुनर्मिलनको अधिकार (धारा १०)
- बालबालिकाले विचार प्रकट गर्न पाउने र विचारले उचित मान्यता पाउने अधिकार (धारा ११)
- अभिव्यक्ति स्वतन्त्रताको अधिकार (धारा १३)
- विचार, विवेक र धर्मसम्बन्धी स्वतन्त्रताको अधिकार (धारा १४)
- संगठनसम्बन्धी अधिकार (धारा १५)
- उचित जानकारी प्राप्तिको अधिकार (धारा १६)
- दुर्व्यवहार र हिंसा विरुद्धको अधिकार (धारा १७)
- यौन दुर्व्यवहार वा शोषण विरुद्ध सुरक्षाको अधिकार (धारा १९)
- प्रत्येक बालबालिकाले कुनै पनि प्रकारको भेदभाव वा पक्षपातबिना सबै अधिकारहरू उपभोग गर्न पाउने अधिकार (धारा २४)

- बालबालिकाले आराम गर्ने, खेल्ने साथै सांस्कृतिक तथा सृजनशील क्रियाकलापमा बिना भेदभाव समान अवसर पाउने अधिकार (धारा ३१)
- राज्यद्वारा टुहुरा र उपेक्षित बालबालिकाहरूका लागि सुहाउँदो वैकल्पिक हेरचाह वा संरक्षणको अधिकार (धारा २०, २१)
- अपाङ्ग बालबालिकाको विशेष उपचार, शिक्षा र हेरचाह पाउने अधिकार (धारा २३)
- बालबालिकालाई सशस्त्र सेनामा भर्ना गर्न र लडाइमा प्रत्यक्ष भाग लिन नलगाउने र सशस्त्र मुठभेड चलेको ठाउँमा रहेका बालबालिकालाई विशेष संरक्षणको अधिकार (धारा ३८)
- शिक्षाको अधिकार (धारा २९)
- राज्यहरूले बालबालिकालाई आर्थिक शोषणबाट र मजदुरी गर्नबाट तथा शिक्षामा बाधा पुऱ्याउने काम वा उनीहरूका स्वास्थ्य र कल्याणमा हानी पुऱ्याउने कामबाट सुरक्षाको अधिकार (धारा ३२)
- कडा सजाय विरुद्धको अधिकार (धारा ३७, ४०)
- अल्पसंख्यक जातिका, स्वदेशी मूलका बालबालिकाले आफ्नै धर्म, संस्कृति र भाषा निर्वाध रूपले प्रयोग गर्न पाउने अधिकार (धारा १४, ३०)

दक्षिण एशियामा बालबालिकाको हित प्रबर्द्धन गर्ने क्षेत्रीय प्रावधानको निम्ति सार्क महासन्धि (सन् २००२) पनि यस सन्दर्भमा स्मरणीय छ। विश्वका बालबालिकाको एक चौथाइ जनसंख्या दक्षिण एशियाली क्षेत्रमा बसोबास गर्दछन्। उक्त महासन्धिमार्फत् दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का सदस्य राष्ट्रहरूले बालअधिकारको पक्षमा आफ्नो प्रतिबद्धतालाई थप स्पष्ट पारेका छन्।

❑

छ

बालअधिकारसम्बन्धी राष्ट्रिय कानुन

बालअधिकारको अवधारणाले नेपालमा कानुनी तवरमै मान्यता पाएको छ। प्रजातन्त्र पुनर्स्थापनापश्चात् नेपाल अधिराज्यको संविधान २०४७ ले बालबालिकाको हक-हितका लागि सबैका नागरिकले पाउने मौलिक हकका अतिरिक्त राज्यले सकारात्मक विभेदयुक्त कानुन बनाएर विशेष संरक्षण गर्न सक्ने व्यवस्था समेत गऱ्यो। त्यसै गरी संविधानले राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा पनि बालबालिकाका निमित्त दृष्टि पुऱ्याएको पाइन्छ।

२०४६ को जनआन्दोलन सफल भएको लगत्तै अन्तरिम सरकारको पालामा गरिएको बालअधिकार महासन्धिको अनुमोदनसँगै नेपालले पक्ष राज्यको हैसियतले उक्त महासन्धिका बालअधिकारसम्बन्धी प्रावधानलाई कार्यान्वयन गराउने दायित्व लियो। अनि बालअधिकारलाई कानुनी रूपमै प्रत्याभूत गर्ने प्रयास आरम्भ भयो। त्यसैको परिणामस्वरूप "बालबालिकासम्बन्धी ऐन २०४८" बन्यो। उक्त ऐनले बालअधिकार महासन्धिको मर्मलाई आत्मसात् गरी नेपालमा बालबालिकाको हक-अधिकारबारेमा स्पष्ट व्यवस्था गऱ्यो।

यो ऐन नै नेपालमा बालबालिकासम्बन्धी पहिलो ऐन हो। यसअघि २०२० को मुलुकी ऐन र २०४७ को नेपाल अधिराज्यको संविधानमा बालबालिकाको संरक्षण र सुरक्षाका लागि केही

प्रावधानहरू रहेका भए तापनि बालबालिकाको हितकै लागि भनेर बनेको पहिलो विशेष कानुन यही ऐन नै हो। बालबालिकासम्बन्धी ऐन नेपाल राजपत्रमा २०४९ जेठ ७ मा प्रकाशन गरिएको भए तापनि २०५० बैशाख १ बाट मात्र लागू हुन सक्यो। तर नियमावली नबनेकाले ऐन लागू भएको भनिए तापनि व्यवहारतः लागू नभएको परिस्थिति केही समयसम्म रह्यो। "बालबालिकासम्बन्धी नियमावली, २०५१" निर्माण भई लागू भएपछि पनि व्यवहारतः ऐनका भावना अनुरूपका कार्यहरू हुन नसकेको अवस्था कायमै छ।

बालबालिकासम्बन्धी ऐन, २०४८ को प्रस्तावनाले बालबालिकाको हक, हितको संरक्षण गरी उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्न समयानुकूल कानुनी व्यवस्था गर्ने उद्देश्य राखेको छ। ऐनमा भएका मुख्य कुराहरूलाई निम्नानुसार अध्ययन गर्न सकिन्छः

यस ऐनले बालक भन्नाले १६ वर्षको उमेर पूरा नगरेको बालबालिका भनेर परिभाषा दिँदै बालबालिकाको लागि निम्नलिखित अधिकारहरू प्रत्याभूत गरेको छ-

- नाम राख्ने र जन्म मिति कायम गर्ने अधिकार (धारा ३)
- पालनपोषण, शिक्षा, स्वास्थ्योपचारको अधिकार (धारा ४)
- पालनपोषण, शिक्षा तथा स्वास्थ्योपचारमा छोरा वा छोरीको आधारमा मात्र वा छोरा छोरा वा छोरी छोरीमा भेदभाव गर्न नहुने (धारा ५)
- वैवाहिक सम्बन्ध हुनु अघि वा पछि जन्मेका बालक वा धर्मपुत्र वा आफूले जन्माएको बालकको बीच भेदभाव गर्न नहुने (धारा ६)
- क्रूर वा यातनापूर्ण व्यवहार गर्न नहुने (धारा ७)
- बाबु र आमा छुट्टाछुट्टै बसेको अवस्थामा उनीहरूसँग समय समयमा भेटघाट गर्न वा केही समयको निमित्त साथ बस्न दिनु पर्ने (धारा ८)
- धर्मपुत्र वा धर्मपुत्रीले आफ्नो बाबु आमासँग भेटघाट, पत्राचार गर्न पाउने (धारा ९)
- कानुनबमोजिम बाबु र बाजेको नाम खुलाउनु पर्ने अवस्थामा बाबुको पत्ता नलागेसम्म बालकले आमा र आमाको बाबुको नाम उल्लेख गर्न पाउने (धारा १०)
- बालकले कुनै अपराध गरेमा ठूलो मान्छेको भन्दा कम सजाय हुने र कसैले बालकलाई अपराध गर्न लगाएमा सिकाउने व्यक्तिलाई नै निज आफैले अपराध गरेसरह कानुनबमोजिम पूरा सजाय हुने (धारा ११)
- बाल्यावस्थामा गरेको अपराधका कारण अयोग्यता वा पटक कायम नहुने (धारा १२)
- बालबालिकालाई माग्ने काममा लगाउन वा मुड्न नहुने (धारा १३)
- देवी देवताको नाउमा बालबालिकालाई चढाउन नहुने (धारा १४)

- बालवालिकालाई नेल हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरे वापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न नहुने (धारा १५)
- बालबालिकालाई अनैतिक पेशामा संलग्न गराउन नहुने (धारा १६)
- कलिलो उमेरका बालबालिकालाई काममा लगाउन नहुने (धारा १७)
- बालबालिकालाई उनीहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने वा जीउ ज्यानमा खतरा पुग्न सक्ने किसिमका खतरनाक काममा लगाउन नहुने (धारा १८)
- कानुन व्यवसायी नभएमा बालबालिकाको मुद्दाको कारवाई किनारा नहुने तथा त्यस्तो अवस्थामा सम्बन्धित अदालतले नै कानुन व्यवसायीको सेवाको प्रबन्ध गरिदिनु पर्ने (धारा १९)
- न्यायालयले मनासिव आज्ञा, आदेश वा पुर्जी जारी गरी यस परिच्छेदमा उल्लेख भएको हकको प्रचलन गराइदिन तथा अधिकारमा आघात पुगेको अवस्थामा क्षतिपूर्ति भराउन सक्ने (धारा २०)

यस ऐनले बालबालिकाको संरक्षण र संरक्षकको व्यवस्था पनि गरेको छ। एकाघरका कोही आफन्त नहुने बालबालिकाको हेरचाह र त्यस्ता बालकालिकाको सम्पत्तिको जिम्मा, संरक्षकको नियुक्ति, बालबालिकाको हित तथा सम्पत्तिको संरक्षण लगायतका विषयमा व्यवस्था रहेका छन्। बालबालिकाको संरक्षक बन्न कसैले मन्जुर नगरेमा वा संरक्षक हुन सक्ने उपयुक्त व्यक्ति फेला नपरेमा त्यस्तो बालकलाई बाल कल्याण अधिकारीले कुनै बाल कल्याण गृहमा पठाइदिने व्यवस्था गर्नु पर्ने प्रावधान समेत रहेको छ।

बालबालिकाको सुरक्षा र संरक्षणका लागि केन्द्रीयदेखि स्थानीय तहसम्म विभिन्न समितिहरू निर्माण गर्न सकिने व्यवस्था पनि यस ऐनले गरेको छ। केन्द्रीय र जिल्ला स्तरमा बाल कल्याण समिति बनाउने, बाल कल्याण गृह, बाल सुधार गृह, सुस्त मनस्थिति केन्द्र, अनाथालय जस्ता संस्थाको स्थापना तथा विभिन्न आपत-विपतमा परेका र सबै खाले बालबालिकाको संरक्षण र विकास ती संस्थामार्फत् गर्नका लागि कल्याणकारी व्यवस्थाहरू यसभित्र पर्छन्। यिनका अतिरिक्त बालबालिका ऐन २०४८ ले बालबालिकासम्बन्धी मुद्दा मामिला र उनीहरूको दण्ड सजाय सम्बन्धमा पनि व्यवस्था गरेको छ।

नेपालमा बालअधिकारसम्बन्धी कानुनी प्रावधानको सन्दर्भमा चर्चा गर्दा बाल श्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ को पनि चर्चा गर्नै पर्ने हुन्छ। यस ऐनले पनि "बालक" भन्नाले १६ वर्ष उमेर पूरा नगरेको बालबालिका सम्झनु पर्ने परिभाषा दिएको पाइन्छ। कसैले पनि १४ वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूपमा काम लगाउनु नहुने, बालकलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनु नहुने तथा कसैले पनि बालकलाई ललाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा

जोखिमपूर्ण व्यवसाय वा कामहरू

बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ मा निम्नलिखित व्यवसाय वा कामलाई जोखिमपूर्ण भनी उल्लेख गरिएको छ-

(क) पर्यटन, आवास, मोटेल, होटेल, जुवाघर, रेष्टुराँ, बार, पब, रिसर्ट, स्किइङ, ग्लाइडिङ, वाटर र्याफ्टिङ, केबल कार कम्प्लेक्स, पोनी ट्रेकिङ, पदयात्रा, पर्वतारोहण, हट एयर ब्यालुनिङ, प्यारासेलिङ, गल्फ कोर्स, पोलो, अश्वारोहण आदि पर्यटनसँग सम्बन्धित व्यवसायहरू,

(ख) कार्यशाला, प्रयोगशाला, पशु बधशाला, शीत भण्डार आदि सेवामूलक व्यवसायहरू

(ग) सार्वजनिक परिवहन र निर्माण व्यवसायहरू

(घ) चुरोट, बिडी बनाउने, गलैंचा बुन्ने तथा राउने, ऊन सफा गर्ने, कपडा बुन्ने, धुने, रङगाउने तथा बुट्टा छाप्ने, छाला प्रशोधन गर्ने, सिमेन्ट उत्पादन तथा प्याकिङ, सलाई, विस्फोटक तथा अन्य आगोजन्य पदार्थहरुको उत्पादन र बिक्री वितरण, वियर, मदिरा तथा अन्य पेय पदार्थको उत्पादन, फोहोर मैला संकलन, प्रशोधन तथा इलेक्ट्रोप्लेटिङ, फोटो प्रोसेसिङ, रबर, सिन्थेटिक, प्लाष्टिक, सिसा, पारोसँग सम्बन्धित कार्यहरू

(ङ) जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल वा ग्याँस, बायोग्यास तथा त्यस्तै अन्य स्रोतबाट उर्जा प्रदान गर्ने र त्यसको प्रसारण र वितरणसँग सम्बन्धित कार्यहरू

(च) खानी, खनिज पदार्थ, प्राकृतिक तेल वा ग्याँसको उत्खनन, प्रशोधन तथा वितरणसँग सम्बन्धित कार्यहरू

(छ) रिक्सा वा ठेलागाडा

(ज) कटिङ मेशीन जस्ता कार्यहरू

(झ) जमिनमुनि, पानीमुनि र धेरै उचाइमा चढेर गर्नुपर्ने कार्यहरू

(ञ) रसायनिक पदार्थहरूसँग सम्पर्क हुने कार्यहरू, र

(ट) प्रचलित कानुनबमोजिम तोकिएको अन्य जोखिमपूर्ण कार्यहरू

वा डर, त्रास वा दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छाविरुद्ध श्रमिकको रूपमा काममा लगाउनु नहुने प्रावधान यस ऐनमा रहेको छ।

कुनै प्रतिष्ठानले बालकलाई काममा लगाउनु परेमा सम्बन्धित श्रम कार्यालय वा सो कार्यालयले तोकेको अधिकारी र बालकको बाबु, आमा वा संरक्षकको स्वीकृति लिनुपर्ने व्यवस्था छ। श्रमिकको रूपमा काममा लगाउनुअघि बालकले श्रमिकको रूपमा काम गर्न सक्ने योग्यताको प्रमाणपत्र लिनु पर्ने व्यवस्था पनि रहेको छ। यहाँ गरिएको व्यवस्थाअनुसार, बालकलाई बेलुका छ

बजेपछि बिहान छ बजेसम्मको अवधिभर काममा लगाउनु हुँदैन। बालकलाई श्रमिकको रूपमा काम लगाउँदा दिनको छ घण्टा र हप्ताको ३६ घण्टा भन्दा बढी काममा लगाउनु हुँदैन भने प्रतिदिन लगातार तीन घण्टा काम गरेपछि आधा घण्टा विश्राम र प्रत्येक हप्ता एक दिनको बिदा दिनु पर्छ। यसरी प्रत्येक दिन दिइएको आधा घण्टाको विश्राम तथा प्रत्येक हप्ता दिइएको एक दिनको बिदालाई पनि काम गरेको अवधि मानिने प्रावधान रहेको छ। एकै दिन एउटा प्रतिष्ठानमा काम गरिसकेको बालकलाई सोही दिन पुनः अर्को प्रतिष्ठानमा काममा लगाउनु नहुने तथा समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनु पर्ने व्यवस्था पनि ऐनले गरेको छ।

नेपालमा बालअधिकारसम्बन्धी कानुनी प्रावधान सकारात्मक रहेको भए तापनि कार्यान्वयन पक्ष भने त्यति दह्रो छैन। एकातिर नीति-नियम निर्माण तथा कार्यान्वयन गर्ने निकायले बालअधिकारको कानुनी प्रत्याभूतिलाई व्यवहारतः लागू गर्न नसकेको स्थिति छ भने अर्कोतिर देशमा व्याप्त सशस्त्र द्वन्द्वका कारणले पनि बालअधिकारका कानुनी प्रत्याभूतिहरू अक्षरमा मात्र सीमित हुन पुगेका छन्।

❐

नेपालमा बालअधिकारको वर्तमान स्थिति

नेपालको जनसंख्याको ठूलो भाग बालबालिकाको रहेको छ। नेपालको जनसंख्याको करिब ४२ प्रतिशत १६ वर्ष भन्दा मुनिका बालबालिका रहेका छन्। एक अर्को अनुमानमा १८ वर्षभन्दा कम उमेरका बालबालिका कूल जनसंख्याको करिब ५२ प्रतिशत रहेका छन्। सन् २००४ मा युएनडीपीद्वारा प्रकाशित प्रतिवेदन अनुसार, प्रत्येक एक सय जना नेपाली बालबालिकामध्ये ८४ जना गाउँमा बस्छन्।

सन् २००४ सम्मको आँकडामा नेपालमा बालबालिकाले अध्ययन गर्ने करिब २८ हजार प्राथमिक विद्यालयहरू छन्। नेपाली बालबालिकामध्ये करिब ८६ प्रतिशत बालक तथा करिब ७५ प्रतिशत बालिका मात्र विद्यालयमा भर्ना हुन्छन्। तर ती सबैले आफ्नो पढाइ पूरा गर्दैनन्। बीचैमा पढाइ छाड्नेको संख्या ठूलो छ। विद्यालय भर्ना हुनेहरूमध्ये आधा जतिले मात्र प्राथमिक तहको पढाइ पूरा गर्ने र अरुले त्यत्तिकै छाड्ने गरेको आँकलन छ।

युएनडीपीको प्रतिवेदनमा उल्लेखित आँकलनमा नेपाली बालबालिकामध्ये ९० प्रतिशतले मात्र खोप लगाउन पाउँछन्, ४७ प्रतिशत कुपोषणको शिकार भइरहेका छन् र ४० प्रतिशत निरपेक्ष गरिबीको रेखामुनि छन्। नेपालमा वर्षेनी २७ हजार बालबालिका पखालाको कारणले मर्ने गर्छन्। नेपाल अधिराज्यभरि सरकारी बाल अस्पतालको रूपमा एउटै मात्र कान्ति बाल अस्पताल छ। एक जना बाल विशेषज्ञले १ लाख ४४ हजार बालबालिकाको स्वास्थ्य उपचार गर्नु पर्दछ।

नेपालका बालबालिकामध्ये करिब २६ लाख विभिन्न क्षेत्रमा श्रमिकका रूपमा कार्यरत छन्। तीमध्ये कम्तीमा ४० हजार बँधुवा मजदुर तथा ५ हजार सडक-बालबालिका रहेको बताइन्छ। बाल भरिया, टेम्पो खलासी, घरेलु कामदार, गलैंचा र उनी धागो कारखानाका कामदार आदिका रूपमा काम गर्न आफ्नो घर छाडेर काठमाण्डौ उपत्यकामा प्रवेश गर्ने बालबालिकाको संख्या बढ्दो क्रममा छ।

जीवन निर्वाह गर्ने क्रममा देशका विभिन्न भागहरूबाट प्रत्येक वर्ष दशौं हज्जार बालबालिका छिमेकी देश भारतमा कामको खोजीमा जाने गरेका छन्। आप्रवासी कामदार तथा बालबालिका भएकाले यस्तो परिस्थितिमा उनीहरूको अधिकारमाथि चर्को हनन हुन्छ। विगतमा बालबालिकालाई भ्रममा पारेर, विभिन्न प्रलोभन र गलत आश्वासन दिएर र अपहरणसमेत गरेर भारतमा पुऱ्याइने गरेका घटना धेरै हुन्थे भने नेपालमा सशस्त्र द्वन्द्व चर्केपछि बाध्यतावश जानाजान पनि धेरै बालबालिका विदेशिएका छन्।

नेपालमा बालबालिकाको यौन शोषण भएका थुप्रै घटनाहरू प्रकाशमा आउने गरेका छन्। प्रकाशमा आएका घटनालाई हेर्दा बालकदेखि बालिकासम्मका यौन शोषण भएको र विदेशमा समेत बेचबिखन भएका घटनाहरू छन्। बाल श्रमिकहरू झन् असुरक्षित रहेको देखिन्छ। वेश्यावृत्ति र जबरजस्ती देह व्यापारको निम्ति वर्षेनी पाँचदेखि सात हजारसम्म बालबालिका र चेलीहरू भारतका विभिन्न शहरहरूमा पुऱ्याई बेचिएका अनुमान गरिन्छ।

आमाबाबुले गरेका विभिन्न अपराधका कारण कतिपय अबोध बालबालिकाले जेलमा आमा बाबुसँगै बन्दी जीवन बिताउन बाध्य भएका छन्। अनाथ, असहाय, जोखिममा परेका र सडक-बालबालिकाको लागि सरकारी पक्षबाट सबै जिल्लामा बालगृहको स्थापना हुनु पर्ने माग चारैतर्फ उठिरहेको भए तापनि यस दिशामा विशेष प्रगति हुन सकेको छैन। त्यसो त बालबालिकासम्बन्धी ऐन २०४८ ले देशका पचहत्तरै जिल्लामा अनाथ, असहाय बालबालिकाको संरक्षण गरिनु पर्ने व्यवस्था गरेको छ। सरकारी स्तरबाट अहिलेसम्म बालमन्दिर जस्ता एक-दुई वटा संस्था स्थापना भएका देखिन्छन् भने कतिपय गैर-सरकारी संस्थाले पनि बालगृहको स्थापना गरेका छन्।

बालअधिकारसम्बन्धी कानुनी प्रावधान बारेमा अघिल्लो एकाइमा नै चर्चा भइसकेको छ। संक्षेपमा भन्नु पर्दा नेपालमा बालबालिकाको हक-हितका सम्बन्धमा कानुनी प्रावधान राम्रा बने पनि कार्यन्वयन हुन नसक्दा बालअधिकारमाथिको हनन रोकिएको छैन। विगतको तुलनामा सशस्त्र संघर्षले चर्को हिंस्रक रूप लिए पछि बालअधिकारको स्थिति झनै नाजुक बनेको छ। युद्धका कारण बालअधिकार प्रत्यक्षत: बाधित हुनुका अतिरिक्त अप्रत्यक्ष असर पनि व्यापक तवरले परेको छ। सशस्त्र द्वन्द्वमा बालबालिकालाई भरिया, सुराकी तथा खाना बनाउने काममा मात्र होइन, कतिपय अवस्थामा युद्धमा समेत सामेल गराइएबाट बालअधिकारको अवधारणा नै क्षतिग्रस्त बन्न पुगेको देखिन्छ।

०५९ माघ १५ गते युद्धविरामदेखि ०६० साल भदौ १० गतेसम्म सरकार र माओवादीले पछिल्लो पटक युद्धविराम सम्झौता गरी वार्ता समेत गरेका थिए। त्यसैक्रममा सुरुवातकै अवधिमा देशका पाँचवटै विकास क्षेत्रका द्वन्द्व प्रभावित ३२ वटा जिल्लाहरूमा हिंसात्मक द्वन्द्वले महिला तथा बालबालिकामा परेको असरका सम्बन्धमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरी इन्सेकले वस्तुस्थितिबारे जानकारी संकलन गरेको थियो। त्यसैगरी देशको पाँचै विकास क्षेत्र समेट्ने गरी ४७ जिल्लाका २ सय ३५ विद्यालयका बालअधिकार चेतना समूहको पहलमा पनि त्यस्तै अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो। नेपालमा द्वन्द्वबाट प्रभावित बालबालिकाको अवस्था र बालअधिकारको वर्तमान स्थिति बारेमा इन्सेकले ०६० साल असारमा सम्पन्न गरेको अध्ययनले बालअधिकारमाथि निम्नानुसारको असर परेको देखाएको छ:

बाल बचावटको अधिकारमा परेको असर

बालबालिकाले जन्म लिएपछि बाँच्न पाउने अधिकार उस्को लागि सबै भन्दा महत्वपूर्ण अधिकार हो। वर्तमान अवस्थामा नेपालका बालबालिकाको बाँच्न पाउने अधिकार अन्य कारणहरूका अतिरिक्त द्वन्द्वको कारणले पनि नराम्ररी खोसिएको छ। नेकपा (माओवादी) द्वारा जनयुद्धको नाममा सुरु गरिएको सशस्त्र सङ्घर्षपश्चात् थुप्रै बालबालिकाले ज्यान गुमाउनु परेको छ। बालबालिकाले ज्यान गुमाउनु परेका घटनामध्ये कतिपयमा राज्यपक्ष तथा अन्य कतिपयमा माओवादीपक्ष जिम्मेवार छन्।

युद्धको भुमरीमा परी घाईते, अपाङ्ग र अशक्त अवस्थामा पुगेका बालबालिकाको संख्या पनि कम छैन। प्रत्यक्ष युद्धका बेलामा मात्र होइन, जथाभाबी राखिएका बम खेलाउँदा विस्फोटन भएर ज्यान गुमाउने तथा घाइते र अपाङ्ग भएका बालबालिकाको पीडा पनि छैदैछ। आफ्नो गतिविधि प्रचार गर्ने नाउँमा सार्वजनिक यातायतका साधनमा आगो लगाउँदा बालबालिकाको मृत्यु समेत भएको छ। माओवादी भएको शङ्कामा सुरक्षाफौजद्वारा अनुसन्धानबिना अन्धाधुन्ध गोली चलाउँदा बालबालिकाको मृत्यु भएको दृष्टान्त पनि पाइन्छ।

यसै गरी, गाविस कार्यालयहरू ध्वस्त बनाइँदा जन्मेपछिको पहिलो अधिकार जन्म दर्ताको अधिकार प्राप्त गर्नबाट बालबालिका वञ्चित भएका छन्। स्वास्थ्य चौकी आदिमा भएका विस्फोट र आगजनीका कारण त्यहाँबाट संचालित स्वास्थ्य सेवाहरु प्रभावित भएका छन्। बालबालिकाले प्रारम्भिक खोप लगायतका स्वास्थ्य सेवाहरू नपाउनाले उनीहरूको बाल बचावटको अधिकार हनन भएको छ भने उचित पालनपोषणको अभावका कारण कुपोषण लगायतका रोगहरू थपिएका छन् ।

बाल विकासको अधिकारमा परेको असर

हिंसाका कारणले नेपाली बालबालिकामा मानसिक, शारिरीक, बौद्धिक र मनोवैज्ञानिक असरहरू परेका छन्। बालबालिकाकै अगाडि उनीहरूका अभिभावकको क्रूर अमानवीय हत्याका

घटना भएका अनेक दृष्टान्त छन्। कक्षा कोठामा पढाइरहेका शिक्षकलाई सुरक्षाकर्मी तथा माओवादीले गिरफतार तथा अपहरण गर्ने, यातना दिने तथा मार्ने गर्नाले बालबालिकाको मानसिकतामा नराम्रो असर परेको छ।

अभिभावक गुमेका वा घाइते भएका कारण बालबालिकाको अध्ययन बीचैमा टुटेको छ। विद्यार्थीहरूमा अध्ययनप्रति उदासिनता बढेको र पढेर के पो हुने हो र भन्ने नकारात्मक धारणाको विकास भएको देखिएको छ। परिणाम स्वरूप कतिपय बालबालिकाले पढाइ छाडेका छन् भने अन्य कतिपयको चाहिँ पढ्ने चाहना भए तापनि परिस्थिति प्रतिकूल बनेको कारण पढ्न पाएका छैनन्। पठनपाठनमा परेको नकारात्मक असर अनुसार परिक्षाफलमा पनि असर परेको छ। शिक्षक, अभिभावक, छिमेकी वा साथी-भाइलाई पक्रिएको, यातना दिएको, कुटपिट, बेपत्ता तथा हत्या समेत गरेको घटना प्रत्यक्ष देखेर र सुनेर बालबालिका मर्माहत भएका छन्। एस.एल.सी. तथा अन्य परीक्षाका बेलामा हुने बन्द र अशान्तिका घटनाले नतिजामा समेत नकारात्मक असर परेको छ।

बालबालिकाको कोमल मस्तिष्कमा युद्धको बीजारोपण भएकोले अध्ययन, मनन र मानसिक विकासमा ह्रास आएको छ। कतिपय बालबालिका अपहरित भएकाले कलिलो मस्तिष्कमा चोट पर्न गई मानसिक सन्तुलन गुमाउन पुगेका छन्। विद्यालय तथा गाउँघरमा खेल्ने, जम्मा भएर मनोरञ्जन गर्ने, साथी नातेदार भेटघाट गर्ने क्रियाकलाप बन्द भएको छ। बालबालिका पढ्ने विद्यालयमा सुरक्षाफौज वा माओवादी बसिदिएका कारण विद्यालय नै बन्द हुने, विद्यालयभित्रै दोहोरो भीडन्त हुने, विद्यालय तथा खेल्ने ठाउँमा बम विस्फोटन आदि कारणले नेपालमा बाल विकासको अधिकारमाथि ज्यादै नकारात्मक असर पर्न गएको देखिन्छ।

बाल संरक्षणको अधिकारमा परेको असर

नेपालमा सशस्त्र द्वन्द्वको राँकोसँगै बालबालिकाको संरक्षणको अधिकार उल्लङ्घन हुने क्रम पनि साह्रै बढेको छ। बालबालिका आफ्नो घर तथा विद्यालय लगायतका सार्वजनिक स्थल, कतै पनि सुरक्षित रहन पाएका छैनन्। बालबालिका घरबाट विद्यालय जाँदा र फर्कदा समेत के के हुने हो भन्ने चिन्ताले सबैलाई त्रस्त पारेको छ।

हिंसात्मक द्वन्द्वकै कारणले आमा-बाबु गुमाएर टुहुरा र बेसहारा भई संरक्षण विहीन बनेका बालबालिकाको संख्या निक्कै बढेको छ। युद्धमा परी अभिभावकको मृत्यु तथा अशक्त भएका कारण बालबालिका आफैले अभिभावकको जिम्मेवारी पूरा गर्ने क्रममा अतिरिक्त श्रम गर्नु परेको छ। आफ्नै गाउँघर सुरक्षित नभएको कारण अभिभावकसँगै विस्थापित हुने बाध्यता पनि बालबालिकालाई नपरेको हैन। कम ज्यालामा जोखिमपूर्ण श्रम गर्न पनि उनीहरू बाध्य भएका छन्। बाबुको मृत्यु भएको र आमालाई चौतर्फी बोझ थपिएका कारणले आमाको तर्फबाट पनि बालबालिकाले यथोचित स्याहार पाउन सकिरहेका छैनन्। बालबालिकामाथि हुने यौन दुर्व्यवहार, यातना तथा काराबासले

पनि उनीहरूको संरक्षणको अधिकारलाई हनन गरेकै छन्।

युद्धमा बालबालिकाको प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्नता रहनुले बाल संरक्षणको अधिकार हनन हुने क्रम झन् बढ्यो। माओवादीले अनाथ तथा असहाय बालबालिकालाई संरक्षण प्रदान गर्ने एस.ओ.एस. बालग्राम र बालबालिकाका छात्रावास जस्ता स्थानहरूमा समेत आक्रमण गर्ने गरेकोले अनाथहरू समेत हिंसाको शिकार भएका छन्। सुराकीको आरोपमा बालबालिकाको हत्या गरिएको छ। यसै गरी सुरक्षा निकायले पनि माओवादीको आरोपमा गोलि हानी बालबालिकाको हत्या गरेको छ भने कतिपय बालबालिकालाई थुनामा राखी चरम यातना दिइएको थियो। माओवादी तथा सुरक्षाकर्मीका छोराछोरीमाथि अर्को पक्षले गर्ने भेदभाव पनि बाल संरक्षणको अधिकार उपभोगमा बाधक भएको छ।

बाल सहभागिताको अधिकारमा परेको असर

बालबालिकाका अन्य अधिकारजस्तै बाल सहभागिताको अधिकार हनन हुने क्रम पनि सशस्त्र द्वन्द्वसँगै एकदमै बढ्यो। नेपाली बालबालिका भयरहित वातावरणमा परिवारिक जीवनमा सहभागी हुन पाएका छैनन्। द्वन्द्वकै कारण बालबालिकाको लागि उपयोगी हुने खालका सामुदायिक गतिविधिहरू सञ्चालन हुन सकेका छैनन्। माओवादी/सुरक्षाकर्मीले आफ्ना कुराहरू प्रचार गर्ने, कार्यक्रम गर्ने तथा आश्रय लिने स्थल विद्यालयलाई बनाएको कारणले बालबालिकाले निर्धक्कसँग विद्यालयमा सहभागिता जनाउन समेत सकेका छैनन्।

बारम्बार हुने बन्द तथा नीजी विद्यालय बन्द गर्ने वा जलाउने कार्यले बालबालिका भययुक्त वातावरणमा बिद्यालय जानुपरेको छ। बालबालिकाको सकृयतामा बनेका बाल समूहहरूले निर्धक्क काम गर्न नपाउनाले पनि बाल सहभागिताको अधिकारको उपभोगमा नकारात्मक असर परेको छ। द्वन्द्वरत पक्षहरूको भयका कारण बालबालिकाले आफुलाई लागेको कुरा अभिव्यक्त गर्न सकेका छैनन्। उनीहरूले आफुलाई परेको पीडाको सुनुवाइ गर्ने अवसर पनि पाउन सकेका छैनन्। कतिपय अवस्थामा त कलम समात्ने हातले बन्दुक समेत समात्नु परेको छ। युद्धको असर कति गहन भएको छ भने बालबालिकाले खेल्ने क्रममा समेत बम बनाउने, पड्काउने, एक पक्षले अर्को पक्षलाई मार्ने जस्ता अभिनय गर्न थालेका छन्।

यसरी देशमा बालअधिकारको हनन व्यापक रूपमा भइरहँदा पनि आशाको दीप चाहिँ के छ भने बालअधिकारको अवधारणा बारेमा चेतना पनि बढ्दो क्रममा छ। राष्ट्रिय कानुनले बालबालिकासम्बन्धी प्रावधानलाई समेट्दै जानु त्यही बढ्दो चेतनाकै प्रतिफल हो। विद्रोही पक्षले पनि बालअधिकारप्रतिको सम्मानलाई अस्वीकार गरेको छैन। कमी चाहिँ कार्यान्वयन पक्षमा रहेको छ। यस पृष्ठभूमिमा के आशा गर्न सकिन्छ भने द्वन्द्व व्यवस्थापन हुँदै जाँदा नेपालमा बालअधिकारको पूर्ण प्रत्याभूति पनि हुनेछ।

नेपालमा बालअधिकारको प्रवर्द्धन गर्नका लागि विभिन्न प्रयत्नहरू भएका छन्। यस कार्यमा बालअधिकारको क्षेत्रमा कार्यरत विभिन्न गैर-सरकारी संस्थाहरूको गहकिलो भूमिका रहिआएको छ। नेपालमा गैर-सरकारी संस्थाहरू सन् १९९० अघिदेखि नै कार्यरत रहे तापनि तत्कालीन राजनीतिक परिवेश र अन्य विविध कारणले गर्दा ती संघ-संस्थाहरूले राम्रोसँग काम गर्ने वातावरण पाएका थिएनन्। प्रजातन्त्रको पुनर्स्थापनापश्चात् गैर-सरकारी संघ-संस्थाहरूले प्रभावकारी भूमिका निर्वाह गर्ने परिस्थिति बन्यो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपाल बाल मजदूर सरोकार केन्द्र (सिविन), हेल्पलाइन, न्यू इरा, लुमन्तीलगायत तीन दर्जनभन्दा बढी संस्थाहरू बालअधिकारको क्षेत्रमा कार्यरत छन्। यसरी नै सरकारी क्षेत्रबाट नेपाल बाल संगठन, परोपकार आदि संस्थाहरू बालबालिकाको हक-हितका लागि कार्यरत छन्।

❐

बाल मनोविज्ञान र शिक्षकको दायित्व

बालअधिकारको संरक्षण, संबर्द्धन तथा बालबालिकाद्वारा यसको उपभोगमा शिक्षकको महत्वपूर्ण भूमिका हुन्छ। बालबालिकाले आफ्नो परिवारपछि सबै भन्दा धेरै समय विद्यालयमा नै बिताउँछन्। उनीहरूको भविष्य निर्माणको मुख्य प्रयोगशाला विद्यालय नै हो। बालबालिकालाई काँचो माटो मान्ने हो भने शिक्षकहरूलाई कुमाले भन्नु पर्ने हुन्छ, जसले त्यो काँचो माटोलाई सुन्दर सिर्जनामा ढाल्छन्।

बालबालिकाका कतिपय अधिकार शिक्षकसँग प्रत्यक्षत: सम्बन्धित हुन आउँछन्। विद्यालय बाहिर पनि बालअधिकारको पक्षमा शिक्षकले विभिन्न कार्यहरू गर्न सक्छन्। विद्यार्थीहरूमाझ गठन गरिने बाल चेतना समूहको गतिविधि सञ्चालन गर्न त झन् शिक्षककै अहम् भूमिका हुन्छ। बालबालिकालाई बालअधिकारसम्बन्धी कार्यक्रममा सहभागी गराउन शिक्षकलाई बाल व्यवहार विश्लेषण र बाल मनोविज्ञानको ज्ञान हुनु अत्यावश्यक छ।

बालबालिकाको व्यवहार यस्तो हुन्छ:

१) बालबालिका एकै ठाउँमा धेरै बेर बस्न रुचाउँदैनन्।

२) सिर्जनात्मक कार्य गर्न उत्सुक हुन्छन्। सामग्री संकलन गर्न रुचाउँछन्।

३) नक्कल गर्न मन पराउने हुन्छन्।

४) कोही बढी बोल्ने र कोही कम बोल्ने हुन्छन्।

६) प्रतिस्पर्धाको भावना बढी हुन्छ।

माथि उल्लेखित व्यवहार र स्वभाव भएका बालबालिकालाई निम्न क्रियाकलाप गराउनु पर्ने हुन्छ:

१) शारीरिक अभ्यास गराउने, खेलको माध्यमबाट गीत गाउन र नाच्न सिकाउने।

२) सामग्री संकलन गर्न लगाउने र संकलित सामग्रीहरूलाई शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्ने।

३) चित्र कोर्न, रङ्ग भर्न, नमूना बनाउन आदि।

४) अभिनय, सम्वाद तथा विभिन्न जनावर र चराचुरुङ्गीहरूको आवाज नक्कल गर्न लगाउने।

५) सोधेका प्रश्नहरूको उत्तर झर्को नमानी दिन र प्रश्न गर्न प्रोत्साहन गर्ने।

६) परीक्षा प्रतियोगिता आदि गराएर प्रतिभा बढाउने।

शिक्षकको दायित्व

बालबालिका शारीरिक तथा मानसिक दृष्टिले अपरिपक्व हुने भएकाले विभिन्न ज्ञानका कुराहरू आफैं जान्ने भइसकेका हुँदैनन्। उनीहरूलाई ती कुराहरूका बारेमा शिक्षा दिइनु पर्छ। ती शिक्षाहरू औपचारिक तथा अनौपचारिक रूपबाट दिन सकिन्छ। उनीहरूले आफ्नो समाज, अभिभावक, शिक्षक तथा वातावरणबाट विभिन्न कुराहरू सिक्ने गर्छन्।

बालबालिकालाई आफ्ना अधिकारका बारेमा पूर्ण रूपमा थाहा भइसकेको हुँदैन। भविष्यका राष्ट्रका वाहक मानिएका बालबालिकाको अधिकारको संरक्षण हुनु नितान्त जरुरी हुन आउँछ। त्यसका लागि शिक्षक, अभिभावक, समाज, परिवार तथा अन्य क्षेत्रले बालअधिकारसम्बन्धी सामान्य मान्यता, नियम, कानून, अभिसन्धिमा उल्लेख भएका कुराहरूलाई व्यवहारमा लागू गर्न सर्वप्रथम बालअधिकार के हो भन्ने कुरा बुझ्नु पर्छ। त्यसका लागि पाठ्यक्रममा यस सम्बन्धी अध्ययन, अध्यापनको व्यवस्था हुनु जरुरी छ।

बालअधिकार शिक्षा दिने कामका लागि शिक्षक उपयुक्त माध्यम हुन्। शिक्षकले आफ्ना विद्यार्थीहरूलाई औपचारिक वा अनौपचारिक तवरबाट यस सम्बन्धी शिक्षा दिन सक्छन् र यो अन्य माध्यमबाट दिइएको शिक्षाभन्दा प्रभावकारी हुन्छ। त्यसैले बालअधिकारसम्बन्धी शिक्षाको चेतना फैलाउने काममा शिक्षकको भूमिका महत्वपूर्ण हुन आउँछ।

शिक्षकले बालबालिकाको मनोविज्ञानलाई ख्याल राखेर व्यवहार गर्नु पर्छ। राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा विद्यमान बालअधिकारसम्बन्धी व्यवस्थाहरू बुझ्नका लागि बालबालिका आफैं परिपक्व भइसकेका हुँदैनन्। त्यसैकारण अभिभावक, समाज तथा शिक्षकहरूले उनीहरूको अधिकार र कर्तव्यको बोध गराउनु पर्छ। त्यसका लागि अभिभावक भन्दा पनि शिक्षकबाट सिकाइएका कुराहरू बालबालिकाले सजिलोसँग बुझ्न सक्ने भएकाले बालबालिकालाई बालअधिकारका बारेमा ज्ञान दिलाउने विशेष जिम्मेवारी शिक्षकले लिनु उपयुक्त हुन्छ। यसका लागि पहिले त शिक्षक स्वयम्ले बालअधिकार सम्बन्धमा ज्ञान हासिल गर्नुपर्ने हुन आउँछ।

मानवअधिकार अथवा बालअधिकार शिक्षा औपचारिक रूपमा मात्र नभएर अनौपचारिक रूपमा पनि समाजको हरेक वर्ग, क्षेत्रसम्म प्रत्यक्ष रूपमा पुऱ्याउन सकिन्छ। अनौपचारिक रूपबाट दिइएको शिक्षाले सर्वसाधारणदेखि माथिल्लो स्तरसम्मका मानिसहरूलाई प्रभाव पार्न सक्छ। अझ साना बालबालिकालाई अनौपचारिक रूपमा खेल, कथा, कविता आदिका माध्यमबाट उनीहरूको अधिकारका बारेमा दिइएको ज्ञान बढी प्रभावकारी हुन आउँछ।

बालबालिकालाई विभिन्न उपायबाट उनीहरूको अधिकारबारेमा ज्ञान दिलाउन सकिन्छ। जस्तै-

- खेल
- कथा
- गीत
- हाजिरीजवाफ
- प्रवचन/सेमिनार
- नाटक
- प्रदर्शनी
- वक्तृत्वकला
- निबन्ध तथा कविता लेखन
- सञ्चार माध्यम

(बाल मनोविज्ञान बारेमा विस्तृत जानकारी अनुसूची ६ मा हेर्नु होला।)

❑

नौ

बालबालिका र शिक्षाको अधिकार

शिक्षा आर्जन गर्न पाउनु मानिसको अधिकार हो। मानवअधिकारको विश्वव्यापी अवधारणा अनुसार राज्यले शिक्षालाई अधिकारका दृष्टिले हेर्नु पर्छ। बालबालिकाको सन्दर्भमा त शिक्षाको अधिकारलाई अझ महत्वपूर्ण मानिन्छ।

संयुक्त राष्ट्रसङ्घद्वारा मानवअधिकारका सम्बन्धमा आयोजित सबभन्दा पछिल्लो बृहद् सम्मेलन सन् १९९३ को भियना सम्मेलन हो। उक्त सम्मेलनले पनि सबै सदस्य राष्ट्रहरूले बालबालिकाका लागि आधारभूत शिक्षाको व्यवस्थाका निम्ति प्राथमिकता प्रदान गर्नुपर्ने कुरामा जोड दिएको थियो।

सामान्य अवस्थामा पनि शिक्षाको अधिकार सुनिश्चित गर्ने दायित्व राज्यकै हो। कठिन परिवेशमा बाँच्न बाध्य मानिसहरूको अधिकारको संरक्षण र सम्बर्द्धनका निम्ति राष्ट्रिय स्तरमा शिक्षाको प्रत्याभूति गर्नु त झन् राज्यको दायित्व भइहाल्यो। भियनामा सम्पन्न विश्व मानवअधिकार सम्मेलनमा प्रष्ट शब्दमा त्यसमा जोड दिएको छ।

आज संसारको प्रमुख कार्यसूची विकास बनेको छ। विकासको मेरुदण्डका रूपमा भने शिक्षालाई नै मानिन्छ। कुनै पनि राष्ट्रको मानव शक्तिको यथोचित विकास, वितरण र प्रयोगले नै

विकासको स्वरूप र गतिको निर्धारण गर्छ। प्राथमिकदेखि उच्च तहसम्मको व्यवस्थित शिक्षाको अवसरबिना जनशक्तिको विकास संभव हुँदैन।

एडम स्मिथले आफ्नो चर्चित पुस्तक "वेल्थ अफ नेसन" मा शिक्षालाई अचल सम्पत्तिको संज्ञा दिएका छन्। शिक्षालाई राष्ट्रिय लगानीका रूपमा पनि व्याख्या गरिएको छ। शिक्षामा लगानी गर्न अलिकति पनि हिचकिचाउनु हुँदैन भन्ने अभिप्रायका साथ नै "मानवजातिमा गरिएको लगानी नै सर्वोत्तम लगानी हो" भनिएको हो।

शिक्षाको पक्षमा जाहेर यस्तै अभिमतहरूले शिक्षालाई अधिकारका रूपमा ग्रहण गर्नुपर्छ भन्ने सोच विकसित भएको हो। सन् १९७९ मा संयुक्त राष्ट्रसङ्घको आह्वानमा अन्तर्राष्ट्रिय बाल वर्ष मनाइएको थियो। त्यसबेलादेखि सन् १९८९ को अन्त्यतिर सम्मको तयारी पछि बालअधिकारसम्बन्धी महासन्धि पारित हुनसकेको हो।

बालअधिकार महासन्धिले शिक्षालाई अधिकारका रूपमा ग्रहण गर्दै प्राथमिक शिक्षा नि:शुल्क र अनिवार्य हुनु पर्ने बताएको छ। शिक्षा समझदारी, शक्ति र सहिष्णुताको पक्षपोषण गर्ने किसिमको हुनु पर्छ भन्ने कुरामा पनि महासन्धिले जोड दिएको छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रले अघि सारेको नागरिक तथा राजनीतिक अधिकार एवम् आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमध्ये दोस्रो अन्तरगत शिक्षाको अधिकार पनि पर्छ। शिक्षाको अधिकार सांस्कृतिक अधिकारकै एक पक्ष हो। सांस्कृतिक जीवनमा भाग लिन पाउने, वैज्ञानिक प्रगति र प्रयोगको फाइदा उपभोग गर्न पाउने तथा लेखक वा सर्जकले आफ्नो वैज्ञानिक, साहित्यिक अथवा कलात्मक उत्पादनबाट प्राप्त हुने नैतिक वा भौतिक लाभको फाइदा लिन पाउने कुरा पनि सांस्कृतिक अधिकार भित्र पर्छन्। विज्ञान र संस्कृतिको संरक्षण, विकास र प्रचार अनि वैज्ञानिक अनुसन्धान र सिर्जनात्मक गतिविधिको स्वतन्त्रता पनि सांस्कृतिक अधिकार हुन्। सांस्कृतिक अधिकारभित्र उल्लेख्य अधिकारका रूपमा रहेको छ- नि:शुल्क र अनिवार्य प्राथमिक शिक्षा। त्यही अधिकार अन्तरगत व्यावसायिक र प्राविधिक माध्यमिक शिक्षालाई क्रमश: नि:शुल्क पारिँदै लग्ने कुरा पनि पर्छ। प्राथमिक शिक्षाबाट वन्चित भएकाहरूका लागि आधारभूत शिक्षा, सम्पूर्ण तहका विद्यालयहरूको स्थापना र आफ्ना बालबालिकाका निम्ति विद्यालयको छनौट गर्ने आमा/बाबुको अधिकार शिक्षाको अधिकारका मूलभूत पक्षहरू हुन्।

मानवअधिकारको सर्वमान्य विश्वव्यापी अवधारणा अनुसार शिक्षाको अभीष्ट मानवअधिकारको सम्मान गराउने, पूर्ण मानवीय व्यक्तिगत तथा प्रतिष्ठाको विकास गराउने, खुला समाजमा सबैको प्रभावकारी सहभागिता बढाउने, विभिन्न राष्ट्र, वर्ण, जातजाति र धार्मिक समुदायबीच समझदारी, सहिष्णुता तथा मैत्रीभावको विकास गराउने रहेको छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको १८ वर्षपछि सन् १९६६ मा संयुक्त राष्ट्रसङ्घले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूसम्बन्धी अनुबन्ध जारी गऱ्यो। त्यसले

शिक्षाको अधिकारलाई अझ प्रष्ट शब्दमा अगाडि बढाएको छ। उक्त अनुबन्ध सन् १९७६ देखि लागू भएको हो।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २६ मा शिक्षाको अधिकारका सम्बन्धमा प्रष्ट उल्लेख गरिएको छ। उक्त धारामा भनिएको छ:

१) प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ। शिक्षा कम्तीमा प्रारम्भिक तथा आधारभूत चरणहरूमा नि:शुल्क हुनेछ। प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ। प्राविधिक र व्यावसायिक शिक्षा सर्वसुलभ हुनेछ। उच्चस्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ।

२) मानवको व्यक्तित्वको पूर्ण विकास र मानवअधिकार तथा मौलिक स्वतन्त्रतालाई बलियो गर्नेतर्फ शिक्षाको प्रसार गरिनेछ। शिक्षाद्वारा नै राष्ट्र, जाति र धार्मिक समूहहरूबीचको आपसी सद्भावना, सहिष्णुता र मैत्रीको विकास गराइने छ र शान्ति कायम गर्नको लागि संयुक्त राष्ट्र संघका प्रयत्नहरूलाई अघि बढाइने छ।

३) छोराछोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमा/बाबुलाई हुनेछ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्धको धारा १३ मा शिक्षाको अधिकारको प्रष्ट प्रत्याभूति गरिएको छ। उक्त अनुबन्धलाई अनुमोदन गरी हस्ताक्षर गर्ने राष्ट्रहरूले अनुबन्धमा उठाइएका कुराहरूलाई बाध्यात्मक रूपमा पालना गर्नु पर्छ। त्यस अर्थमा उक्त अनुबन्धमा हस्ताक्षर गर्ने संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरूको काँधमा शिक्षाको अधिकारको प्रत्याभूति गर्नुपर्ने दायित्व रहेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्धमा शिक्षाको अधिकारलाई बुँदागतरूपमा यसरी प्रस्तुत गरिएको छ-

१. वर्तमान अनुबन्धका पक्षराष्ट्रहरू प्रत्येक व्यक्तिको शिक्षा आर्जन गर्ने अधिकारलाई मान्यता दिन्छन्। उनीहरू यस कुरामा सहमत हुन्छन् कि शिक्षा मानव व्यक्तित्व र प्रतिष्ठाको पूर्ण विकास गर्नप्रति लक्षित हुनेछ र यसले मानवअधिकारका मूलभूत स्वतन्त्रताहरूलाई सुदृढ पार्नेछ। उनीहरू अझै यस कुरामा पनि सहमत हुन्छन् कि शिक्षाले सबै व्यक्तिहरूलाई प्रभावकारी ढंगले स्वतन्त्र समाजमा सहभागी वन्न मद्दत गर्नेछ, सबै राष्ट्र, जातजाति र धार्मिक समुदायका बीचमा समझदारी, सहनशीलता र मित्रता बढाउने छ र शान्ति कायम राख्न संयुक्त राष्ट्रसङ्घका गतिविधिहरूलाई अगाडि लैजाने छ।

२. वर्तमान अनुबन्धका पक्षराष्ट्रहरू मान्छन् कि यो अधिकारको पूर्ण प्राप्तिका लागि:

(क) प्राथमिक शिक्षा अनिवार्य र सबैको लागि नि:शुल्क वनाइने छ,

(ख) प्राविधिक र पेशागत माध्यमिक शिक्षा लगायत् विविध रूपको माध्यमिक शिक्षालाई प्रत्येक उपयुक्त उपायद्वारा र खासगरी नि:शुल्क शिक्षा लागू गरेर सबैका निम्ति आमरूपले उपलब्ध र पहुँचयोग्य बनाइने छ।

(ग) हर उपयुक्त उपायद्वारा, खासगरी क्रमश: नि:शुल्क शिक्षा लागू गरेर उच्च शिक्षालाई क्षमताको आधारमा सबैका निम्ति समानरूपले पहुँचयोग्य बनाइने छ।

(घ) प्राथमिक शिक्षा प्राप्त नगरेका अथवा आफ्नो सम्पूर्ण प्राथमिक शिक्षा पूरा नगरेका मानिसहरूका लागि सम्भव भएसम्म आधारभूत शिक्षालाई प्रोत्साहन दिइनेछ अथवा बढाइने छ।

(ङ) सबै तहहरूमा विद्यालय व्यवस्थाको विकास गर्न सक्रियरूपले प्रयास गरिनेछ, पर्याप्त किसिमको छात्रवृत्ति व्यवस्था स्थापना गरिनेछ र शिक्षकहरूको भौतिक अवस्थामा निरन्तर सुधार गरिने छ।

शिक्षाको अधिकारलाई जगैदेखि सुदृढ गराउने उद्देश्यले संयुक्त राष्ट्रसङ्घको पहलमा विश्वका सबै राष्ट्रले "सबैका लागि शिक्षा" अवधारणालाई स्वीकारेका छन्। "सबैका लागि शिक्षा" अभियानको मूल उद्देश्य संसारबाट निरक्षरता उन्मूलन गर्नु रहेको छ। नेपाल पनि सो अभियानमा ऐक्यबद्धता जाहेर गरी देशमा निरक्षरता हटाउने प्रतिबद्ध भएको छ। बालबालिकाको शिक्षाको अधिकारको प्रत्याभूति सुनिश्चित नभइकन मानवअधिकारअन्तर्गतका अन्य अधिकारहरूको प्रबर्द्धन पनि हुन सक्दैन। बालबालिकाको सन्दर्भमा त शिक्षाको अधिकारले झन् प्राथमिकता पाउनु पर्छ। तसर्थ बालअधिकारको क्षेत्रमा कार्यरत मानवअधिकारकर्मी तथा अन्य व्यक्ति तथा समूहले बालबालिकाको शिक्षाको अधिकारलाई प्राथमिक महत्वका साथ हेर्नु पर्छ।

❑

बालसमूह

दुई वा दुई भन्दा बढी व्यक्तिहरू समान उद्देश्यको लागि सँगै काम गर्छन् भने यसलाई समूह भनिन्छ। मानव समाजमा आवश्यकता अनुसार अनेक समूहहरू रहेका हुन्छन्। मानिस सामाजिक प्राणी भएकाले समूह निर्माण गर्नु उसको अनिवार्य आवश्यकता पनि हो। हाम्रो देशमा पनि विभिन्न किसिमका धेरै समूहहरू छन्। जस्तै- महिलाहरूको हकहितका लागि काम गर्ने महिला समूह; नहर, कुलो तथा खानेपानीको व्यवस्था गर्ने उपभोक्ता समूह; बालबालिकाको व्यक्तिगत र बौद्धिक विकासको लागि स्थापना गरेका बाल क्लबहरू; युवा क्लबहरू आदि। बालबालिकाको संलग्नतामा उनीहरूकै हकहितका लागि गठित समूह नै बालसमूह हो।

कुनै पनि सार्वजनिक हकहितको लागि सबै जना मिलेर आपसमा सल्लाह गरि काम गरेको खण्डमा त्यसले राम्रो परिणाम दिन्छ। त्यसैले बालबालिकाले पनि आफ्नो अधिकार प्राप्त गर्नको लागि मिलेर काम गर्न सकेमा त्यसको परिणाम पक्कै पनि राम्रो हुन्छ। "एक थुकी सुकी सय थुकी नदी" उखानले भनेजस्तै बालबालिकाले आफ्नो समूह बनाई त्यसमार्फत् गतिविधिहरू सञ्चालन गर्दा जुनसुकै बेला आफु र आफ्ना साथीहरूका हितका लागि सामुहिक रूपमा कार्य गर्न सक्छन्। ठूलो संख्यामा बालबालिकाको सहभागिता रहने विद्यालयजस्ता स्थानमा बालसमूह गठन गर्दा यसबाट बाल

संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धि अनुसार "जागृति बाल क्लब नेपाल" नामको संस्था दर्ता गरिपाउन माग गर्दै गत २०५५ साल माघ ४ गते सर्वोच्च अदालतमा एक रिट पऱ्यो। बालअधिकार महासन्धि अनुसार बाल संस्था दर्ताको माग गर्दै सर्वोच्च अदालतमा परेको यो पहिलो मुद्दा हो। यस प्रकारको मुद्दा हालसम्म कुनै पनि देशमा परेको जानकारी पाइएको छैन।

यसअघि २०५४ कार्तिक ४ मा जागृति बाल क्लब नेपाल दर्ता गरिदिन अनुरोध गर्दा जिल्ला प्रशासन कार्यालय नवलपरासीले १८ वर्ष मुनिका बालबालिकाको नागरिकता नभएको तथा उमेरको हदको कारण देखाई संस्था दर्ता गर्न नमिल्ने जानकारी गराएको थियो। जिल्ला प्रशासन कार्यालयको निर्णय विरुद्ध सिबिन नेपालको सहयोगमा जागृति बाल क्लबका अध्यक्ष तिलोत्तम पौडेलले श्री ५ को सरकार गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीलाई विपक्षी बनाई सर्वोच्च अदालतमा रिट दायर गर्नु भएको थियो।

बालबालिकाले दिएको रिटको फैसलामा २०५८ साउन २५ गते सर्वोच्च अदालतले बालअधिकार महासन्धिको धारा १५ द्वारा प्रत्याभूत संघ-संस्था खोल्न पाउने अधिकार अन्तरगत उक्त संस्था खोल्न पाउने भनी परमादेश जारी गऱ्यो। पटक पटकको कारण देखाउ आदेश, बहस र पेसीपछि न्यायधीशद्वय केदारनाथ उपाध्याय, केदारनाथ आचार्य र राजेन्द्रराज न्यौपाकी पूर्ण इजलासले सो निर्णय सुनाएको थियो।

सन्धि ऐन, २०४७ को दफा ९.१ मा नेपाल पक्षबाट भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता नेपालको कानुन सरह लागू हुने र सन्धि वा सम्झौताका कुनै व्यवस्था प्रचलित नेपाल कानुनसँग बाझिएमा सन्धि वा सम्झौतामा भएको व्यवस्था नै लागू हुनेछ भन्ने स्पष्ट प्रावधान छ। सन् १९९० सेप्टेम्बर १४ मा नेपालले बालअधिकार महासन्धिलाई अनुमोदन गरेको थियो। त्यसैले सोही महासन्धिको धारा १५ (१) र (२) मा प्रत्याभूत गरिएको बालबालिकाले आफ्नै तर्फबाट संघ-संस्था खोल्न पाउने अधिकार नेपालको सन्दर्भमा लागू हुनु स्वाभाविकै हो।

यसरी कानूनबमोजिम बालबालिकालाई प्राप्त हुने अधिकार शर्त राखी वा नराखी के कसरी दर्ता गर्नुपर्ने हो भन्ने तर्फ प्रवेश नै नगरी नागरिकता र उमेरको आधारमा संस्था दर्ता गर्न मिल्दैन भन्ने जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालयको निर्णय बदर गरी संस्था दर्ता गरिदिनु भन्ने परमादेश अदालतले जारी गरेको हो। यस मुद्दामा क्लबका तर्फबाट अधिवक्ता लालबहादुर थापाले बहस गर्नु भएको थियो। जागृति बाल क्लबको यस पहलले बालअधिकारका लागि बालबालिका स्वयम्ले पनि गर्नुपर्ने भूमिका निर्वाह गर्न सक्छन् भन्ने स्पष्ट हुन्छ।

सहभागिता, बाल विकास तथा बाल संरक्षणको अधिकारलाई समेत अनुकूल प्रभाव पर्छ।

बालबालिकाको शारीरिक तथा मानसिक अवस्था अपरिपक्व भएकाले आफ्ना हकहितका सबै मुद्दामा उनीहरू स्वयम् नै अग्रसर हुन नसके तापनि कतिपय कुरामा भने प्रभावकारी भूमिका निर्वाह

गर्न सक्छन्। बालसमूह गठन गर्नुको उद्देश्य बालबालिकाले सक्नेसम्मका कुरामा उनीहरूलाई अग्रसर बन्ने अवसर प्रदान गर्नु नै हो। यसबाट विद्यालय तथा समुदायमा मिलेर काम गर्ने बानी विकास हुनुका साथै आफ्ना आवश्यकताबारेमा दरिलो आवाज उठाउन समेत बालबालिकालाई मद्दत मिल्छ। समाज तथा राज्यले बालअधिकारको संरक्षणका लागि गर्नु पर्ने कर्तव्य पूरा नगरेको अवस्थामा बालसमूहले पनि दबाब दिन सक्छन्।

विभिन्न देशका अनुभवले देखाएको छ- बालसमूहहरू बालबालिकाको बौद्धिक तथा मानसिक विकासका लागि अत्यन्त सहायक हुन्छन्। हाम्रो देशका विभिन्न स्थानमा खुलेका बालसमूहका कार्यले बालबालिकाको बौद्धिक तथा मानसिक विकासमा प्रत्यक्ष उदाहरण पुऱ्याएका उदाहरणहरू थुप्रै छन्। बालसमूहको सक्रियतामा भित्ते पत्रिकाको प्रकाशन, वक्तृत्वकला, हाजिरीजवाफ आदि प्रतियोगिताको सञ्चालनजस्ता कार्यहरूले धेरै बालबालिकालाई उनीहरूको प्रतिभा प्रस्फुटनका लागि सघाएको पाइएको छ। बालसमूहमा सक्रिय हुने बालबालिका पछि गएर पढाइ तथा अन्य क्रियाकलापहरूमा समेत अग्रणी हुने गरेको समेत देखिएको छ। सानै उमेरदेखि बालबालिकाले समूहमा मिलेर काम गर्न सिके भने भविष्यमा कुनै जिम्मेवारी पाउँदा त्यसलाई सहजै पूरा गर्न सक्छन्। त्यसैले परिवार तथा शिक्षकले बालबालिकालाई बालसमूहमा आबद्ध हुन र समूहका क्रियाकलापमा सक्रिय हुन प्रोत्साहन दिनु पर्छ।

❐

अनुसूची १

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ (सरलीकृत)

१. हरेक व्यक्ति स्वतन्त्र हुन् र सबैलाई समान व्यवहार गरिनेछ।

२. कुनै पनि व्यक्तिलाई रङ्ग, लिङ्ग, जाति र भाषाको आधारमा भेदभाव गरिने छैन।

३. हरेक व्यक्तिको बाँच्न पाउने अधिकार छ।

४. कसैलाई पनि बाँधा वा दास बनाउन पाइने छैन।

५. कसैलाई पनि यातना दिने वा अमानवीय व्यवहार गरिने छैन।

६. कानूनको प्रयोगमा सबै व्यक्ति समान हुनेछन्।

७. कानून सबै व्यक्तिहरूको लागि समान हुनेछ र व्यवहारमा समान प्रयोग हुनेछ।

८. सबै व्यक्तिलाई स्वच्छ र निष्पक्ष न्यायको अधिकार हुनेछ।

१०. सबै व्यक्तिलाई स्वच्छ र निष्पक्ष न्यायको अधिकार हुनेछ।

११. सबै व्यक्ति अदालतबाट प्रमाणित नहुन्जेल निर्दोष ठहरिने छन्।

१२. कुनै पनि व्यक्तिको मनोमानी ढङ्गबाट घर, परिवार र पत्रव्यवहारमाथि आघात पुऱ्याइने छैन।

१३. प्रत्येक व्यक्तिलाई देशको सीमाभित्र घुमफिर गर्ने अधिकार छ।

१४. प्रत्येक व्यक्तिलाई अर्को देशमा राजनीतिक शरण माग्ने अधिकार छ।

१५. प्रत्येक व्यक्तिलाई राष्ट्रको नागरिकता पाउने अधिकार छ।

१६. हरेक व्यक्तिलाई विवाह गर्ने र परिवार बसाउने अधिकार छ।

१७. हरेक व्यक्तिलाई एक्लै वा अरुसँग मिलेर सम्पत्ति आर्जन गर्ने अधिकार छ।

१९. प्रत्येक व्यक्तिलाई आफूले रोजेको धर्म पालन गर्न पाउने अधिकार छ।

१९. हरेक व्यक्तिलाई अभिव्यक्ति र प्रकाशनको अधिकार छ।

२०. हरेक व्यक्तिलाई शान्तिपूर्ण तरिकाले सभा, सम्मेलन गर्ने अधिकार छ।

२१. हरेक व्यक्तिलाई देशको शासनमा भाग लिने अधिकार छ।

२२. हरेक व्यक्तिलाई सामाजिक सुरक्षा र आफ्नो विकास गर्ने अधिकार छ।

२३. हरेक व्यक्तिलाई उपयुक्त ज्यालामा र राम्रो वातावरणमा काम गर्ने साथै ट्रेड यूनियन खोल्ने अधिकार छ।

२४. हरेक व्यक्तिलाई कामपछि आराम गर्ने बिदाको अधिकार छ।

२५. प्रत्येक व्यक्तिको परिवार कल्याणको लागि स्तरीय जीवनको अधिकार छ।

२६. हरेक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ।

२७. हरेक व्यक्तिलाई स्वतन्त्रतापूर्वक समाजको सांस्कृतिक जीवनमा भाग लिन पाउने अधिकार छ।

२८. यस घोषणामा उल्लेखित अधिकार प्राप्त गर्न हरेक व्यक्तिलाई अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ।

२९. हरेक व्यक्तिले अरुको अधिकारको सम्मान गर्नु पर्छ; साथै सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु पर्दछ।

३०. कुनै पनि व्यक्ति र राष्ट्रलाई यो घोषणापत्रको गलत व्याख्या गर्ने अधिकार छैन।

अनुसूची २

बालअधिकारसम्बन्धी महासन्धिका प्रमुख बुँदाहरू

धारा १

बालबालिकाको परिभाषाः कानूनद्वारा वयस्कताको उमेरको अन्यथा व्यवस्था गरेकोमा बाहेक १८ वर्षलाई वयस्कताको उमेर मानिएको छ।

धारा २

भेदभाव गर्न नहुनेः बिनाअपवाद सम्पूर्ण अधिकारहरू सम्पूर्ण वालबालिकालाई उपलब्ध हुनेछन् र बालबालिकालाई कुनै पनि किसिमको भेदभावबाट जोगाउनु पर्ने राज्यको कर्तव्य हुनेछ।

धारा ३

बालबालिकाको उच्चतम हितः बालबालिकाको सम्बन्धमा गरिने सम्पूर्ण क्रियाकलापहरूले उनीहरूका उच्चतम हितलाई मध्यनजर राख्नेछन्।

धारा ४

अधिकारहरूको कार्यान्वयनः यस महासन्धिमा उल्लेखित अधिकारहरूलाई वास्तविकतामा उतार्नु राज्यको दायित्व हुनेछ।

धारा ५

बाबु-आमाको मार्गदर्शन र बालबालिकाको उदयोन्मुख क्षमताः बालबालिकाको उदयोन्मुख क्षमताहरूसँग मेल खाने किसिमसँग मार्गदर्शन प्रदान गर्ने बाबु-आमा र परिवारको अधिकार र कर्तव्यहरूलाई मान्यता दिने राज्यको दायित्व हुनेछ।

धारा ६

दीर्घ जीवन र विकासः बाँच्न पाउने जन्मसिद्ध अधिकार र बालबालिकाको दीर्घ जीवन र विकासप्रति राज्यको दायित्व हुनेछ।

धारा ७

नाम र राष्ट्रियताः जन्मेदेखि नाम राख्न पाउने र राष्ट्रियता पाउने अधिकार बालवालिकाको अधिकार हो।

धारा ८

परिचयको संरक्षणः बालबालिकाको परिचयका अधारभूत कुरा (नाम, राष्ट्रियता र पारिवारिक सम्वन्ध) को संरक्षण गर्ने र आवश्यकता अनुसार पुनर्स्थापना गर्ने राज्यको दायित्व हुनेछ।

धारा ९

बाबु आमाबाट बिछोडः बालबालिकाको सर्वोत्तम हितहरू विपरित हुने अवस्थामा बाहेक आफ्नो आमाबाबुसँग बसोबास गर्ने अधिकार हुनेछ। आमा वा बाबु वा राज्यको काम कार्वाहीबाट बाबुआमाबाट अलग हुन गएमा राज्यले गर्नु पर्ने कर्तव्य निर्वाह गर्नु पर्नेछ।

धारा १०

पारिवारिक पुनर्मिलनः पारिवारिक पुनर्मिलन हुन वा बाबुआमा र बालबालिकाको नाता कायम राख्नको निम्ति बालबालिकाले र निजको बाबुआमा कुनैले पनि मुलुक छाड्ने र आफ्नो मुलुकमा प्रवेश गर्ने अधिकार पाउनेछन्।

धारा ३०

अल्पसङ्ख्यक वा आदिवासी समुदायका बालबालिकाहरूः अल्पसङ्ख्यक र आदिवासी समुदायका बालबालिकाहरूले आफ्नो धर्म-संस्कृति मान्न र आफ्नो भाषा प्रयोग गर्न पाउने छन्।

धारा ३१

फुर्सद, आराम र सांस्कृतिक क्रियाकलापहरूः आराम गर्ने, खेल्ने तथा सांस्कृतिक र कलात्मक गतिविधिहरूमा भाग लिने बालबालिकाको अधिकार हुनेछ।

धारा ३२

बाल मजदूरः स्वास्थ्य, शिक्षा वा विकासमा हानी पुग्ने प्रकारको काममा बालबालिकाहरूलाई लगाउनबाट संरक्षण गर्नु तथा रोजगारीको लागि न्यूनतम उमेरको हद तोक्नु र रोजगारीका शर्तहरू लागू गराउनु राज्यको दायित्व हुनेछ।

धारा ३३

लागू पदार्थः लागू पदार्थको प्रयोगबाट संरक्षण पाउने र यसको उत्पादन एवं वितरणमा संलग्न गराउने कामबाट जोगिने बालबालिकाको अधिकार हुनेछ।

धारा ३४

यौन शोषणः वेश्यावृत्ति वा अश्लील चित्रमा संलग्नता लगायतको यौन शोषण र दुर्व्यवहारबाट संरक्षण पाउने बालबालिकाको अधिकार हुनेछ।

धारा ३५

बेचबिखन, सौदावाजी र अपहरणः बालबालिकाको बेचबिखन, सौदावाजी र अपहरणलाई रोकथाम गर्न हरेक प्रयास गर्नु राज्यको दायित्व हुनेछ।

धारा ३६

अन्य किसिमका शोषणः धारा ३२, ३३, ३४ र ३५ मा समाविष्ट नभएका अन्य सबै प्रकारका शोषणहरूबाट सुरक्षित हुने बालबालिकाको अधिकार हुनेछ।

धारा ३७

यातना र स्वतन्त्रताको अपहरणः बालबालिकालाई यातना दिन, क्रूर व्यवहार वा सजाय गर्न, मृत्युदण्ड दिन, आजीवन कारावास र गैह्र कानूनी गिरफ्तारी गर्न वा स्वतन्त्रताको अपहरण गर्न प्रतिबन्ध लगाइएको छ। साथै बालबालिकालाई वयस्क बन्दीहरूबाट अलग राखिनु पर्छ; परिवारसँग सम्पर्क गर्न र कानूनी तथा अन्य सहयोग प्राप्त गर्न दिनु पर्छ।

धारा ३८

सशस्त्र सङ्घर्षः बालबालिकाको सन्दर्भमा लागू हुने मानवीय कानूनको आदर गर्नु पर्छ। १५ वर्ष मुनिका कुनै पनि बालबालिकालाई सशस्त्र सेनामा भर्ती गराउन हुँदैन। सशस्त्र सङ्घर्षबाट प्रभावित बालबालिकाले सुरक्षा र स्याहार पाउनु पर्छ।

धारा ३९

पुनर्स्थापनासम्बन्धी स्याहारः सशस्त्र सङ्घर्ष, यातना, हेला, दुर्व्यवहार र शोषणका शिकार बनेका बालबालिकालाई सामाजिक पुनर्स्थापनाका लागि उपयुक्त उपचार दिलाउने राज्यको दायित्व।

धारा ४०

बालबालिकासम्बन्धी न्याय प्रशासनः आरोपित वा अपराधी मानिएका बालबालिकाका सम्बन्धमा पनि मानवअधिकारको आदर गरिनु पर्छ। विशेषतः कानूनी कार्वाहीका क्रममा बालबालिकाले आफ्नो प्रतिरक्षाको तयारी र प्रस्तुति लगायतका कार्यमा सम्पूर्ण पक्षहरूबाट फाइदा लिन पाउने अधिकार उनीहरूलाई हुनेछ। पक्षराष्ट्रहरूले बालबालिकाका लागि विशेष रूपमा लागू हुने खालका कानूनहरू, कार्यविधिहरू, निकायहरू र संस्थाहरूको स्थापना प्रबर्द्धन गर्ने प्रयास गर्नेछन्। बालबालिकाको हितको लागि संस्थागत हेरचाह लगायतका विकल्पहरू उपलब्ध गराउनु राज्यको दायित्व हुनेछ।

अनुसूची ३

दक्षिण एशियामा बालबालिकाको हित प्रबर्द्धन गर्ने क्षेत्रीय प्रावधानको निम्ति सार्क महासन्धि (सन् २००२)

प्रस्तावना

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्रहरू यस महासन्धिका राज्यपक्षहरू:

- विश्वका बालबालिकाको एक चौथाइ जनसंख्या दक्षिण एशियामा बसोबास गर्दछन्, तिनीहरूमध्ये अधिकांशलाई सुरक्षा तथा अधिकारको पूर्ण उपभोगका निम्ति र उनीहरूको पूर्ण क्षमतासम्म विकसित हुन तथा आफ्नो परिवार र समाजमा उत्तरदायी जीवन जीउन उनीहरूलाई सहयोग एवं संरक्षण आवश्यक पर्दछ भन्ने कुरा मनन गर्दै;
- आमा वा कानुनी मान्यता प्राप्त अभिभावक, जो जुन परिस्थितिमा छ, उनीहरूका बालबालिकालाई हुर्काउने, बढाउने तथा विकास गर्नमा प्राथमिक दायित्व रहन्छ भन्ने कुरालाई ध्यानमा राख्दै;
- तसर्थ, समाजको आधारभूत इकाई तथा बालबालिकाको वृद्धि एवं भलाई स्याहारसुसारको वातावरणका निम्ति परिवारलाई आवश्यक संरक्षण तथा सहयोग प्रदान गर्नुपर्दछ, जसले गर्दा बालबालिका तथा समुदायप्रतिको आफ्नो दायित्व पूर्णरूपमा बहन गर्न सकोस् भन्ने कुराको पहिचान गर्दै;
- बाल्यावस्था विशेष हेरविचार तथा सहयोगको भागिदार हुन्छ भन्ने मानवअधिकारको विश्वव्यापी घोषणाप्रति उनीहरूको राष्ट्रको साझा घोषणाको पुनर्स्मरण गर्दै;
- बालबालिकाका लागि शिखर सम्मेलनको घोषणापत्रप्रति उनीहरूका समर्थन तथा बालअधिकारको लागि राष्ट्रसङ्घीय महासन्धिप्रतिको प्रतिबद्धताको पुनर्पुष्टि गर्दै;
- दक्षिण एशियाका बालबालिकाप्रति रावलपिण्डी संकल्प १९९६ मा समाविष्ट भएका बालबालिकाका परिवर्तनशील आवश्यकताका प्राथमिकता, रणनीति तथा दृष्टिकोणबारेमा क्षेत्रीय सहमति निर्माण गर्ने सार्कको प्रयासलाई पहिचान गर्दै तथा बालजीविका एवं कल्याणका क्षेत्रमा सदस्य राष्ट्रहरूले यसअघि नै हासिल गरिसकेका उल्लेखनीय प्रगतिहरूको मनन गर्दै;
- इस्वी सन् २००१-२०१० लाई बालअधिकारका निम्ति सार्क दशक घोषणा गरिएको कुरालाई मध्यनजर गर्दै;
- दक्षिण एशियाली बालबालिकाको पूर्ण क्षमताको विकास र ऐक्यबद्धता, न्याय, शान्ति र मानव प्रगतितर्फ क्षेत्रकै सामूहिक यात्रा एकदमै यात्रा एकदमै अन्तर्निहित हुन् भन्ने कुरालाई मध्यनजर गर्दै;
- बालअधिकार प्रदान तथा संरक्षण गर्ने दक्षिण एशियाली राष्ट्रहरूको प्रयासलाई दरिलो बनाउन अनुभव, कार्यक्षमता, सूचना तथा स्रोतको आदान-प्रदानद्वारा क्षेत्रीय ऐक्यबद्धता तथा सहयोगको महत्वको अपरिहार्यतालाई स्वीकार्दै;
- सार्कका सदस्य राष्ट्रहरू व्यापक दक्षिण एशियाली दृष्टिकोणका साथ तिनका बालबालिकाको कल्याणका निम्ति एकसाथ जान सक्छन् भन्ने तथ्य महसुस गर्दै निम्नानुसार सहमत भएका छन्:

भाग १

परिभाषा, उद्देश्य तथा निर्देशक सिद्धान्तहरू

धारा १

परिभाषाहरू

यस महासन्धिको हकमा-

- "बालअधिकार" भन्नाले बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा उल्लिखित बालबालिकाका अधिकार भन्ने जनाउँछ।
- "बालक" भन्नाले राष्ट्रिय कानुनमा यसअघिकै उमेरलाई तोकिएको बाहेक, १८ वर्षभन्दा मुनिका दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनका सदस्य राष्ट्रका व्यक्ति भन्ने बुझिन्छ।

धारा २

उद्देश्य तथा लक्ष्यहरू

यस महासन्धिका उद्देश्य तथा लक्ष्यहरूअन्तर्गत:

- बालबालिकाका लागि विश्वशिखर सम्मेलन तथा थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनका साथसाथै सार्क शिखर सम्मेलनहरूमा व्यक्त निर्णायक प्रतिज्ञाहरूलाई लागू गर्न राज्यपक्षहरूबीच एकता कायम गर्नु
- अधिकार, कर्तव्य तथा दायित्व एवं अन्य कुरालाई मनन गर्दै दक्षिण एशियाली बालबालिकाको पूर्ण क्षमता विकास तथा संरक्षणका निम्ति सुविधा प्रदा नगर्न तथा सहयोग गर्न प्रतिबद्धता र लगनशीलताका साथ मिलेर काम गर्नु
- बालबालिकाका परिवर्तनशील आवश्यकताहरूलाई मध्यनजर गर्दै बालअधिकार सुविधा पूर्ण बनाउन, प्रदान गर्न तथा संरक्षण गर्न उचित क्षेत्रीय संरचना तयार गर्न सदस्य राष्ट्रहरूलाई सहयोग गर्नु पर्दछन्।

धारा ३

निर्देशक सिद्धान्तहरू

क्षेत्रीय संरचना स्थापना गर्न राज्यपक्ष राष्ट्रहरू निम्न सिद्धान्तहरूबाट निर्देशित हुनेछन्:

- बालबालिकाका जीविका, संरक्षण, विकास एवं सहभागिताका अधिकारलाई यस महासन्धिका राज्यपक्षले महत्वपूर्ण पूर्वशर्तका रूपमा निम्न कुराका लागि लिनेछन्-
  (क) मानवअधिकार तथा आधारभूत स्वतन्त्रताप्रति तिनका जनताको मनन प्रक्रियालाई बढावा दिन र
  (ख) दक्षिण एशियामा आर्थिक तथा सामाजिक विकास प्राप्त गर्न।
- राष्ट्रिय कानुन तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय बाध्यात्मक औपचारिक लिखतहरूद्वारा निश्चित गरिएका सबै खाले अधिकार तथा स्वतन्त्रता प्राप्त गर्ने बालअधिकारलाई राज्यपक्षले पुनर्पुष्टि गर्ने छन्।
- राज्यपक्षहरूले बालअधिकारका निम्ति संयुक्त राष्ट्रसंघीय महासन्धिलाई बालअधिकार तथा

कल्याणसम्बन्धी व्यापक अन्तर्राष्ट्रिय औपचारिक लिखतका रूपमा ग्रहण गर्ने छन् र त्यसकारण यसको कार्यान्वयन गर्ने प्रतिबद्धता दोहोऱ्याउने छन्।

- राज्यपक्षहरूले "बालबालिकाको सर्वोत्तम हित" लाई विशेष महत्वको सिद्धान्तअनुसार ग्रहण गर्ने छन्, तथा बालबालिकासम्बन्धी क्रियाकलापका निमित्त यस सिद्धान्तलाई समर्थन गर्ने छन्।
- बालबालिकाको कल्याणका बारेमा हेरविचार गर्ने प्राथमिक दायित्व बुबाआमा तथा परिवारमा हुन्छ भन्ने कुरालाई मनन गर्दै, राज्यपक्षहरूले बालबालिकाको सर्वोत्तम हितको संरक्षण निश्चित गर्ने कर्तव्य तथा अधिकार राष्ट्रमा हुन्छ भन्ने सिद्धान्तलाई समर्थन गर्ने छन्।
- राज्यपक्षहरूले यस महासन्धिलाई बालकल्याणको क्षेत्रमा भए गरेका सबै राष्ट्रिय कानुनहरू तथा द्विपक्षीय वा बहुपक्षीय सम्झौताहरूको निर्देशक शक्तिका रूपमा लिने छन्।
- राज्यपक्षहरूले लैंगिक न्याय तथा समानतालाई सधैं बालबालिकाका निम्ति प्रमुख प्रेरकका रूपमा लिने छन्, जुन सरकारहरूले एकसाथ मनन गर्नाले, दक्षिण एशियाको उन्नतिलाई अझ सुदृढ बनाउने छन्।

भाग २

क्षेत्रीय प्राथमिकता तथा व्यवस्थाहरू

धारा ४

क्षेत्रीय प्राथमिकताहरू

- बालअधिकारका निम्ति संयुक्त राष्ट्रसङ्घीय महासन्धि एवं अन्य अन्तर्राष्ट्रिय तथा राष्ट्रिय औपचारिक लिखत तथा कानुनमा समाविष्ट भएका अधिकारहरूको अविभाज्यतालाई बिनापूर्वाग्रह, राज्यपक्षहरूले द्विपक्षीय तथा क्षेत्रीय सहयोगमार्फत् उल्लेखनीय रूपमा फाइदा पुऱ्याउने बालविकास तथा कल्याणका निम्ति महत्वपूर्ण क्षेत्रहरूलाई विशेष जोड दिने छन्।
- शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवाहरू, रोग तथा कुपोषणलाई विशेष जोड दिंदै बाल जिविका तथा विकासको आधारशिलाका रूपमा मनन गर्दै, राज्यपक्षहरूले विकासको नीति र बाल विकासलाई सुनिश्चित गर्ने राष्ट्रिय कार्यनीति अवलम्बन गर्ने छन्। आधारभूत सेवा तथा शर्तहरूमा बालबालिकाहरूको पहुँचलाई प्रगतिशील ढंगबाट विश्वव्यापीकरणलाई बढावा दिने कुरालाई नीतिले जोड दिनेछ।
- राज्यपक्षहरू उचित कानुन तथा प्रशासनिक संयन्त्र एवं सामाजिक सुरक्षा सञ्जाल तथा रक्षा सधैं सही स्थानमा छन् भन्ने निम्ति कुराका लागि निश्चित गर्दछन्:
  - (क) कुनै पनि प्रकारका भेदभाव, दुरूपयोग, उपेक्षा, शोषण, यातना वा तल्लोस्तरको व्यवहार ओसार-पसार र हिंसाबाट राष्ट्रिय कानुनहरूले बालबालिकालाई संरक्षण प्रदान गर्छ भनेर निश्चित गर्ने छन्।
  - (ख) जोखिमपूर्ण तथा हानिकारक श्रममा बालबालिकाको प्रवेशलाई निरुत्साहन गर्न र सार्क क्षेत्रबाट बदनाम बालश्रमलाई उन्मूलन गर्ने नवौं सार्क शिखर सम्मेलनको निर्णयलाई कार्यान्वयन गर्न।

यसो गर्न राज्यपक्षहरूले बालश्रमिक उपलब्ध गराउन खोज्ने परिवारहरूलाई प्राथमिकतहका अवसरहरूको उपलब्धता तथा सहयोगात्मक सामाजिक सुरक्षा सञ्जाललगायतका बहुमुखी रणनीति अनुशरण गर्ने छन्।

(ग) बालबालिकाको मूल्य र मान्यता प्रबर्द्धन हुने किसिमले तथा परिवार र समाजमा बालबालिकाको पुनर्संयोजनलाई प्राथकितासाथ प्रबर्द्धन गर्ने गरी बालबालिकालाई सुहाउने न्याय प्रदान गर्नु। त्यसो गर्दा राज्यपक्षहरूले बालबालिकाहरूलाई उनीहरूको बासस्थान रहेको राष्ट्र भन्दा बाहिर तथा सम्बन्धित महिला तथा आमाहरूलाई, जसलाई शिशु वा अत्यन्त कम उमेरका बालबालिकासहित पक्राउ गरिएको छ, लाई विशेष हेरचाह तथा उपचार प्रदान गर्ने छन् र सम्भव भएसम्म बालबालिकाको सर्वोच्च हितलाई ध्यानमा राख्दै, संस्थागत सुधारका वैकल्पिक उपायहरू अवलम्बन गर्ने छन्।

(घ) राज्यपक्षहरूले रोजगारी तथा विवाहको निम्ति न्यूनतम उमेरलगायतका राष्ट्रिय कानुनहरूको प्रभावकारी कार्यान्वयनलाई सहयोग पुऱ्याउन जन्म, विवाह र मृत्यु सरकारी तबरमा दर्ता गराउने छन्।

- बालबालिकाको परिवर्तनशील सामर्थ्यलाई मनन गर्दै बालबालिकालाई अवसर तथा पहुँच प्रदान गर्न राज्यपक्षहरूले प्रशासनिक तथा न्यायिक निकायहरूलाई स्थानीय रीत तथा परम्पराअनुसार, स्तरअनुसार सुहाउँदो संयन्त्रको बन्दोबस्त गर्न प्रोत्साहित तथा सहयोग गर्ने छन्:

  (क) सूचना खोज्न तथा हासिल गर्न

  (ख) उमेर तथा परिपक्वताका आधारमा उनीहरूलाई प्रभाव पार्ने हरेक कुराहरूमा उनीहरूलाई प्रत्यक्ष तथा कुनै प्रतिनिधिमार्फत विचार प्रकट गर्ने तथा त्यसको उचित भार तथा मान्यता

  (ग) विद्यालय परिवार तथा सामुदायिक जीवनमा कुनै पनि अवरोध तथा भेदभावबिना पूर्ण सहभागिता।

- राज्यपक्षहरूले आमसञ्चारका माध्यमलाई सामाजिक तथा सांस्कृतिक लाभ पुऱ्याउने खालका सूचना तथा सामग्री प्रसारण गर्न प्रोत्साहित गर्ने छन्। उनीहरूले बालबालिकाका बारेमा सम्बन्धित अरु क्षेत्रीय तथा अन्तर्राष्ट्रिय लिखतहरूलगायत यस महासन्धिलाई व्यापक प्रकाशनमा ल्याउन कोशिस गर्ने छन्।

धारा ५

क्षेत्रीय व्यवस्था

माथि उल्लिखित क्षेत्रीय प्राथमिकतामाथि निरन्तर जोड एवं अनुशरण गर्ने कुराहरूलाई राज्यपक्षहरूले बालअधिकार तथा विकासको क्षेत्रमा सार्क सदस्य राष्ट्रहरूबीच ऐक्यबद्धता, सहयोग तथा सामूहिक कार्यको प्रबर्द्धन गर्ने छन्। राज्यपक्षहरूले त्यस्तो सहयोगलाई बालअधिकारको पूर्ण प्रत्याभूति तथा बालकल्याणको सम्भव भएसम्मको सर्वोच्च मापकको प्राप्ति तथा तिनीहरूको राष्ट्रिय प्रयासमा गुण तथा प्रभाव वृद्धि गराउने रूपमा हेर्ने छन्। यसलाई अनुशरण गर्नका निमित्त राज्यपक्षहरू निम्नलिखित कार्यका लागि सहमत भएका छन्:

(क) सूचना, अनुभव तथा कार्यक्षमताको उचित द्विपक्षीय तथा बहुपक्षीय आदान-प्रदानका लागि अवसरहरू प्रदान गर्न।

(ख) बालअधिकार तथा विकासमाथि सार्क उच्चस्तरीय तालिम कार्यक्रमहरूका योजनाबद्ध वार्षिक अनुसूचीमार्फत मानवस्रोत विकासलाई सुविधा पुऱ्याउन।

(ग) कुनै पनि सार्क सदस्य राष्ट्रहरूका बालबालिकासँग सम्बन्धित कुनै न्यायिक तथा प्रशासनिक छानबिन तथा कार्यविधिलाई प्राथमिकताका साथ चाँडै समाप्त गर्न एवं उजागर गर्न विशेष बन्दोवस्त र आरोप गरिएअनुसारको कसूरंबाट सम्बन्धित देशको राष्ट्रिय सुरक्षालाई खतरामा पारेको छैन भने सार्क राष्ट्रका सदस्य बालबालिकालाई मुद्दा मामिला तथा उपचारकोलागि उनीहरूलाई आफ्नो कानुनी उपचार भएको राष्ट्रमा फिर्ता पठाउन।

(घ) यौन, आर्थिक तथा अन्य उद्देश्यहरूलगायतका निम्ति अन्तरदेशीय दुरूपयोग तथा शोषणलाई निषेध गर्न क्षेत्रीय रणनीति तथा व्यवस्थाहरू निर्माण गर्ने तथा कार्यान्वयन गर्न सम्बन्धित सार्क निकायहरूलाई शक्तिशाली बनाउन।

(ङ) व्यापक शिक्षा, आवश्यक तालिम तहमा खाद्यन्नको समानुपातिक वितरण निश्चित गर्न विशेष गरी महिला तथा बालबालिकाको निम्ति ज्ञान अभिवृद्धि एवं व्यापक चेतना एवं गुणस्तरीय पौष्टिक आहारको प्रबर्द्धनको लागि दक्षिण एशियाली पौष्टिक आहार कार्यक्रमको सुरुवात गर्न।

भाग ३

सम्बन्ध एवं सहयोग

धारा ६

द्विपक्षीय तथा बहुपक्षीय सहयोग

राज्यपक्षहरूले बालबालिकाको अधिकार तथा कल्याणलाई सुविधा पुऱ्याउने, प्रदान गर्ने तथा संरक्षण गर्ने राष्ट्रिय तथा क्षेत्रीय प्रयासहरूमा सकारात्मक प्रभाव पार्ने खालका द्विपक्षीय तथा बहुपक्षीय सम्झौता तथा सहयोगलाई प्रोत्साहन एवं समर्थन गर्ने छन्।

धारा ७

राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय संयन्त्रहरूसाग सम्बन्ध

- राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूको सम्बन्धमा यस महासन्धिका राज्यपक्षहरूले महासन्धिको कार्यान्वयनलाई सुरक्षित गर्न आवश्यक पर्ने आफ्ने देशका संविधान, कानुन तथा प्रावधानहरूलाई ग्रहण गर्ने छन्।
- यस महासन्धिमा उल्लिखित कुनै पनि कुराहरूले राष्ट्रिय कानुनहरू तथा अन्तर्राष्ट्रिय सम्झौताहरूमा लागू भैरहेका दक्षिण एशियाली बालबालिकाको अधिकारहरूको अनुभूतिका निमित्त अझ प्रभावकारी प्रावधानहरूलाई असर पार्ने छैनन्।

धारा ८

गैरसरकारी निकायहरूसाग सम्बन्ध

समुदायमा आधारित संस्था लगायतका गैरसकारी निकायहरूको सहभागितालाई यस महासन्धिका

प्रावधानहरूलाई लागू गर्नको निमित्त राज्यपक्षहरूले प्रोत्साहन तथा समर्थन गर्न सक्ने छन्।

धारा ९

संयुक्त राष्ट्रसङ्घीय निकाय तथा अन्य अन्तर्राष्ट्रिय निकायहरूसाग सहयोग

तिनीहरूको प्रकृति तथा क्षेत्रहरूलाई मध्यनजरगर्दै राज्यपक्षहरूले संयुक्त राष्ट्रसंघीय तथा अन्य अन्तर्राष्ट्रिय निकायहरूसँगको सहयोगलाई प्रोत्साहन गर्न सक्ने छन्।

धारा १०

राजनीतिक प्रतिबद्धता

राज्यपक्षहरूले यस महासन्धिका प्रावधान लागू गर्न, सहयोग गर्न आवश्यक कदमहरू चालिएको निश्चितता गर्न चाहिने आवश्यक राजनीतिक समर्थन प्राप्त गर्ने छन्। ती कदमहरूमा अन्य कुराहरूका अतिरिक्त न्यायिक सुधार, उचित नयाँ नीति तथा कानुनहरूको तर्जुमा, तालिम प्राप्त जनशक्ति, आवश्यक रूपमा साधन सम्पन्न संस्था तथा उचिन रूपमा मानवीय तथा आर्थिक स्रोतहरूको व्यवस्थालगायत रहने छन्।

धारा ११

हस्ताक्षर तथा अनुमोदन

सदस्य राष्ट्रहरूबाट हस्ताक्षर गरिनका लागि यो महासन्धि काठमाण्डौमा सम्पन्न हुने एघारौं सार्क शिखर सम्मेलनको समयमा तथा त्यसपछि सार्क सचिवालय काठमाण्डौमा खुला रहनेछ। यो अनुमोदनयोग्य हुनेछ। अनुमोदनका लागि दस्तावेज महासचिवसमक्ष रहनेछ।

धारा १२

लागू

महासचिवसमक्ष अनुमोदन गरिएको सातौं लिखत हस्तान्तरण भएको पन्ध्र दिनपछि यो महासन्धि लागू हुनेछ।

धारा १३

हस्तान्तरण

यो महासन्धि महासचिवसमक्ष रहने छ र उसले यस महासन्धिमा भएका हस्ताक्षर तथा हस्तान्तरण भएका दस्तावेजहरूको बारेमा सदस्य राष्ट्रहरूलाई सूचित गर्नेछ। महासचिवले प्रत्येक सदस्य राष्ट्रलाई त्यस्ता दस्तावेजहरूको प्रमाणित प्रतिलिपिहरू प्रवाहित गर्नेछ। महासचिवले धारा १३ अनुसार यो महासन्धि कुनै मितिदेखि लागू हुने हो, सोबारेमा सदस्य राष्ट्रहरूलाई जानकारी गराउने छ।

- निम्न हस्ताक्षरकारीहरूले साक्षी भई, आ-आफ्ना सरकारका तर्फबाट आधिकारिक रूपमा यस महासन्धिमा हस्ताक्षर गरेका छन्।
- इस्वी सन् २००२ जनवरी ५ का दिन अंग्रेजी भाषामा लेखिएका नौप्रति सक्कल, जो उत्तिकै आधिकारिक छन्, मा काठमाण्डौमा हस्ताक्षर गरियो।

बालबालिकासम्बन्धी ऐन, २०४८

(लालमोहर मिति: २०४९।२।७, प्रकाशन मिति: २०५७।३।७)

प्रस्तावना

बालबालिकाको हक, हितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्न समयानुकूल कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

परिच्छेद १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "बालबालिकासम्बन्धी ऐन २०४८" रहेको छ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:**

(क) "बालक" भन्नाले सोह्र वर्षको उमेर पूरा नगरेको बालबालिका सम्झनुपर्छ।

(ख) "संरक्षक" भन्नाले बालकको संरक्षण गर्नको निमित्त दफा २२ बमोजिम नियुक्त भएको संरक्षक सम्झनुपर्छ।

(ग) "बालकल्याण समिति" भन्नाले बालकहरूको संरक्षण तथा कल्याणको लागि दफा ३२ बमोजिम गठन गरिएको केन्द्रीय बाल कल्याण समिति तथा जिल्ला बाल कल्याण समिति सम्झनुपर्छ।

(घ) "बाल कल्याण अधिकारी" भन्नाले ३३ बमोजिम श्री ५ को सरकारद्वारा नियुक्त भएको बाल कल्याण अधिकारी सम्झनुपर्छ र सो शब्दले निजको काम गर्न तोकिएको अन्य कुनै व्यक्ति वा कर्मचारीलाई समेत जनाउँछ।

(ङ) "बेवारीस बालक" भन्नाले त्यस्तो बालक सम्झनु पर्छ:

(१) जसको हेरचाह गर्नको निमित्त बाबु, आमा वा परिवारको अन्य कुनै सदस्य छैन।

(२) जसको बाबु, आमा वा परिवारका सदस्य भए पनि तिनीहरूबाट तिरस्कृत भएको छ।

(३) जसको जीविकोपार्जनको कुनै स्रोत छैन।

(च) "बाल कल्याण गृह" भन्नाले बेवारीसे बालकको पालनपोषणको निमित्त श्री ५ को सरकारले दफा ३४ बमोजिम स्थापना गरेको बाल कल्याण गृह सम्झनुपर्छ।

(छ) "बाल कल्याण गृह प्रमुख" भन्नाले बाल कल्याण गृहको प्रमुखको हैसियतले काम गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले निजको अनुपस्थितिमा निजको काम गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(ज) "बाल सुधार गृह" भन्नाले दफा ४२ बमोजिम श्री ५ को सरकारले स्थापना गरेको वा सो प्रयोजनको निमित्त उपयोगमा ल्याएको बाल सुधार गृह सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

परिच्छेद २
बालकहरूको हक अधिकार

३. बालकको नाम राख्ने र जन्म मिति कायम गर्ने

(१) प्रत्येक बालक जन्मेपछि निजको बाबु भए बाबुले, बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृति र चलनअनुसार बालकको नाम राखिदिनु पर्छ। बालकको बाबु, आमा वा परिवारको कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखिदिनु पर्छ।

(२) कुनै बालकको जन्म मिति पत्ता लाग्न नसकेकोमा त्यस्तो बालकलाई पाल्ने व्यक्ति वा संस्थाले दर्तावाला चिकित्सकको राय लिई निजको जन्म मिति कायम गरिदिनु पर्छ। अन्यथा प्रमाणित नभएसम्म सोही मितिलाई बालकको जन्म मिति मानिनेछ।

४. पालनपोषण, शिक्षा, स्वास्थ्योपचारको अधिकार

(१) बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालनपोषण गर्नुको अतिरिक्त निजको शिक्षा, स्वास्थ्योपचार, खेलकूद तथा मनोरञ्जनको सुविधाहरूको व्यवस्था पनि गर्नु पर्छ।

(२) बाबु, आमा वा संरक्षकले आफ्ना बालकलाई रोगबाट बचाउन दिनु पर्ने खोपहरू दिलाउनु पर्छ। यस कार्यमा स्थानीय निकायहरू र श्री ५ को सरकारका सम्बद्ध निकायहरूले सहयोग गर्नु पर्छ।

(३) गर्भिणी र सुत्केरी अवस्थाका आमाहरूको उचित स्वास्थ्य स्याहारको व्यवस्था गर्नमा श्री ५ को सरकारले सहयोग गर्नु पर्छ।

(४) बाबु, आमाको लागि प्रतिरोधात्मक र प्रतिकारात्मक स्वास्थ्य स्याहार परिवार नियोजनसम्बन्धी सरसल्लाह शिक्षा र सेवाहरूको व्यवस्था मिलाउन श्री ५ को सरकारले सहयोग गर्नु पर्छ।

५. पालनपोषण आदिमा छोरा वा छोरी तथा छोरा छोरा वा छोरी छोरीमा भेदभाव गर्न नहुने

बालकको पालनपोषण शिक्षा तथा स्वास्थ्योपचारमा छोरा वा छोरीको आधारमा मात्र वा छोरा छोरा वा छोरी छोरीको बीच कुनै भेदभाव गर्नु हुँदैन।

६. वैवाहिक सम्बन्ध हुनु अघि वा पछि जन्मेका बालक वा धर्मपुत्र वा आफूले जन्माएको बालकको बीच भेदभाव गर्न नहुने

(१) कुनै स्त्री पुरुषको बीचमा वैवाहिक सम्बन्ध कायम हुनु अघि वा वैवाहिक सम्बन्ध कायम भइसकेपछि

जन्मेको बालकहरूको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु हुँदैन।

(२) आफूले जन्माएको बालक तथा आफूले राखेको धर्मपुत्र वा धर्मपुत्रीको बीच कुनै किसिमको भेदभाव गर्नु हुँदैन।

७. क्रूर वा यातनापूर्ण व्यवहार गर्न नहुने

बालकप्रति क्रूर वा यातनापूर्ण व्यवहार गर्न हुँदैन।

तर बाबु, आमा, परिवारका सदस्य, संरक्षक वा शिक्षकले बालकको हितको लागि हप्काएको वा सामान्य पिटाइ गरेकोमा यस दफाको उल्लंघन गरेको मानिने छैन।

८. भेटघाटको सुविधा दिनुपर्ने

(१) वैवाहिक सम्बन्ध विच्छेद भई वा अरु कुनै कारणबाट बाबु र आमा भिन्न बसेको अवस्थामा बाबुसँग बसेको बालकलाई आमासँग र आमासँग बसेको बालकलाई बाबुसँग समय-समयमा भेटघाट गर्न वा केही समयको निमित्त साथ बस्न दिनु पर्नेछ।

तर त्यसरी बाबु वा आमासँग भेटघाट गर्न बस्न दिँदा बालकको हितको प्रतिकूल हुने कुनै मनासिव कारण भएमा त्यस्तो भेटघाटको वा साथ बस्ने सुविधा दिनबाट अदालतले रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाबु आमासँग भेटघाट गर्ने पटक वा साथ बस्ने अवधिको सम्बन्धमा बाबु र आमाको बीच मतैक्य हुन नसकेमा अदालतले तोकेको पटक वा अवधिको निमित्त भेट गर्न वा साथ बस्न दिनु पर्नेछ।

९. धर्म पुत्र वा धर्मपुत्रीले आफ्नो बाबु आमासँग भेटघाट, पत्राचार गर्न पाउने

कानुनको रीत पुऱ्याई कसैको छोरा वा छोरीलाई धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले त्यस्तो धर्मपुत्र वा धर्मपुत्रीले चाहेमा तिनीहरूलाई जन्म दिने बाबु आमासँग नियमित भेट गर्न वा पत्राचार गर्न दिनु पर्छ।

१०. आमा र आमाको बाबुको नाम उल्लेख गर्न पाउने

कुनै औपचारिक काम कारवाही वा लिखतमा कानुन बमोजिम बाबु र बाजेको नाम खुलाउनु पर्ने अवस्थामा बाबुको आमा र आमाको बाबुको नाम उल्लेख गर्न सक्नेछ। बाबु र आमा दुवै पत्ता नलागेको बालकका हकमा निजलाई पाल्ने व्यक्ति वा संस्थाले बाबु आमा पत्ता नलागेको भनी लेखिदिएमा त्यस्तो बाबु, आमा वा बाजेको नाम उल्लेख नगरे पनि हुन्छ।

११. बालक र अपराधिक दायित्व

(१) कानुन बमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दश वर्ष मुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन सक्दैन।

(२) बालकको उमेर दश वर्ष वा सो भन्दामाथि र चौध वर्षभन्दा कम रहेछ भने निजलाई कानुन बमोजिम जरिवाना हुने कुनै अपराध गरेकामा हप्काई, सम्झाई बुझाई र कैद हुने अपराध गरेकोमा कसूर हेरी छ महिनासम्म कैद हुन्छ।

(३) चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा मुनिको वालकले कुनै अपराध गरे निजलाई कानुन बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा हुन्छ।

(४) बालकलाई सिकाई कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरे सरह कानुन बमोजिम पूरा सजाय हुन्छ।

१२. अयोग्यता वा पटक कायम नहुने

(१) कुनै अपराध गरेको कारणबाट कानुन बमोजिम कुनै पद वा सुविधा प्राप्त गर्न कुनै व्यक्ति अयोग्य हुने रहेछ भने पनि बाल्यवस्थामा गरेको त्यस्तो अपराधबाट त्यस किसिमको अयोग्यता निजको हकमा सिर्जना भएको मानिने छैन।

(२) सजाय गर्ने प्रयोजनको निमित्त पटक कायम गर्दा बाल्यावस्थामा गरेको अपराधको गणना गरिने छैन।

(३) बालकले एउटै अपराध एक पटकभन्दा बढी गरेको भए पनि पटकको आधारमा निजलाई सजाय गरिने छैन।

१३. माग्ने काममा लगाउनु वा मुड्न नहुने

(१) धार्मिक वा सांस्कृतिक रीतिस्थितिको पालन गर्दा बाहेक कुनै पनि बालकलाई भिक्षा माग्ने काममा लगाउनु हुँदैन।

(२) सन्यासी भिक्षु वा फकीर बनाउने उद्देश्यले कुनै पनि बालकलाई मुड्नु हुँदैन। र मुडेको भए पनि त्यसलाई कानुनी मान्यता प्राप्त हुने छैन।

(३) यो ऐन प्रारम्भ हुनु अघि सन्यासी भिक्षु वा फकीर बनाइएको बालकले चाहेमा त्यस्तो भेष त्यागेर पारिवारिक जीवन ग्रहण गर्न सक्नेछ।

१४. देवी देवताको नाउमा बालकलाई चढाउन नहुने

(१) कसैले आफ्नो वा कसैको बालकलाई किनी वा कुनै प्रलोभन दिई कुनै किसिमको करकाप वा अनुचित प्रभावमा पारी आफ्नो कुनै भाकल वा अन्य कुनै धार्मिक अभिप्राय पूरा गर्ने उद्देश्यले कुनै देवी देवताको नाउँमा चढाउनु वा समर्पण गर्नु हुँदैन।

(२) कसैले पनि आफ्नो बालकलाई उपदफा (१) को प्रयोजनको लागि कुनै रकम लिई कसैलाई बिक्री गरी दिन वा अरु कुनै प्रकारणले हस्तान्तरण गरी दिनु हुँदैन।

(३) कुनै पनि देवस्थलका पण्डा, पुजारी, धामी वा मुखियाले उपदफा (१) बमोजिमको काम गर्न कसैलाई पनि प्रोत्साहन दिनु हुँदैन र कसैले कुनै बालकलाई कुनै देवी देवताको मन्दिरमा चढाउन वा समर्पण गर्न ल्याएमा सो बमोजिमको धार्मिक विधि विधान आफैले सम्पन्न गर्न वा अरुलाई पनि सो गर्ने अनुमति दिनु हुँदैन।

(४) यो ऐन प्रारम्भ भएपछि उपदफा (१), (२) र (३) को बर्खिलाप कुनै काम भए गरेको रहेछ भने सो काम नभए सरह मानी बालकका बाबु, आमा वा ती नभएमा निजको परिवारका सदस्यले नै त्यस्तो

बालकलाई आफू साथ राखी परिवारका अन्य सदस्य सरह पालनपोषण, शिक्षा तथा स्वास्थ्योपचारको व्यवस्था गर्नु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए पनि यो ऐन प्रारम्भ हुँदाको बखत सोह्र वर्ष उमेर नपुगेका उपदफा (१) र (२) मा लेखिएका बालकलाई निजको बाबु, आमामध्ये जो जीवित छन् तिनैले त्यस्तो बालकको पालनपोषण गर्नु पर्नेछ।

१५. कठोर सजाय दिन नहुने

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालकलाई नेल हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरे बापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्नु हुँदैन।

१६. बालकलाई अनैतिक पेशामा संलग्न गराउन नहुने

(१) कसैले पनि बालकलाई अनैतिक पेशामा लगाउन वा प्रयोग गर्न हुँदैन।

(२) बालकलाई अनैतिक पेशामा लगाउने उद्देश्यले निजको फोटो खिच्न वा खिच्ने अनुमति दिन वा त्यस्तो फोटो वितरण गर्न वा प्रदर्शन गर्नु हुँदैन।

(३) कुनै बालकको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना, विवरण वा फोटोको प्रकाशन, मुद्रण प्रदर्शन वा वितरण गर्नु हुँदैन।

(४) बालकलाई मादक पदार्थ, लागू औषध वा यस्तै अन्य नशालु पदार्थको बिक्री वितरण वा ओसार पसार गर्ने काममा लगाउनु हुँदैन।

१७. .... *बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ द्वारा खारेज*

१८. .... *बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ द्वारा खारेज*

१९. कानुन व्यवसायी नभएमा बालकको मुद्दाको कारवाही किनारा नहुने

(१) कुनै बालकको विरुद्ध लगाइएको फौजदारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानुन व्यवसायी नभएमा अदालतले मुद्दाको कारवाही वा किनारा गर्ने छैन।

(२) उपदफा (१) मा उल्लिखित अवस्थामा सम्बन्धित अदालतले नै श्री ५ को सरकारको तर्फबाट नियुक्त भएको वैतनिक कानुन व्यवसायी वा अन्य कुनै इच्छुक कानुन व्यवसायीको सेवा उपलब्ध गराइदिनु पर्छ।

२०. हकको प्रलचन

(१) यस परिच्छेदमा उल्लेख भएको हकको प्रचलनको लागि बालकको तर्फबाट जोसुकैले पनि बालक रहे बसेको इलाकाको जिल्ला अदालतमा निवेदन दिन सक्नेछ। यस्तो निवेदन पर्न आएमा सम्बन्धित अदालतले जाँचबुझ गरी मनासिव आज्ञा आदेश वा पुर्जी जारी गरी हकको प्रचलन गराई दिन सक्नेछ।

तर दफा ८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम बालकको भेटघाट वा बसाइँमा रोक लगाउने कुरामा सम्बन्धित बालकको बाबु वा आमाको निवेदनको आधारमा मात्र त्यस्तो कारवाही चलाउन र आदेश दिन सक्नेछ।

(२) कसैले यस परिच्छेदद्वारा प्रदत्त अधिकारमा आघात पुऱ्याएबाट कसलाई कुनै क्षति पुग्न गएको रहेछ भने अदालतले उपदफा (९), (१०) बमोजिम आज्ञा, आदेश वा पुर्जी जारी गर्दा मनासिव माफिकको क्षतिपूर्ति भराउने निर्णय पनि गर्न सक्नेछ।

परिच्छेद-३
बालकको संरक्षण र संरक्षकको व्यवस्था

२१. एकाघरका कोही नहुने बालकको हेरचाह र निजको सम्पत्तिको जिम्मा

(१) कुनै बालकको हेरचाह गर्न एकाघरका कोही नातेदार नभएको कुराको जानकारी बालक कल्याण अधिकारी वा प्रमुख जिल्ला अधिकारीलाई प्राप्त हुने आएमा निजले त्यस्तो बालकको पालनपोषणको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु पर्छ। त्यस्तो व्यवस्था मिलाउँदा सकभर बालकलाई निजको नजिकको नातेदारको जिम्मा लगाई दिनु पर्छ। त्यस्तो नातेदार नभएमा सो बालकको पालनपोषणको निमित्त निजलाई कुनै इच्छुक व्यक्ति वा संस्थाको जिम्मा दिन सकिन्छ। बालकको पालनपोषणको जिम्मा लिने कुनै नातेदार व्यक्ति वा संस्था नभएमा त्यस्तो बालकलाई नजिकको बालकल्याण गृहमा बुझाई दिनु पर्छ।

(२) उपदफा (१) मा उल्लिखित बालकको कुनै सम्पत्ति भएमा बाल कल्याण अधिकारी वा प्रमुख जिल्ला अधिकारीले त्यस्तो फाँटवारी तयार गरी त्यसमा कम्तिमा दुई जना स्थानीय व्यक्तिलाई साक्षी राखी त्यसको एकप्रति आफ्नो कार्यालयमा राखेर अर्को प्रति बालकको पालनपोषणको जिम्मा लिने व्यक्ति वा संस्थालाई बुझाउनु पर्छ।

(३) उपदफा (२) बमोजिम तयार पारिएको फाँटवारी र सो बमोजिमको सम्पत्ति बालकको पालनपोषणको जिम्मा लिने व्यक्ति संस्था वा बाल कल्याण गृहलाई कागज गराई जिम्मा लगाई दिनु पर्छ। बालकको सम्पत्ति जिम्मा नलगाउन्जेलसम्म त्यसको रेखदेख तथा संरक्षण गर्ने जिम्मेवारी बाल कल्याण अधिकारी रहेकोमा निजको र निज नभएमा प्रमुख जिल्ला अधिकारीको हुनेछ।

(४) उपदफा (३) बमोजिम बुझी लिएको सम्पत्तिको आयस्ताबाट बालकको पालनपोषणको जिम्मा लिने व्यक्ति, संस्था वा बाल कल्याण गृहले सम्बन्धित बालकको पालनपोषण, शिक्षा तथा स्वास्थ्योपचारको निमित्त खर्च गर्न सक्नेछ। त्यस्तो सम्पत्तिको सम्बन्धमा यस ऐनअन्तर्गत संरक्षकलाई भएको अधिकार र नजिकले पालन गर्नुपर्ने शर्त बालकको सम्पत्ति जिम्मा लिने व्यक्ति संस्था वा बाल कल्याण गृहको हुनेछ।

२२. संरक्षकको नियुक्ति

(१) बाबु, आमा वा एकाघरका उमेर पुगेका कोही नातेदार जीवित नरहेको वा जीवित रहेको भए पनि

शारीरिक वा मानसिक अशक्तताको कारणले बालकको पालनपोषण तथा रेखदेख गर्न नसक्ने भएमा त्यस्तो बालकलाई कुनै संरक्षकको जिम्मा लगाउनको निमित्त जोसुकैले पनि बाल कल्याण अधिकारी समक्ष निवेदन दिन सक्नेछ। यस्तो निवेदन पर्न आएमा बाल कल्याण अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो बालकको निमित्त यस दफाको अन्य कुराको अधीनमा रही संरक्षक नियुक्त गरी दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम संरक्षक नियुक्त गर्दा सकभर नजिकको हकवालालाई प्राथमिकता दिनु पर्छ। तर नजिकको हकवालासित पारिवारिक द्वेष, झैझगडा वा अरु कुनै कारणले गर्दा त्यस्तो हकवालाको सट्टा टाढाको हकवाला वा अरु व्यक्तिलाई संरक्षक नियुक्त गर्नुपर्ने भएमा त्यसको कारण जनाई बाल कल्याण अधिकारीले उपयुक्त ठहऱ्याएको अन्य कुनै हकवाला वा व्यक्तिलाई संरक्षक नियुक्त गर्न सक्नेछ।

(३) उपदाफ (२) बमोजिम कुनै व्यक्तिलाई संरक्षक नियुक्त गर्नु अघि निजको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय कुनै व्यक्ति संरक्षक नियुक्त हुन वा कायम रहन सक्ने छैन:

(क) मानसिक रोगले पीडित भएको,

(ख) पच्चीस वर्षको उमेर पूरा नगरेको,

(ग) दफा २८ बमोजिम संरक्षकबाट हटाइएको,

(घ) नैतिक पतन देखिने कुनै कुरामा अदालतबाट दोषी ठहरी सजायको पाएको वा,

(ङ) साहूको दामासाहीमा परेको।

(५) बालकको संरक्षक बन्न कसैले मञ्जुर नगरेमा वा संरक्षक हुन सक्ने उपयुक्त व्यक्ति फेला नपरेमा त्यस्तो बालकलाई बाल कल्याण अधिकारीले कुनै बाल कल्याण गृहमा पठाइ दिने व्यवस्था गर्नु पर्छ।

(६) बालकलाई उपदफा (२) बमोजिम संरक्षकको जिम्मा लगाउँदा वा उपदफा (५) बमोजिम बाल कल्याण गृहको जिम्मा लगाउँदा निजको कुनै सम्पत्ति भएमा सो समेत जिम्मा लगाई दिनु पर्छ। त्यसरी सम्पत्ति जिम्मा लगाउँदा त्यसको फाँटवारी तयार गरी एकप्रति आफ्नो कार्यालयमा राखी अर्कोप्रति सम्पत्ति बुझ्ने संरक्षक वा बाल कल्याण गृह प्रमुखलाई बुझाई दिनु पर्छ।

(७) उपदफा (६) बमोजिम बुझी लिएको सम्पत्तिको आयस्तालाई संरक्षक वा बाल कल्याण गृह प्रमुख सम्बन्धित बालकको पालनपोषण, शिक्षा तथा स्वाथ्योपचारको निमित्त हिसाब राखी खर्च गर्न सक्नेछ।

२३. बालकको हित तथा सम्पत्तिको संरक्षण गर्नुपर्ने

(१) बालकको हितको संरक्षण गर्नु संरक्षकको मुख्य कर्तव्य हुनेछ।

(२) संरक्षकले अरु कुराको अतिरिक्त देहायको कुरा विशेष ध्यान दिनुपर्छ:

(क) बालकको शारीरिक एवं मानसिक विकासलाई अभिवृद्धि गर्ने किसिमबाट निजको पालनपोषण गर्ने,

(ख) बालकको बौद्धिक विकासमा सघाउ पुऱ्याउने किसिमको शिक्षाको प्रबन्ध गर्ने,

(ग) बालकलाई खराब लत वा संगतमा पर्न नदिने

(घ) बालकको सम्पत्तिको अद्यावधिक लगत राख्ने र त्यसको संरक्षण गर्ने।

(३) कुनै बालकको सम्पत्ति वा आयस्ता अरुले खाएको भए त्यसलाई उपर गर्न र रोक्का रहेको सम्पत्ति फुकुवा गराउन संरक्षकले आवशयक कारवाही चलाउनु पर्छ। सो प्रयोजनको लागि संरक्षकले बालकको तर्फबाट अड्डा अदालतमा निवदेन, उजूरी वा फिरादपत्र वा अन्य आवश्यक कानुनी कारवाी चलाउन सक्नेछ।

२४. संरक्षकले गर्न हुने कामहरू

संरक्षकले बालकको पालनपोषण, शिक्षा वा स्वाथ्योपचारको लागि आवश्यक पर्ने खर्च व्यहोर्नको लागि बालकको कुनै अचल सम्पत्ति कसैलाई कमाउन वा बहालमा दिन सक्नेछ।

२५. संरक्षकले गर्न नहुने काम

संरक्षकले देहायको कुनै पनि काम गर्नु हुँदैन-

(क) बालकलाई निजको शारीरिक क्षमताले भ्याउनेभन्दा बढी परिश्रम पर्ने काममा लगाउन,

(ख) बालकलाई निजको धार्मिक वा सांस्कृतिक रीतिस्थितिमा आघात पुग्न जाने कुनै काममा लगाउन वा त्यस्तो काममा निजको सम्पत्ति उपयोग गर्न वा

(ग) पछि आफूले लिने मनसायले बालकको सम्पत्ति अरु कसैलाई बिक्री गर्न।

२६. संरक्षकले प्रतिवेदन पेश गर्नु पर्ने

१) संरक्षकले बालकको पालनपोषण, स्वास्थ्य र शिक्षाको निमित्त आफ्नो तर्फबाट गरेको खर्च र बालकको सम्पत्तिबाट भएको आय र त्यसबाट निजको पालनपोषणको निमित्त गरिएको खर्चको विवरणसमेत खुलाई सम्बन्धित बालकल्याण अधिकारीसमक्ष प्रत्येक वर्ष बैशाख मसान्तभित्र प्रतिवेदन पेश गर्नुपर्छ।

२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदनमा उल्लिखित व्यहोरा वा तथ्यांकको विश्वसनीयता जाँच्न बाल कल्याण अधिकारीले सम्बन्धित बालक वा निजको सम्पत्ति रहेको ठाउँको निरीक्षण गर्न गराउन सक्नेछ। त्यसरी बालकलाई आफूसमक्ष उपस्थित गराएर आवश्यक सोधपुछ गर्न पनि सक्नेछ। त्यसरी बालकलाई आफूसमक्ष उपस्थित गराउन बाल कल्याण अधिकारीले आदेश दिएमा निजलाई उपस्थित गराउनु संरक्षकको कर्तव्य हुनेछ।

२७. अनुमति लिएर संरक्षकले अवकाश लिन सक्ने

(१) यस ऐनबमोजिम नियुक्त भएको संरक्षकले आफ्नो कर्तव्य पूरा गर्न असमर्थ भई अवकास लिन चाहेमा त्यसको कारण उल्लेख गरी कम्तिमा एक महिना अघि बाल कल्याण अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ। संरक्षकले त्यसरी निवेदन दिँदा आफूले जिम्मा लिएको बालकको सम्पत्ति र निवेदन दिएको मितिसम्मको खर्चको फाँटवारी पनि पेश गर्नु पर्छ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनको व्यहोरा मुनासिव देखिए बाल कल्याण अधिकारीले संरक्षकको जिम्मा रहेको सम्पत्ति कुनै कार्यालय वा व्यक्तिलाई बुझाउन लगाई निजलाई अवकाश लिने अनुमति दिनेछ।

२८. संरक्षकलाई हटाउन सकिने

संरक्षकले दफा २३, २४ वा २५ को विपरीत कुनै काम गरेको वा दफा २६ बमोजिम प्रतिवेदन दिँदा झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा बाल कल्याण अधिकारीले त्यस्तो संरक्षकलाई हटाउन सक्नेछ।

२९. अर्को संरक्षक नियुक्त गरिने

(१) कुनै संरक्षकको मृत्यु भएमा वा दफा २२ को उपदफा (४) को कुनै अवस्था परी संरक्षक कायम रहन नसक्ने भएमा वा दफा २७ बमोजिम अवकाश लिएमा वा दफा २८ बमोजिम हटाइएमा त्यस्तो संरक्षकको सट्टा बाल कल्याण अधिकारीले दफा २२ को अधीनमा रही अर्को संरक्षक नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम संरक्षकबाट हटेको वा संरक्षक कायम नरहेकोमा त्यस्तो सम्पत्ति र सो सम्बन्धी कागजातसमेत बाल कल्याण अधिकारीले तोकेको कार्यालय वा व्यक्तिलाई बुझाउनु पर्नेछ।

३०. पर्याप्त आयस्ता नहुने बालकको पालपोषण

(१) पर्याप्त आयस्ता वा सम्पत्ति नभएको वा भएर पनि त्यस्तो सम्पत्तिलाई अरु कसैले गैरकानुनी तरीकाबाट दबाई छिपाई उपभोग गरेबाट कुनै बालकको पालनपोषण उचित ढंगबाट हुन नसक्ने भएमा संरक्षकले सरकारी सहायताको निमित्त प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिन सक्नेछ र सो व्यहोरा मुनासिव देखिए प्रमुख जिल्ला अधिकारीले आवश्यक सरकारी सहायता उपलब्ध गराइ दिनु पर्छ। त्यस्तो सहायता उपलब्ध हुन नसक्ने अवस्थामा बालकलाई नजीकको बाल कल्याण गृहमा राख्ने व्यवस्था मिलाई दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम कुनै बालकलाई बाल कल्याण गृहको जिम्मा लगाइएमा त्यसरी जिम्मा लगाइएको मितिदेखि बालकप्रति संरक्षकको दायित्व समाप्त भएको मानिनेछ।

३१. संरक्षकले पारिश्रमिक पाउने

(१) बाल कल्याण अधिकारीले बालकको सम्पत्ति र आयस्ताको विचार गरी संरक्षकको पारिश्रमिक तोकिदिनेछ।

(२) दफा २३ को उपदफा (३) बमोजिम बालकको सम्पत्ति वा उपर गर्न लागेको मुनासिव माफिकको खर्च र त्यसरी उपर गरेको सम्पत्तिको पंचकिर्ते मोलको वा आयस्ताको पाँच प्रतिशतमा जुन बढी हुन्छ त्यति रकम संरक्षकले पारिश्रमिक स्वरूप लिन सक्नेछ।

(३) बालकको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारको निमित्त संरक्षकले आफ्नो तर्फबाट कुनै खर्च गरेको भए सो खर्चसमेत बालकको आयस्ताबाट असूल गर्न सक्नेछ।

परिच्छेद-४

कल्याणकारी व्यवस्था

३२. केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिको गठन

(१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, चिकित्सकहरू, बाल मनोवैज्ञानिक र शिक्षकहरूमध्येबाट समेत सदस्य रहने गरी बढीमा एक्काइस जना सदस्यहरू भएको एक केन्द्रीय बाल कल्याण समिति गठन गर्नेछ। केन्द्रीय बाल कल्याण समितिमा रहने अध्यक्ष र सदस्यहरूको नाम सोही सूचनामा तोकिएबमोजिम हुनेछ। श्री ५ को सरकारको नीति र निर्देशनको अधीनमा रही सो समितिले काम गर्नेछ।

(२) प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा प्रत्येक जिल्लामा एक जिल्ला बाल कल्याण समिति गठन गरिनेछ। जिल्ला बाल कल्याण समितिमा अन्य व्यक्तिको अतिरिक्त खास गरिकन देहायका व्यक्तिहरूमध्येबाट प्रमुख जिल्ला अधिकारीले तोकेका व्यक्तिहरू रहनेछन्-

(क) सामाजिक सेवामा कार्यरत व्यक्तिहरू

(ख) बालकको हक हितसम्बन्धी कार्यमा संलग्न सामाजिक कार्यकर्ता

(ग) महिला सामाजिक कार्यकर्ता

(घ) चिकित्सकहरू

(ङ) बाल मनोवैज्ञानिकहरू

(च) शिक्षकहरू।

(३) केन्द्रीय बाल कल्याण समिति तथा जिल्ला बाल कल्याण समितिका पदाधिकारीहरूको कार्यकाल चार वर्षको हुनेछ र निजहरू पुन: नियुक्तिको लागि ग्राह्य हुनेछन्।

(४) जिल्ला बाल कल्याण समितिको अध्यक्ष जिल्ला बाल कल्याण समितिका सदस्यहरूले आफूमध्येबाट तोकेको व्यक्ति हुनेछ र त्यसरी अध्यक्ष नतोकिएसम्म प्रमुख जिल्ला अधिकारी नै सो समितिको अध्यक्ष भई काम गर्नेछ।

(५) प्रत्येक जिल्ला बाल कल्याण समितिले जिल्लास्तरमा संचालित बाल कल्याणकारी क्रियाकलापको सम्बन्धमा बैशाख मसान्तसम्ममा केन्द्रीय बाल कल्याण समितिसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ। जिल्ला बाल कल्याण समितिहरूबाट प्राप्त वार्षिक प्रतिवेदनको आधारमा केन्द्रीय बाल कल्याण समितिले बालकसम्बन्धी राष्ट्रव्यापी प्रतिवेदन तयार गरी प्रत्येक असार मसान्तसम्ममा श्री ५ को सरकारसमक्ष पेश गर्नेछ।

(६) यस ऐनमा लेखिएदेखि बाहेक केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समितिको अन्य काम, कर्तव्य अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ।

३३. बाल कल्याण अधिकारीको नियुक्ति

(१) श्री ५ को सरकारले आवश्यक संख्यामा बाल कल्याण अधिकारीको नियुक्ति गर्नेछ। बाल कल्याण

अधिकारीको नियुक्ति नहुन्जेलसम्म यस ऐनबमोजिम निजलाई प्राप्त अधिकार प्रयोग गर्न पाउने गरी श्री ५ को सरकारले अन्य कुनै व्यक्ति वा कर्मचारीलाई तोक्न सक्नेछ।

(२) उपदफा (१) अन्तर्गत नियुक्त भएको वा तोकिएको बाल कल्याण अधिकारीले जिल्ला बाल कल्याण समितिको सामान्य नियन्त्रण तथा निर्देशनको अधीनमा रही काम गर्नु पर्नेछ।

(३) यस ऐनमा लेखिएदेखि बाहेक बाल कल्याण अधिकारीको अन्य काम, कर्तव्य अधिकार तथा सेवाको शर्त तोकिएबमोजिम हुनेछ।

३४. बाल कल्याण गृहको स्थापना र सञ्चालन

(१) श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल अधिराज्यको विभिन्न क्षेत्रमा बाल कल्याण गृहको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण गृहको स्थापना नभएसम्म अरु कुनै व्यक्ति वा संस्थाद्वारा संचालित बाल कल्याण गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रलाई बालक राख्ने प्रयोजनको निमित्त श्री ५ को सरकारले उपयोग गर्न सक्नेछ।

तर यस उपदफामा लेखिएको कुनै कुराले पनि त्यस्तो बाल कल्याण गृह, अनाथालय वा केन्द्रको सञ्चालनमा हस्तक्षेप गर्ने अधिकार श्री ५ को सरकारलाई दिएको मानिने छैन।

३९. अनुशासन पालन गराउन सामान्य सजाय गर्न सक्ने

(१) कुनै बेवारीस बालकले बाल कल्याण गृहमा बस्दा पालन गर्नुपर्ने शर्तको पालन नगरेमा वा अनुशासन भङ्ग हुने कुनै काम गरेमा बाल कल्याण गृह प्रमुखले त्यस्तो बालकलाई देहायको कुनै सजाय गर्न सक्नेछ-

(क) बाल कल्याण गृहमा उपलब्ध सहुलियत वा सुविधाबाट एक पटकमा बढीमा तीन दिनसम्म बञ्चित गर्ने वा

(ख) बाल कल्याण गृहको कुन चीज वस्तुलाई जानी जानी तोडफोड वा हानी नोक्सानी पुऱ्याएमा त्यसरी भएको क्षतिवापत पुरै वा आंशिक रकम असूल उपर गर्ने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो बालकलाई कुटपीट गर्ने वा एकान्त ठाउँमा थुन्ने, अन्न पानी बन्द गर्ने अधिकार सो उपदफाले बाल कल्याण गृह प्रमुखलाई प्रदान गरेको मानिने छैन।

(३) बाल कल्याण गृह प्रमुखले उपदफा (१) को खण्ड (ख) बमोजिम बेवारीस बालकबाट क्षति वापत रकम असूल गर्ने प्रयोजनको निमित्त सम्बन्धित बालकको आयस्ता वा बाल कल्याण गृहमा काम गरेवापत कुनै पारिश्रमिक पाउने भए त्यस रकमले भ्याएसम्म असूलउपर गरी बाँकी रकम मिन्हा गरी लगत काटी दिनु पर्छ।

४०. बालकलाई जिम्मा लगाई खर्च भराउन सक्ने

(१) कुनै बालकको बाबु, आमा वा परिवारका सदस्यले निजलाई बेवारीस बालक वा अनाथ भनी झुटा विवरण दिएर कुनै बाल कल्याण गृह, अनाथालय वा सुस्तमस्थिति केन्द्रमा भर्ना गराएको कुरा पत्ता लागेमा त्यस्तो बालकलाई निजको बाबु, आमा वा परिवारका सदस्य जो भेटिन्छ उसैलाई जिम्मा लगाई दिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा सम्बन्धित बालकको पालन पोषणको निमित्त भएको सम्पूर्ण खर्चसमेत त्यस्तो बालकको बाबु, आमा वा परिवारका सदस्यमध्ये जसले ढाँटेर निजलाई भर्ना गराएको हो उसैबाट सम्बन्धित बाल कल्याण गृह, अनाथालय वा केन्द्र सरकारी विगो सरह भरि भराउ गरी असूल उपर गर्नु पर्छ।

तर त्यस्तो खर्चउपर गर्नको निमित्त बालकको बाबु, आमा वा परिवारका सदस्यको कुनै आयस्ता वा सम्पत्ति नभएमा सम्बन्धित बाल कल्याण गृह, अनाथालय वा केन्द्रले बालकको पालन पोषणमा भएको त्यस्तो खर्च भराउने छैन।

४१. बाल कल्याण गृह प्रमुखले अभिलेख राख्ने र प्रतिवेदन गर्नु पर्ने

(१) बाल कल्याण गृह प्रमुखले बाल कल्याण गृहमा बस्ने सबै बेवारीस बालकहरूको व्यक्तिगत विवरण तयार गरी राख्नु पर्छ। त्यस्तो विवरणमा कुनै बालकलाई दफा ३९ को उपदफा (१) बमोजिम कुनै सजाय दिइएको भए सो समेत उल्लेख गर्नु पर्छ।

(२) उपदफा (१) बमोजिम राख्नुपर्ने व्यक्तिगत विवरणको ढाँचा तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको विवरण गोप्य गरी राख्नुपर्छ र सो विवरण बाल कल्याण समिति वा बाल कल्याण अधिकारी वा त्यस्तो समिति वा अधिकारीबाट अनुमति प्राप्त व्यक्त कार्यालयबाहेक अरुलाई देखाउनु वा दिनु हुँदैन।

तर मुद्दा मामिलाको सिलसिलामा अदालतले माग गरेको विवरणको सम्बन्धमा बन्देज लागू हुने छैन।

(४) बाल कल्याण गृह प्रमुखले अघिल्लो वर्ष भरी आफ्नो बाल कल्याण गृहले गरेको सम्पूर्ण क्रियाकलाप देखिने गरी तोकिएको ढाँचाको प्रतिवेदन सम्बन्धित बाल कल्याण समितिमा र बाल कल्याण अधिकारीसमक्ष प्रत्येक वर्ष बैशाख मसान्तभित्र पठाउनु पर्छ।

४२. बाल सुधार गृहको स्थापना र सञ्चालन

(१) श्री ५ को सरकारले आवश्यकतानुसार बाल सुधार गृहको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको बाल सुधार गृहमा देहायका बालकहरूलाई राखिनेछ–

(क) कुनै कसूरको अभियोग लागि मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानुन बमोजिम थुनामा बस्नुपर्ने बालक

(ख) प्रचलित कानुन बमोजिम कैदको सजाय पाएकोमा सो बमोजिम कैदमा जानुपर्ने बालक

(ग) लागू औषधीको कुलतमा लागेको बालक

(घ) बाबु, आमा वा घर परिवारबाट भागी हिँड्ने गरेको बालक

(ङ) अनैतिक वा अवाञ्छनीय क्रियाकलापमा संलग्न व्यक्तिहरूसँग बसउठ गर्ने वा त्यस्ता व्यक्तिहरूको क्रियाकलापमा सरिक हुने वा तिनीहरूको आम्दानीमा आश्रित रहने बालक

(च) श्री ५ को सरकारले तोकेको वर्गीकरणका बालकहरू।

(३) उपदफा (१) बमोजिम बाल सुधार गृह स्थापना नभएको अवस्थमा अन्य व्यक्ति वा नियकाद्वारा सञ्चालन गरेको बाल कल्याण गृह, अनाथालय वा केन्द्रलाई श्री ५ को सरकारले त्यस्तो व्यक्ति वा निकायको स्वीकृति लिई अस्थायी रूपमा बाल सुधार गृहको रूपमा उपयोग गर्न सक्नेछ।

(४) उपदफा (२) को खण्ड (घ) मा उल्लिखित बालकलाई निजको बाबु, आमा वा परिवारको सदस्यको मञ्जुरीले बाल सुधार गृहमा राखिएको भए निजको पालन पोषणको निमित्त भएको खर्च निजको बाबु, आमा वा परिवारको सदस्यले व्यहोर्नु पर्नेछ।

(५) बाल सुधार गृहको सञ्चालन र त्यहाँ बस्ने बालकहरूलाई प्रदान गरिने सुविधा, तालिम शिक्षा र बालकहरूले पालन गर्नुपर्ने शर्त तोकिए बमोजिम हुनेछ।

४३. अनाथालय तथा सुस्त मनस्थिति केन्द्र स्थापना र सञ्चालन

(१) बाबु, आमा नभएको अनाथ, अपाङ्ग वा सुस्त मनस्थितिका बालकहरूको पालन पोषण तथा बासस्थानको निमित्त आवश्यकतानुसार श्री ५ को सरकारले अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनाथालय वा सुस्त मनस्थिति केन्द्रमा बस्ने बालकहरूको निमित्त आवश्यक शिक्षाको व्यवस्था श्री ५ को सरकारले गर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले अरु कुनै व्यक्ति वा संस्थाले सञ्चालन गरेको अनाथालय वा सुस्त मनस्थिति केन्द्रलाई त्यसको सञ्चालकसित सम्झौता गरी यस ऐनको प्रयोजनको निमित्त त्यस्ता केन्द्र वा अनाथालयलाई उपयोग गर्न सक्नेछ।

४४. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय आदिको निरीक्षण

(१) केन्द्रीय बाल कल्याण समितिले नेपाल अधिराज्यभित्र स्थापना भएको सबै र जिल्ला बाल कल्याण समिति वा बाल कल्याण अधिकारीले आफ्नो क्षेत्रभित्रको बाल कल्याण गृह बाल सुधार गृह अनाथालय वा केन्द्रहरूको जहिलेसुकै पनि निरीक्षण गर्न वा गराउन सक्नेछ।

(२) बाल कल्याण अधिकारीले आफ्नो क्षेत्रभित्रको बाल कल्याण गृह, सुधार गृह अनाथालय वा केन्द्रहरूको वर्ष कम्तिमा दुई पटक निरीक्षण गरी त्यसको प्रतिवेदन जिल्ला बाल कल्याण समितिमा पठाउनु पर्छ। त्यसरी निरीक्षण गर्दा अन्य कुराहरूको अतिरिक्त यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा प्रचलित कानुन विपरीत कुनै काम कारवाही भएको देखेमा सो समेत जिल्ला बाल कल्याण समितिमा पठाउने निरीक्षण प्रतिवेदनमा खुलाउनु पर्नेछ।

(३) बाल कल्याण समिति वा बाल कल्याण अधिकारीले कुनै बाल कल्याण गृह, बाल सुधार गृह अनाथालय वा यस्तै अन्य केन्द्रहरूमा कुनै अनियमितता भएको देखिएमा त्यसलाई हटाउन वा त्यहाँ उपलब्ध गराइने सेवामा सुधार गर्नको निमित्त आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी निर्देशन दिएकोमा त्यसको पालन गर्नु त्यसको बाल कल्याण बाल सुधार गृह अनाथालय वा केन्द्रको प्रमुखको कर्तव्य हुनेछ।

४५. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय आदि सम्बन्धी व्यवस्था

यस ऐनबमोजिम स्थापित बाल कल्याण गृह, बला सुधार गृह, अनाथालय आदिको सञ्चालन गर्ने व्यक्ति, निजले प्रयोग गर्न पाउने अधिकार, निजको सेवाको शर्त तथा त्यस्तो बाल कल्याण गृह, बाल सुधार गृह अनाथालय वा केन्द्रमा बस्ने बालकले पालन गर्नुपर्नेकुराहरू तिनीहरूलाई प्रदान गरिने शिक्षा तथा तालीम तोकिएबमोजिम हुनेछ।

परिच्छेद-५

.... *बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ द्वारा खारेज*

परिच्छेद-६

विविध

४९. बालकसम्बन्धी मुद्दामा खास व्यक्ति मात्र उपस्थित हुन पाउने

(१) यो ऐन वा प्रचलित कानुनबमोजिम बालकसम्बन्धी कुनै मुद्दाको कारवाही चल्दा कानुन व्यवसायी, बालकको बाबु, आमा, नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखी अनुमति दिएमा बालकको हक हित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपस्थित हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मुद्दा तथा सोसँग सम्बन्धित घटनाको विवरण मुद्दाको तहकिकात गर्ने वा मुद्दा हेर्ने अधिकारीको अनुमति बेगर कुनै पत्रपत्रिकामा प्रकाशन गर्न पाइने छैन। यस्तो प्रतिबन्ध सम्वाददाता तथा सम्वाद फोटो प्रतिनिधिको हकमा समेत लागू हुनेछ।

५०. मुद्दाको तहकिकात तथा सजायको स्थगन

(१) प्रचलित कानुनबमोजिम थुनामा राखी मुद्दाको तहकिकात गर्नुपर्ने कुनैकसूरको अभियोग लागेको बालकको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति र थुनामा बस्नुपर्ने ठाउँलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा चाहिएको बखत उपस्थिति गराउने शर्तमा निजको बाबु, आमा नातेदार वा संरक्षकको जिम्मा लगाई वा बालकको हक हितको संरक्षण गर्ने कायमा संलग्न कुने सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको तहकिकात वा पुर्पक्ष गर्ने आदेश दिन सक्नेछ।

(२) कसूरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको

परिस्थिति, कसूर गरेको पटक, आदिको विचार गर्दा कारागारमा राख्नु उपयुक्त नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतीत गर्नुपर्ने गरी तोक्न सक्नेछ। यसरी सजाय स्थगित गरिएकोमा सोही बालकले त्यसको एक वर्षभित्र त्यही वा अन्य कुनै कसूर गरे वापत दोषी ठहरी कैदको सजाय पाएमा सो समय खापी एकै पटक दुवै कैदको सजाय कार्यान्वित गर्ने गरी मुद्दा हेर्ने अधिकारीले आदेश दिन सक्नेछ।

५१. बालकको तर्फबाट मुद्दा गर्न पाउने

(१) बालकको हक पुग्ने जुनसुकै कुरामा नालिस उजूर वा प्रतिरक्षा गर्दा निजको बाबु, आमा वा संरक्षक नभएको बालकको सम्बन्धमा निजको हकवालालाई सो अधिकार प्राप्त हुनेछ।

(२) यस ऐनबमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दा जुनसुकै व्यक्ति वा श्री ५ को सरकारको उजूरीबाट चल्न सक्नेछ।

५२. बालकसम्बन्धी तथ्यांक र त्यसको प्रयोगमा बन्देज

(१) प्रहरी कार्यालयले कुनै कसूरको अभियोगमा पक्राउ परेको बालकको नाम, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति निजले गरेको कसूर तथा त्यस सम्बन्धमा कुनै कारवाही चलाइएको भए सो सम्बन्धी विवरण खुलाई गोप्य रूपमा तथ्यांक राख्नुपर्छ र त्यस्तो तथ्यांकको उतार छ/छ महिनामा प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्छ।

(२) उपदफा (१) बमोजिम राखिएको तथ्यांक कुनै अध्ययन वा शोध कार्यको निमित्त प्रकाशित गर्नु परेमा बालकको नाम, थर वा ठेगाना उल्लेख नगरी उमेर वा लिङ्गको आधारमा सम्म प्रकाशित गर्न सकिनेछ।

५३. दण्ड सजाय

(१) कसैले दफा १३ को बर्खिलाप कुनै काम गरेमा वा सो काम गर्न दुरुत्साहन दिएमा सो कुराको उद्योग गरेमा निजलाई तीन हजारसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(२) कसैले दफा १४ को बर्खिलाप कुनै काम गरेमा सो गर्ने दुरुत्साहन दिएमा वा मतियार भएमा वा उद्योग गरेमा निजलाई दश हजार रूपैयाँसम्म जरिवाना पाँच वर्ष कैद वा दुवै सजाय हुनेछ। कसैले कुनै रकम लिई बालकलाई बिक्री गरेको प्रमाणित भएमा त्यसरी बिक्री गर्ने व्यक्तिबाट सो रकमसमेत जफत गरिनेछ र सो रकमउपर हुन नसकेमा त्यसबापत बढीमा थप दुई वर्षसम्म कैद हुनेछ।

(३) कसैले दफा ७ वा १५ विपरीत कुनै काम गरेमा निजलाई पाँच हजार रूपैयासम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ। क्रूर र यातनापूर्ण व्यवहार गरेकोमा मनासिव क्षतिपूर्ति भराई दिन सक्नेछ।

(४) कसैले दफा १६ को उपदफा (१), (२) र (३) को बर्खिलाप हुने काम गरेमा वा सो काम गर्न दुरुत्साहन दिएमा वा सो काम गर्ने उद्योग गरेमा निजलाई दश हजार रूपैयाँसम्म जरिवाना वा एक

वर्षसम्म कैद वा दुवै सजाय हुने र बालकलाई अनैतिक पेशामा लगाउने उद्देश्यले खिचेको फोटो र प्रकाशन गर्ने उद्देशयले मुद्रण गरिएको सबै प्रकाशनहरू अदालतको आदेशबाट जफत हुन सक्नेछ।

(५) दफा १६ को उपदफा (४) को बर्खिलाप बालकलाई काममा लगाउने व्यक्तिलाई उपदफा (४) बमोजिम हुने सजायमा थप पाँच वर्षसम्म कैदको सजाय हुन सक्नेछ।

(६) दफा १६ बमोजिम कसैले कुनै बालकलाई निषेधित काममा लगाएको कारण निजको चरित्रमा कुनै आघात पुग्न भएको रहेछ वा निजको स्वास्थ्यमा प्रतिकूल प्रभाव वा शारीरिक अङ्गभङ्ग भएको रहेछ भने उपदफा (१) वा (४) बमोजिम हुने सजायको अतिरिक्त त्यसरी भएको क्षतिको अनुपातमा मुनासिव माफिकको क्षतिपूर्ति रकम समेत मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई बालकलाई भराइ दिन सक्नेछ।

(७) संरक्षकको दफा २३, २४ वा २५ मा उल्लिखित कुनै कुराको उल्लंघन गरेमावा पालन नगरेमा निजलाई तीन हजार रूपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(८) संरक्षकले दफा २६ को विपरीत प्रतिवेदन दिएमा वा दफा २९ बमोजिम फिता गर्नुपर्ने सम्पत्ति फिर्ता नगरेमा निजलाई छ हजार रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद हुनेछ र त्यसरी मासेको सम्पत्ति समेत उपर गरिनेछ।

(९) बाल कल्याण गृह प्रमुखले दफा ४१ बमोजिम राखिएको व्यक्तिगत विवरण कुनै अनाधिकृत व्यक्तिगत देखाएमा वा दिएमा वा कसैले दफा ४९ को विपरीत मुद्दाको विवरण प्रकाशित गरेमा वा दफा ५२ को विपरीत बालकसम्बन्धी तथ्यांक गोप्यता भङ्ग गरेमा वा त्यसलाई प्रयोगमा ल्याएमा वा प्रकाशित गरेमा तीन हजार रूपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ र कसूरसँग सम्बन्धित पत्र पत्रिका तथा पुस्तकसमेत सबै जफत गरिनेछ।

(१०) *बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ द्वारा खारेज*

५४. हदम्याद

यो ऐनअन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा सो भए गरेको मितिले एक वर्षभित्र मुद्दा दायर गर्नुपर्छ। तर बदनीयतपूर्वक बालकको सम्पत्ति बेचबिखत गरेकोमा जहिलेसुकै पनि र बालकलाई अनैतिक काममा लगाएकैमा सो काम भए गरेको मितिले तीन वर्षसम्म नालिस लाग्न सक्नेछ।

५५. मुद्दा हेर्ने अधिकारी र मुद्दाको सम्बन्धमा अपनाइने कार्यविधि

(१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार बाल अदालतको गठन गर्नेछ। त्यस्तो अदालतको इलाका तथा सदरमुकाम सोही सूचनामा तोकिएबमोजिम हुनेछ।

(२) दफा २० को अवस्थामा बाहेक बालक वादी वा प्रतिवादी भएको मुद्दाको शुरु कारवाही किनारा गर्ने अधिकारी उपदफा (१) बमोजिम गठित बाल अदालतलाई हुनेछ।

तर बालकको साथै उमेरसमेत संलग्न भएको मुद्दाको सम्बन्धमा भनेबाल अदालतले कारवाही र किनारा गर्ने छैन।

(३) उपदफा (१) बमोजिम बाल अदालतको गठन नभएसम्मकोलागि उपदफा (२) बमोजिमको मुद्दाको कारवाही किनारा गर्ने अधिकार सम्वन्धित जिल्ला अदालतलाई हुनेछ र बाल अदालतको गठन भएपछि जिल्ला अदालतमा दायर रहेको मुद्दा बाल अदालतमा सर्नेछ।

(४) उपदफा (३) बमोजिमको जिल्ला अदालतबाट हेरिने मुद्दाको कारवाही र किनारा गर्नको निमित्त प्रत्येक जिल्ला अदालतमा एक-एक बाल इजलास रहनेछ।

(५) उपदफा (४) बमोजिम बाल इजलासको गठन विधि श्री ५ को सरकारले सर्वोच्च अदालतको परामर्श लिई तोक्ने छ र त्यसरी इजलास तोक्दा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकलाई समावेश गर्न सक्नेछ।

(६) बाल अदालत वा जिल्ला अदालतले मुद्दाको कारवाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ र त्यसरी कार्यविधि नतोकिएसम्म ती अदालतले संक्षिप्त कार्यविधि ऐन २०२८ को कार्यविधि अपनाउने छन्।

५६. पुनरावेदन

दफा ५५ बमोजिम बाल अदालत वा जिल्ला अदालतले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ।

५७. मुद्दाको कारवाईमा प्राथमिकता दिनुपर्ने

यस ऐनअन्तर्गत कुनै बालक वादी वा प्रतिवादी भएको मुद्दालाई प्राथमिकता दिई कारवाही र किनारा गर्नु पर्छ।

५८. नियम बनाउने अधिकार

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

५९. खारेजी र संशोधन

(१) मुलुकी ऐन, गरीब कंगालको महलको १ र २ नम्बर खारेज गरिएको छ।

(२) मुलुकी ऐन गरीब कंगालको महलको ६ नम्बरमा रहेको "महल" भन्ने शब्द पछि रहेको "१" भन्ने अंक हटाइएको छ।

(३) मुलुकी ऐन दण्ड सजायको महलको १ नम्बरमा रहेका "८ वर्ष मुनिका नाबालक वा" भन्ने शब्दहरू र सोही नम्बरमा रहेका "नाबालकको उमेर ८ वर्ष वा सोभन्दा माथि र १२ वर्षभन्दा कम रहेछ भने निजलाई कानुनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई र कैद हुने अपराध गरेकोमा कसूर हेरी दुई महिनासम्म कैद हुन्छ। १२ वर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा कम उमेरका नाबालकले कुनै अपराध गरे निजलाई कानुनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ। नाबालक वा" भन्ने वाक्यांशहरू झिकिएका छन्।

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

(लालमोहर र प्रकाशन मिति: २०५७।३।७)

प्रस्तावना

वालकलाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन निषेध गर्न तथा वालकलाई अन्य काममा लगाउँदा उनीहरूको स्वास्थ्य, सुरक्षा तथा सेवा र सुविधाका सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको उन्नतीसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस ऐनको नाम "वालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ रहेको छ।

(२) यो ऐनको श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "वालक" भन्नाले सोह्र वर्ष उमेर पूरा नगरेको वालवालिका सम्झनु पर्छ।

(ख) "प्रतिष्ठान" भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुनवमोजिम स्थापित कुनै कलकारखाना, संगठन, संस्था, फर्म, कम्पनी वा तिनीहरूको समूह सम्झनु पर्छ।

(ग) "व्यवस्थापक" भन्नाले कुनै प्रतिष्ठानको क्रियाकलापमा अन्तिम निर्णय लिने व्यक्ति सम्झनु पर्छ र सो शब्दले अन्तिम जिम्मेवारी वा अधिकार प्रयोग गर्न पाउने गरी प्रतिष्ठानको कुनै भाग वा इकाइको प्रमुख पदमा नियुक्त भएको व्यक्तिसमेतलाई जनाउँछ।

(घ) "दिन" भन्नाले मध्यरातवाट सुरु हुने चौवीस घण्टाको अवधि सम्झनु पर्छ।

(ङ) "सप्ताह" भन्नाले शनिबारको मध्यरात वा श्रम विभागले तोकेको अरु कुनै दिनको मध्यरातदेखि शुरु हुने सात दिनको अवधि सम्झनु पर्छ।

(च) "चिकित्सक" भन्नाले श्रम विभागले तोकिदिएको चिकित्सक सम्झनु पर्छ।

(छ) "योग्यताको प्रमाणपत्र" भन्नाले दफा ७ को उपदफा (४) वमोजिम दिइएको प्रमाणपत्र सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएवमोजिम सम्झनु पर्छ।

परिच्छेद-२

बालकलाई काममा लगाउन निषेध

३. बालकलाई काममा लगाउन नहुने

(१) कसैले पनि चौध वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूपमा काममा लगाउनु हुँदैन।

(२) कसैले बालकलाई अनुसूचीमा उल्लिखित जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनु हुँदैन।

४. बालकलाई इच्छा विरुद्ध काममा लगाउन नहुने

कसैले पनि बालकलाई ललाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रूपमा काममा लगाउनु हुँदैन।

परिच्छेद-३

बालकलाई काममा लगाउनेसम्बन्धी व्यवस्था

५. सूचना दिनुपर्ने

(१) यो ऐन प्रारम्भ हुँदाका बखत अनुसूचीमा उल्लिखित जोखिमपूर्ण व्यवसाय वा कार्य सञ्चालन गरिरहेका व्यवस्थापकले यो ऐन प्रारम्भ भएको मितिले तीन दिनभित्र श्रम कार्यालयलाई देहायका विवरणहरू खुलाई लिखित सूचना दिनु पर्नेछ:

(क) प्रतिष्ठानको नाम र ठेगाना

(ख) व्यवस्थापकको नाम र ठेगाना

(ग) प्रतिष्ठानद्वारा सञ्चालित व्यवसाय वा कार्यको प्रकृति र

घ) तोकिएबमोजिमका अन्य विवरणहरू।

(२) यो ऐन प्रारम्भ भएपछि अनुसूचीमा उल्लिखित जोखिमपूर्ण व्यवसाय वा कार्य सञ्चालन गर्ने व्यवस्थापकले त्यस्तो व्यवसाय वा कार्य सञ्चालन गरेको मितिले पन्ध्र दिनभित्र श्रम कार्यालयलाई उपदफा (१) वमोजिम सूचना दिनु पर्नेछ।

६. स्वीकृति लिनु पर्ने

(१) कुनै प्रतिष्ठानले बालकलाई काममा लगाउनु परेमा सम्बन्धित श्रम कार्यालय वा सो कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालकको बाबु, आमा वा संरक्षकको स्वीकृति लिनु पर्नेछ।

तर श्री ५ को सरकारबाट स्वीकृति प्राप्त शिक्षणसंस्था वा बालकको हक र हितको संरक्षणको निमित्त कार्यरत प्रचलित कानुनबमोजिम स्थापित संस्थाद्वारा बालकको बृहत हितको निमित्त

आयोजना गरिने काममा वा सांस्कृतिक कार्यक्रममा लगाउन यस दफा बमोजिम स्वीकृति लिनुपर्ने छैन।

(२) उपदफा (१) बमोजिम बालकलाई काममा लगाउने स्वीकृति दिँदा श्रम कार्यालयले सम्बन्धित प्रतिष्ठानलाई बालकको शीप र योग्यताको विकास गर्ने तथा शिक्षा प्रदान गर्ने उद्देश्यले उपयुक्त शर्तहरू लगाउन सक्नेछ र प्रतिष्ठानले यसको पालना गर्नु पर्नेछ।

७. योग्यताको प्रमाणपत्र लिनु पर्ने

(१) प्रतिष्ठानले बालकलाई श्रमिकको रूपमा काममा लगाउनु अघि त्यस्तो बालकले श्रमिकको रूपमा काम गर्न सक्ने योग्यताको प्रमाणपत्र लिनु पर्नेछ।

(२) प्रतिष्ठानले उपदफा (१) बमोजिम योग्यताको प्रमाणपत्र लिन त्यस्तो बालकले गर्नुपर्ने कामको प्रकृति र उमेरसमेत उल्लेख गरी श्रम कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि श्रम कार्यालयले चिकित्सकद्वारा त्यस्तो बालकको स्वास्थ्य परीक्षण गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम चिकित्सकद्वारा बालकको स्वास्थ्य परीक्षण गराउँदा त्यस्तो बालक काम गर्न योग्य देखिएमा चिकित्सकले तोकिएको ढाँचामा योग्यताको प्रमाणपत्र दिनेछ।

(५) उपदफा (४) बमोजिम दिइएको योग्यताको प्रमाणपत्र एक वर्ष बहाल रहनेछ।

(६) उपदफा (५) बमोजिम दिइएको योग्यताको प्रमाणपत्र सम्बन्धित प्रतिष्ठानले चिकित्सकद्वारा नवीकरण गराउनु पर्नेछ।

(७) योग्यताको प्रमाणपत्र लिँदा र नवीकरण गर्दा लाग्ने दस्तुर सम्बन्धित प्रतिष्ठानले नै व्यहोर्नु पर्नेछ।

(८) यो ऐन प्रारम्भ हुँदाका बखत १४ वर्ष उमेर पूरा भएका बालकलाई काममा लगाएको प्रतिष्ठानले यो ऐन प्रारम्भ भएको मितिले ३० दिनभित्र योग्यताको प्रमाणपत्र लिई सक्नु पर्नेछ।

८. विवरण दिनु पर्ने

(१) यो ऐन प्रारम्भ भएपछि बालकलाई काममा लगाउने प्रतिष्ठानले काममा लगाएको मितिले १५ दिनभित्र त्यस्तो बालकको फोटोसहित देहायका कुराहरू खुलाइएको विवरण श्रम कार्यालयमा पेश गर्नु पर्नेछ:

(क) प्रतिष्ठानको नाम र ठेगाना

(ख) व्यवस्थापकको नाम र ठेगाना

(ग) प्रतिष्ठान सञ्चालन भएको मिति

(घ) प्रतिष्ठानद्वारा सञ्चालित व्यवसाय वा कार्य

(ङ) बालकको नाम, ठेगाना र उमेर

(च) बालकको बाबु, आमा वा संरक्षकको नाम र ठेगाना

(छ) बालकलाई काममा लगाइएको मिति

(ज) बालकले गर्नुपर्ने कामको प्रकृति

(झ) बालकले पाउने पारिश्रमिकको रकम तथा अन्य सुविधाहरू

(ञ) बालकको योग्यताको प्रमाणपत्र र

(ट) तोकिएबमोजिमका अन्य विवरणहरू

(२) यो ऐन प्रारम्भ हुँदाका वखत १४ वर्ष उमेर पूरा गरेको बालकलाई काममा लगाई राखेको प्रतिष्ठानले यो ऐन प्रारम्भ भएको मितिले ३० दिनभित्र उपदफा (१) बमोजिमको विवरण श्रम कार्यालयमा पेश गर्नु पर्नेछ।

९. काममा लगाउने समय

(१) बालकलाई बेलुका छ बजेपछि बिहान छ बजेसम्मको अवधिभर काममा लगाउनु हुँदैन।

(२) बालकलाई काममा लगाउँदा दिनमा छ घण्टा र एक सप्ताहमा छत्तीस घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुँदैन।

(३) बालकलाई प्रत्येक दिन लगातार तीन घण्टा काम गरेपछि आधा घण्टाको आराम गर्ने समय र प्रत्येक सप्ताहको एक दिनको बिदा दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको प्रत्येक दिनको आधा घण्टाको आराम गर्ने समय र प्रत्येक सप्ताहको एक दिनको बिदा काम गरेको अवधि मानिनेछ।

(५) एकै दिन एउटा प्रतिष्ठानमा काम गरिसकेको बालकलाई सोहीदिन पुनः अर्को प्रतिष्ठानमा काममा लगाउनु हुँदैन।

१०. पारिश्रमिक र सुविधा

(१) प्रतिष्ठानले श्रमिकको रूपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, धर्म वा जातजातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनु पर्नेछ।

(२) प्रतिष्ठानमा काम गर्ने बालकले पाउने पारिश्रमिक भत्ता, विदा र अन्य सुविधा तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको पारिश्रमिक र सुविधाभन्दा कम पारिश्रमिक र सुबिधा दिने गरी व्यवस्थापकले बालकलाई प्रतिष्ठानमा काममा लगाउनु हुँदैन।

११. बालकको स्वास्थ्य र सुरक्षासम्बन्धी व्यवस्था

प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य र सुरक्षाका सम्वन्धमा व्यवस्थापकले अपनाउनु पर्ने व्यवस्था तोकिएबमोजिम हुनेछ।

१२. उमेरसम्बन्धी विवाद

(१) प्रतिष्ठानमा काम गर्ने कुनै बालकको उमेरसम्बन्धी विवाद परेमा त्यस्तो बालकको जन्म दर्ता प्रमाणपत्र उल्लिखित जन्म मिति अनुसारको उमेर नै निजको वास्तविक उमेर मानिनेछ।

(२) कुनै बालकको जन्म दर्ता प्रमाणपत्र नभएमा चिकित्सकद्वारा स्वास्थ्य परीक्षण गराई निश्चित गरिएको उमेर नै निजको वास्तविक उमेर मानिनेछ।

१३. दर्ता किताब राख्नुपर्ने

(१) प्रतिष्ठानमा काममा लगाउने बालकको सम्वन्धमा व्यवस्थापकले देहायका कुराहरू खुलाई एउटा दर्ता किताव राख्नु पर्नेछ।

(क) बालकको नाम र ठेगाना

(ख) बावु, आमा वा संरक्षकको नाम र ठेगाना

(ग) जन्म, मिति वा उमेर

(घ) काममा लगाएको मिति

(ङ) कामको प्रकृति

(च) काम गर्नुपर्ने समय

(छ) आराम गर्ने समय

(ज) पारिश्रमिक तथा अन्य सुविधाहरू र

(झ) तोकिएवमोजिमका अन्य कुराहरू

(२) उपदफा (१) बमोजिमको दर्ता किताव श्रम कार्यालयवाट खटी आएको कर्मचारीले मागेको वखत प्रतिष्ठानले हेर्न दिनु पर्नेछ।

१४. सूचना टाँस्नु पर्ने

व्यवस्थापकले बालकलाई लगाउन नहुने काम, बालकले पाउने पारिश्रमिक, सुविधा तथा साप्ताहिक विदाको दिन र बालकलाई यस ऐन विपरीत काममा लगाएमा हुने सजायसम्वन्धी कुराहरू प्रतिष्ठानको सूचना पाटीमा अनिवार्य रूपमा टाँस्नु पर्नेछ।

परिच्छेद-४

निरीक्षणसम्बन्धी व्यवस्था

१५. निरीक्षण तथा कारवाही

(१) श्रम कार्यालयले समय-समयमा कुनै कर्मचारीलाई बालकलाई काममा लगाउने प्रतिष्ठानको निरीक्षण गर्न खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम खटिएको कर्मचारीलाई व्यवस्थापकले जुनसुकै समयमा प्रतिष्ठानमा प्रवेश गर्न र आवश्यक निरीक्षण गर्न दिनु पर्नेछ। यसरी निरीक्षण गर्न खटिएको कर्मचारीले हेर्न र वुझ्न चाहेको कुरा व्यवस्थापकले उपलव्ध गराउनु पर्नेछ।

१६. कामबाट हटाउन

(१) दफा १५ बमोजिम प्रतिष्ठानको निरीक्षण गर्दा दफा ३ वा ४ विपरीत बालकलाई कुनै प्रतिष्ठानमा काममा लगाइएको पाइएमा निरीक्षण गर्ने कर्मचारीले यथाशीघ्र त्यस्तो बालकलाई निजको बावु, आमा वा संरक्षकको जिम्मा लगाउने र बालकलाई कामवाट हटाउन व्यवस्थापकलाई आदेश दिनु पर्नेछ।

(२) उपदफा (१) वमोजिम वालकको वावु, आमा वा संरक्षक नभएमा वा पत्ता नलागेमा त्यस्तो वालकलाई व्यवस्थापकले कुनै वाल कल्याण गृह वा वालकलाई हेरचाह गर्ने कुनै संस्थामा राखिदिनु पर्नेछ।

(३) उपदफा (१) र (२) वमोजिम बालकलाई निजको वावु, आमा वा संरक्षकको जिम्मा लगाउँदा लाग्ने खर्च वा वाल कल्याण गृह वा बालकलाई हेरचाह गर्ने संस्थामा राख्दा त्यस्तो वाल कल्याण गृह वा संस्थाको नियमानुसार लाग्ने खर्च प्रतिष्ठानले व्यहोर्नु पर्नेछ।

१७. निरीक्षण प्रतिवेदन

(१) दफा १५ वमोजिम निरीक्षण गर्ने कर्मचारीले कुनै प्रतिष्ठानमा यस ऐन विपरीत बालकलाई काममा लगाइएको वा काममा लगाइएका बालकको स्वास्थ्य र सुरक्षाको लागि गर्नु पर्ने व्यवस्थालगायत् यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम बमोजिम गर्नुपर्ने अन्य सबै व्यवस्थाहरू गरेको छ वा छैन यथार्थ विवरण खुलाई निरीक्षण समाप्त भएको मितिले पन्ध्र दिनभित्र श्रम कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ। यसरी खटिएको कर्मचारीले यस दफाबमोजिमको आदेशअनुरूपको कार्य गरे नगरेको तथा दिइएको प्रतिवेदन यथार्थ भए नभएको सम्बन्धमा श्रम कार्यालयले तोकिएबमोजिम जाँच गर्न सक्नेछ र अन्यथा देखिएमा कानुन बमोजिम कारवाही हुनेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदनअनुसार कुनै प्रतिष्ठानमा यो ऐन र यस ऐनअन्तर्गन बनेको नियमबमोजिम गर्नुपर्ने कुनै व्यवस्था नगरेको पाइएमा श्रम कार्यालयले यथाशीघ्र त्यस्तो व्यवस्था गर्न मनासिब म्याद तोकी व्यवस्थापकलाई आदेश दिनेछ।

(३) उपदफा (२) बमोजिम श्रम कार्यालयले दिएको म्यादभित्र व्यवस्थापकले आदेशबमोजिमको व्यवस्था मिलाउनु पर्नेछ।

१८. सुविधा रोक्का राख्ने

(१) दफा १७ बमोजिम श्रम कार्यालयले दिएको आदेशबमोजिम सम्बन्धित प्रतिष्ठानले आवश्यक व्यवस्था नगरेमा श्रम कार्यालयले त्यस्तो प्रतिष्ठानलाई प्रचलित कानुनबमोजिम दिइने सुविधा तोकिएको अवधिसम्मको लागि रोक्का गर्न सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ।

(२) कुनै प्रतिष्ठानको सम्वन्ध श्रम कार्यालयबाट उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले त्यस्तो प्रतिष्ठानले पाउने सुविधा रोक्का गरी त्यसको जानकारी श्रम कार्यालयलाई दिनु पर्नेछ।

परिच्छेद-५

दण्ड सजाय र पुनरावेदनसम्बन्धी व्यवस्था

१९. दण्ड सजाय

(१) कसैले दफा ३ को उपदफा (१) विपरीत काम गरेमा निजलाई तीन महिनासम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(२) कसैले दफा ३ को उपदफा (२) र दफा ४ विपरीत काम गरेमा निजलाई एक वर्षसम्म कैद वा पचास हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(३) कुनै व्यवस्थापकले दफा ६, ७, ८, १० वा ११ विपरीत कुनै काम गरेमा निजलाई दुई महिनासम्म कैद वा पाँचहजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(४) कुनै व्यवस्थापकले दफा ५, १३ वा १४ विपरीत कुनै काम गरेमा निजलाई एक महिनासम्म कैद वा तीन हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(५) कसैले उपदफा (१), (२), (३) र (४) मा लेखिएदेखि वाहेक यो ऐन र यस ऐनअन्तर्गत वनेको नियम विपरीत अन्य कुनै काम गरेमा निजलाई पन्ध्र दिनसम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(६) कसैले उपदफा (१), (२), (३), (४) वा (५) वमोजिम एक पटक सजाय पाइसकेपछि पुन: सोही काम गरेमा निजलाई पटकैपिच्छे सोही उपदफाहरूमा उल्लिखित सजायको दोव्वर सजाय हुनेछ।

२०. उजूरी र हदम्याद

(१) यस ऐनअन्तर्गत सजाय हुने कसुरको सम्वन्धमा देहायवमोजिमको व्यक्ति वा संस्थाले सम्वन्धित श्रम कार्यालयमा उजूरी दिन सक्नेछ:

(क) दफा १५ वमोजिम प्रतिष्ठानकोनिरीक्षण गर्ने कर्मचारी

(ख) सम्बन्धित इलाकाको प्रहरी

(ग) सम्बन्धित वालक वा निजको वावु, आमा वा संरक्षक

(घ) सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका

(ङ) प्रतिष्ठान स्तरको ट्रेड युनियन, वा

च) वालकको हक र हितको संरक्षणको निमित्त कार्यरत प्रचलित कानुनवमोजिम स्थापित निकाय वा गैरसरकारी संस्था

(२) यस ऐनअन्तर्गत सजाय हुने कसूरको सम्वन्धमा सो कार्य भए गरेको मितिले एक वर्षभित्र उजूरी दिनु पर्नेछ।

२१. सजाय गर्ने अधिकार

(१) यो ऐन र यस ऐनअन्तर्गत वनेको नियमको उल्लंघन गर्ने व्यक्तिलाई दफा १९ वमोजिम सजाय गर्ने अधिकार श्रम कार्यालयलाई हुनेछ।

(२) उपदफा (१) वमोजिम सजाय गर्दा श्रम कार्यालयले कैदको सजाय गर्नु परेमा श्रम अदालतमा जाहेर गरी सो अदालतवाट निकासा भएवमोजिम गर्नु पर्नेछ।

२२. पुनरावेदन

दफा २१ वमोजिम श्रम कार्यालयले गरेको सजायउपर चित्त नवुझ्ने व्यक्तिले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र श्रम अदालतमा पुनरावेदन गर्न सक्नेछ।

तर कैदको सजाय तोकिएकोमा सो उपर पुनरावेदन अदालतमा पुनरावेदन गर्नु पर्नेछ।

परिच्छेद-६
विविध

२३. बालश्रम निवारण समिति

(१) श्री ५ को सरकारले प्रतिष्ठानमा कार्य गर्ने बालकको स्वास्थ्य, सुरक्षा, शिक्षा, व्यावसायिक र तालिमको व्यवस्था गर्न, बालकलाई उपयुक्त रोजगारीको व्यवस्था गर्न, बालकलाई काममा लगाउन निरुत्साहित तुल्याउन र बालश्रम निवारण गर्ने सम्बन्धमा आवश्यक राय सुझाव प्राप्त गर्नको लागि बालश्रम निवारण समिति गठन गरिनेछ।

(२) यस्तो समितिमा तोकिएबमोजिम बालश्रमको क्षेत्रमा कार्यरत सरकारी र गैरसरकारी संस्था तथा विशेषज्ञको समुचित प्रतिनिधित्वको व्यवस्था गरिनेछ।

(३) बालश्रम निवारण समितिको गठन विधि, काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिएबमोजिम हुनेछ।

२४. बालश्रम निवारण कोष

(१) श्री ५ को सरकारले प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य, सुरक्षा, शिक्षा, व्यवसायिक र तालिमको व्यवस्था गर्न, बालकलाई उपयुक्त रोजगारीको व्यवस्था गर्न, बालकलाई काममा लगाउन निरुत्साहित तुल्याउन र बालश्रमक निवारण गर्ने सम्बन्धमा बालश्रम निवारण कोषको नामले एउटा कोष स्थापना गरिनेछ।

(२) बालश्रम निवारण कोषमा देहायबमोजिमको रकम जम्मा गरिनेछ:

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदान रकम

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरूबाट प्राप्त चन्दा, शुल्क, अनुदान तथा सहयोगको रकम

(३) बालश्रम निवारण कोषमा जम्मा हुने रकम र कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ।

२५. निर्देशन दिन सक्ने

(१) श्री ५ को उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले व्यवस्थापक, ट्रेड युनियन तथा बाल कल्याण गृह र बालकको हेरचाह गर्ने संस्थालाई बालकको हक र हितको सुरक्षाको लगी आश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम श्री ५ को सरकारले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

२६. अनुसूचीमा संशोधन

(१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा अन्य जोखिमपूर्ण कार्यहरू थप गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुसूचीमा कुनै जोखिमपूर्ण काम थम गर्दा श्री ५ को सरकारले आवश्यक देखमा बालश्रम विस्तार समितिको राय लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएको मितिले ३० दिनपछि अनुसूचीमा संशोधन भएको मानिनेछ।

२७. नियम बनाउने अधिकार

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२८. खारेजी र संशोधन

(१) श्रम ऐन, २०४८ को

(क) दफा २ को खण्ड (ज) झिकिएको छ।

(ख) दफा २ को खण्ड (झ) मा रहेको "चौध वर्षको" भन्ने शब्दहरूको सट्टा "सोह्र वर्षको" भन्ने शब्दहरू राखिएका छन्।

(ग) दफा ५ को उपदफा (१) झिकिएको छ।

(घ) दफा ३२ पछि देहायका दफा ३२ (क) र ३२ (ख) थपिएका छन्–

३२. (क) पर्याप्त निर्देशन वा व्यावसायिक तालिम नदिई नाबालिगलाई काममा लगाउन नहुने

(१) सम्बन्धित कार्यक्षेत्रका विषयमा पर्याप्त निर्देशन वा व्यावसायिक तालिम नदिई नाबालिगलाई काममा लगाउन हुँदैन।

(२) नाबालिगलाई काममा लगाउँदा उपदफा (१) बमोजिम सम्बन्धित कार्यक्षेत्रका बिषयमा दिनुपर्ने पर्याप्त निर्देशन वा व्यावसायिक तालिमसम्बन्धी व्यवस्थायाहरू तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) विपरीत नाबालिगलाई काममा लगाउने व्यवस्थपकलाई तीन महिनासम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

३२. (ख) उमेरसम्बन्धी विवाद

(१) प्रतिष्ठानमा काम गर्ने कुनै नाबालिगको उमेरसम्बन्धी विवाद परेमा त्यस्तो नाबालिगको जन्म दर्ता प्रमाणपत्रमा उल्लिखित जन्म मिति अनुसारको उमेर नै निजको वास्तविक उमेर मानिनेछ।

(२) कुनै नाबागिकको जन्म दर्ता प्रमाणपत्र नभएमा श्रम विभागले तोकेको चिकित्सकद्वारा त्यस्तो नाबालिगको स्वास्थ्य परीक्षण गराई निश्चित गरिएको उमेर नै निजको वास्तविक उमेर मानिनेछ।

(२) बालबालिकासम्बन्धी ऐन, २०४८ को

(क) दफा १७ र १८ खारेज गरिएका छन्।

(ख) परिच्छेद-५ खारेज गरिएको छ।

(ग) दफा ५३ को उपदफा (१) र (६) मा रहेका "१७ वा १८" भन्ने शब्दहरू झिकिएका छन्।

(घ) दफा ५३ को उपदफा (१०) झिकिएको छ।

अनुसूची

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

जोखिमपूर्ण व्यवसाय वा कामहरू

(क) पर्यटन, आवास, मोटेल, होटेल, जुवाघर, रेष्टुराँ, बार, पव, रिसर्ट स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर र्‍याफ्टिङ्ग, केवल कार कम्प्लेक्स, पोनी ट्रेकिङ्ग, पदयात्रा, पर्वतारोहण, हट एयर ब्यालुनिङ्ग, प्यारासेलिङ्ग, गल्फ कोर्ष, पोलो, अश्वारोहण आदि पर्यटनसँग सम्बन्धित व्यवसायहरू,

(ख) कार्यशाला, प्रयोगशाला, पशु बधशाला, शीत भण्डार आदि सेवामूलक व्यवसायहरू

(ग) सार्वजनिक परिवहन र निर्माण व्यवसायहरू

(घ) चुरोट, बिडी बनाउने, गलैंचा बुन्ने तथा राउने, ऊन सफा गर्ने, कपडा बुन्ने, धुने, रङ्गाउने तथा बुट्टा छाप्ने, छाला प्रशोधन गर्ने, सिमेन्ट उन्पादन तथा प्याकिङ्ग, सलाई, विस्फोटक तथा अन्य आगजन्य पदार्थहरूको उत्पादन र बिक्री वितरण, वियर, मदिरा तथा अन्य पेय पदार्थको उत्पादन, फोहोर मैला संकलगन, प्रशोधन तथा इलेक्ट्रोप्लेटिङ्ग, फोटो प्रोसेसिङ्ग, रबर, सिन्थेटिक, प्लाष्टिक, सिसा, पारोसँग सम्बन्धित कार्यहरू

(ङ) जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल वा ग्याँस, बायोग्यास तथा त्यस्तै अन्य स्रोतबाट उर्जा प्रदा गर्ने र त्यसको प्रसारण र वितरणसँग सम्बन्धित कार्यहरू

(च) खानी, खनिज पदार्थ, प्राकृतिक तेल वा ग्याँसको उत्खनन्, प्रशोधन तथा वितरणसँग सम्बन्धित कार्यहरू

(छ) रिक्सा वा ठेलागाडा

(ज) कटिङ्ग मेशीन जस्ता कार्यहरू

(झ) जमिनमुनि, पानीमुनि र धेरै उचाइमा चढेर गर्नुपर्ने कार्यहरू

(ञ) रसायनिक पदार्थहरूसँग सम्पर्क हुने कार्यहरू, र

(ट) प्रचलित कानुनबमोजिम तोकिएको अन्य जोखिमपूर्ण कार्यहरू

बालबालिकाको मनोविज्ञान र शिक्षकको दायित्व

मनोविज्ञान भनेको कुनै पनि व्यक्तिले वातावरणको सम्पर्कमा आएर देखाउने व्यवहारको अध्ययन हो। मनोविज्ञानले कुनै पनि व्यक्तिले प्रदर्शन गर्ने समग्र व्यवहारलाई जनाउँछ।

मनोविज्ञान दुई किसिमका छन्:

क) सैद्धान्तिक मनोविज्ञान

ख) व्यावहारिक मनोविज्ञान

सैद्धान्तिक मनोविज्ञान अन्तरगत सामान्य मनोविज्ञान, विकासात्मक मनोविज्ञान, बाल मनोविज्ञान, वयस्क मनोविज्ञान, असाधारण मनोविज्ञान आदि पर्छन् भने व्यावहारिक मनोविज्ञान अन्तरगत शिक्षा मनोविज्ञान, चिकित्सा मनोविज्ञान, कानूनी मनोविज्ञान, औद्योगिक मनोविज्ञान, वाणिज्य मनोविज्ञान आदि पर्छन्। यीमध्ये औपचारिक या अनौपचारिक शिक्षाका क्षेत्रमा काम गर्ने व्यक्तिहरूले भने शिक्षा मनोविज्ञानको अध्ययन गर्नु आवश्यक हुन्छ।

शिक्षा मनोविज्ञान अन्तर्गत बालबालिका वा किशोर-किशोरी वा लक्षित समूहले शैक्षिक परिवेशमा प्रदर्शन गर्ने व्यवहारको अध्ययन गरिन्छ। यसमा सामान्य मनोविज्ञान, विकासात्मक मनोविज्ञान, बाल तथा किशोरावस्थाको मनोविज्ञानका सैद्धान्तिक कुराहरूलाई शिक्षण सिकाइमा व्यावहारिक ढङ्गले प्रयोग गर्ने कुरामा जोड दिइएको हुन्छ। त्यसैले यहाँ बालबालिकाको मनोविज्ञानको कुरा गर्दा शैक्षिक परिवेशमा बालवालिकाले प्रदर्शन गर्ने व्यवहारका रूपमा शिक्षा मनोविज्ञानको चर्चा गरिन्छ।

शिक्षा मनोविज्ञानका क्षेत्रहरू यसप्रकार छन्:

- मानव विकास
- सिकाइ प्रक्रिया र सिद्धान्त
- मूल्यांकन प्रक्रिया
- उत्प्रेरणा
- बाल अपराध आदि।

मानिसहरूले प्रदर्शन गर्ने व्यवहारहरू उमेर र अवस्था अनुसार फरक फरक हुन्छन्। अत: एउटा व्यक्तिले कुन कुन विषय कसरी सिक्छ भन्ने कुरा उसको विकासात्मक ढाँचामा भर पर्छ। त्यसैले शिक्षा क्षेत्रमा काम गर्ने प्रत्येक व्यक्तिले व्यक्तिका विकासात्मक ढाँचा (मानव विकास) बारेमा जानकारी राख्नु अति आवश्यक छ।

गर्भधारणदेखि जीवनको सुरुवात हुन्छ। यसरी जीवनको सुरुवात भएदेखि मृत्यु नहुँदासम्म व्यक्तिमा आउने क्रमबद्ध र प्रगतिशील परिवर्तनलाई नै मानव विकास भनिन्छ। यो परिवर्तन परिमाणात्मक (वृद्धि) र गुणात्मक (विकास) दुवै हुन सक्छ।

मानव विकासका अवस्थाहरू

मानव विकासका मुख्य मुख्य अवस्थाहरू यसप्रकार छन्:

विकासात्मक अवस्था	**उमेर**
क) गर्भावस्था	गर्भाधारणदेखि शिशु नजन्मनुजेलसम्म लगभग दुई ८० दिन
ख) जन्मेपछिको अवस्था	
१. नवजात शिशु अवस्था	जन्मेदेखि दुई हप्तासम्म
२. शैशव अवस्था	दुई हप्तादेखि दुई वर्षसम्म
३. प्रारम्भिक बाल्यावस्था	दुई वर्षदेखि ६ वर्षसम्म
४. उत्तर बाल्यावस्था	६ वर्षदेखि १३/१४ वर्षसम्म (केटीहरूको १३ वर्ष र केटाहरूको १४ वर्ष)
५. अल्लारे अवस्था	११ वर्षदेखि १५ वर्षसम्म केटीहरू, १२ वर्षदेखि १६ वर्षसम्म केटाहरू)
६. प्रारम्भिक किशोरावस्था	१३/१४ वर्षदेखि १७ वर्षसम्म
७. उत्तर किशोरावस्था	१७ वर्षदेखि १८ वर्षसम्म
८. वयस्क अवस्था	१८ वर्षदेखि ४० वर्षसम्म
९. मध्यम अवस्था	४० वर्षदेखि ६० वर्षसम्म
१०. वृद्ध अवस्था	६० वर्षदेखि नमरुन्जेलसम्म

व्यक्तिको जन्मेदेखि अल्लारे अवस्थासम्मको केही प्रमुख विशेषताहरू यसप्रकार छन्-

नवजात शिशु अवस्था (जन्मेदेखि दुई हप्तासम्म)

१. समायोजन हुने अवस्था
- सास फेर्ने
- खानेकुरा चुस्ने, निल्ने
- दिसा-पिसाब गर्ने
- तापक्रमसँग घुलमिल हुने।

२. जीवनको सबैभन्दा छोटो अवस्था केवल दुई हप्ताको अवस्था

३. शारीरिक विकासको गति अवरुद्ध हुने अवस्था

४. भावी जीवनको प्रारम्भिक झलक झल्काउने अवस्था

५. संकटकालीन अवस्था

शैशवावस्था (दुई हप्ता पछिदेखि दुई वर्षसम्म)

१. आधारशील उमेर- शारीरिक, मानसिक, सामाजिक, मानसिक, संवेगात्मक, पारिवारिक, नैतिकतासम्बन्धी विकास।

२. तीव्र वृद्धि तथा परिवर्तनको अवस्था।
३. घट्दो परनिर्भरताको अवस्था।
४. बढ्दो वैयक्तिकताको अवस्था।
५. सामाजिकिकरणको शुरुवात हुने अवस्था।
६. यौन भूमिका निर्धारणको शुरुवात हुने अवस्था।
७. सबैले मन पराउने। सबैका लागि आकर्षक अवस्था।
८. सिर्जनात्मकताको शुरुवात हुने अवस्था।
९. संकटकालिन अवस्था।

प्रारम्भिक बाल्यावस्था (दुई वर्ष पछिदेखि ६ वर्षसम्म)

१. समस्यामूलक उमेर
२. खेलौना उमेर
३. पूर्व प्राथमिक विद्यालय उमेर
४. पूर्व बाल समुदाय उमेर
५. अन्वेषणात्मक उमेर
६. प्रश्न सोधिराख्ने (जिज्ञासु) उमेर
७. अनुकरणात्मक उमेर।

उत्तरबाल्यावस्था (छ वर्ष पछिदेखि १३/१४ वर्षसम्म)

१. बाबु आमालाई दु:ख दिने अवस्था,
२. फोहोरी अवस्था
३. लापर्वाही गर्ने अवस्था (सुत्ने, खाने, सफासुग्घर बस्ने कुरामा)
४. झगडालु अवस्था
५. नाजुक अवस्था (खराब बानी बस्न सक्ने सम्भावना)
६. प्राथमिक विद्यालय अवस्था
७. बाल समुदायमा संलग्न हुने अवस्था
८. दृढ निश्चयी अवस्था
९. खेल खेल्न रुचाउने अवस्था।

उत्तरबाल्यावस्थाका केटाकेटीले यस्ता खेल खेल्न रुचाउँछन्-

क) रचनात्मक खेल-

- माटो, काठ, ढुङ्गा, कागज आदिबाट वस्तुहरू निर्माण गर्ने।
- चित्र कोर्ने, रंगाउने, माटोको आकृति बनाउने (यो कार्य उत्तर बाल्यावस्थाको अन्तसम्ममा निकै घटिसकेको हुन्छ।)
- गीत गाउने/गुनगुनाउने।

ख) अन्वेपणात्मक खेल	- विभिन्न वस्तुहरूको अन्वेपण गरी आफ्नो जिज्ञासा पूरा गर्न चाहने।
ग) वस्तुहरू संकलन गर्ने खेल	- हुलाक टिकट, बोतलका बिर्कोहरू, चुरोटका बट्टाहरू, विभिन्न ढुंगाका टुक्राहरू, गुच्चाहरू आदि।
घ) खेलकूदहरू	- (इन्डोर तथा आउटडोर), जस्तै- फूटबल, भलिबल, टेनिस, रिङ आदि।
ङ) मनोरन्जात्मक खेल	- बाल पत्रिका पढाइ, कमिक पढाइ, फिल्म हेर्ने, टेलिभिजन हेर्ने, रेडियो सुन्ने आदि।
च) दिवास्वप्न देख्ने	- खेलसाथी र खेल सामग्री नपाएको अवस्थामा एकान्तमा बसेर कल्पनामा हराउने।

उत्तरबाल्यावस्थाका केटाकेटीहरूमा अनुशासन कायम राख्न विभिन्न उपाय अपनाउन सकिन्छ। उनीहरूलाई अनुशासन सिकाउने मुख्य तीन तरिका छन्, ती हुन्-

- प्रभुत्ववादी अनुशासनात्मक तरिका
- अनुमोदन अनुशासनात्मक तरिका
- प्रजातान्त्रिक अनुशासनात्मक तरिका

यी तीन तरिकामध्ये प्रजातान्त्रिक अनुशासनात्मक तरिकालाई राम्रो मानिन्छ।

केटाकेटीहरूमा अनुशासन कायम राख्न निम्न चार कुराहरू गर्न सकिन्छ।

१. नैतिक संहिता बनाउन सघाउने।
२. प्रशंसा या विशेष व्यवहारद्वारा पुरस्कृत गर्ने।
३. अनपेक्षित व्यवहारका लागि साङ्केतिक वा वस्तुगत वा शारीरिक दण्ड सजायको व्यवस्था गर्ने। सकेसम्म साङ्केतिक दण्ड सजायमा नै सीमित राख्ने।
४. स्थिरता या स्थिर अनुशासनात्मक व्यवहार प्रदर्शन गर्न सघाउने। अर्थात्, खराब व्यवहार जुनसुकै अवस्थामा खराब नै हुन्छ र असल व्यवहार जुनसुकै अवस्थामा पनि असल नै हुन्छ भन्ने कुरामा जोड दिने।

व्यक्तिको सामाजिक समायोजन राम्रो हुन पारिवारिक सम्बन्ध राम्रो हुनुपर्छ। पारिवारिक सम्बन्ध राम्रो भएका वालवालिकाले परिवार वाहिरका साथीहरूसँग राम्रो सम्वन्ध कायम राख्न सक्छन्। त्यसैले आफ्ना वालवालिकालाई समाजमा राम्ररी घुलमिल हुने बनाउन उनीहरूलाई उचित वातावरण दिनु पर्छ। तर कतिपय अवस्थामा बालवालिकाको परिवारसँगको सम्वन्ध राम्रो नहुन सक्छ। वालवालिकाको पारिवारिक सम्वन्धमा कमी आउनुका केही कारणहरू यसप्रकार छन्:

- वाबुआमाले निर्वाह गरेको भूमिकाप्रतिको मनोवृत्ति
- वाबुआमाको अपेक्षा, उच्च आकांक्षा र केटाकेटीको न्यून उपलब्धि।
- वालवालिकालाई तालिम दिने तरिका- अनुशासन कायम राख्ने तरिका।
- सामाजिक, आर्थिक अवस्था आफ्नो समकालीन समूहभन्दा तल हुनु।

- बाबुआमाको पेशा घरबाहिर काम गर्ने भई बालबालिकासँग कम भेटघाट हुनु।
- बाबुआमाप्रतिको धारणामा आउने परिवर्तन- आदर्श बाबुआमाको धारणा र उनीहरूका व्यवहार बीचमा बालबालिकाले देख्ने फरक।
- भाइबहिनीसँगको सङ्घर्षयुक्त सम्बन्ध।
- अरु नातेदारहरूसँगको सम्बन्धमा आउने परिवर्तन, जस्तै- अरु नातेदारहरूले गर्ने व्यवहार मन नपर्नु।
- सौतेनी बाबु-आमा।

उत्तरबाल्यावस्थामा व्यक्तित्वको विकास

उत्तरबाल्यावस्थामा बालबालिकाको व्यक्तित्व विकास तीव्र गतिमा भइरहेको हुन्छ। व्यक्तित्व विकासमा स्वधारणाको महत्वपूर्ण भूमिका रहन्छ। स्वधारणा सकारात्मक भएमा व्यक्तित्वमा सकारात्मक प्रभाव पर्छ। स्वधारणामा प्रभाव पार्ने कुराहरू यसप्रकार छन्:

- शारीरिक अवस्था, जस्तै- कमजोर वा अपाङ्ग हुनाले खेलमा बाधा पुग्नु।
- शरीरको संरचना, जस्तै- धेरै मोटो वा दुब्लो हुनुले पनि स्वधारणामा परिवर्तन आउनु।
- नाम र उपनाम, जस्तै- अरुले जिस्क्याउने।
- सामाजिक तथा आर्थिक अवस्था, जस्तै- आवश्यकता पूरा नहुने वा अभावमा हुर्कने स्थिति।
- विद्यालयको वातावरण, जस्तै- शिक्षकहरूको व्यवहार।
- सामाजिक स्वीकारोक्ति
- आकांक्षाको स्तर
- सफलता र असफलता
- लिंग-लिंग अनुसार महत्ताभाष वा लघुताभाष हुने।
- बुद्धि, जस्तै- बुद्धिमान केटाकेटीहरूले आफ्नो समस्या युक्तिसंगतढंगले सम्पन्न गर्ने हुन्छन् र आफूप्रति सकारात्मक धारणा बनाउँछन्।

स्वधारणा सकारात्मक बनाउने उपायहरू

१. यथार्थ वा हासिल हुन सक्ने आदर्श बनाउन सघाउने।
२. आफ्नो सबल र दुर्बल यथार्थ लेखाजोखा गर्न सघाउने।
३. स्थिर स्वधारणा बनाउन सघाउने।
४. आफ्नो उपलब्धिप्रति सन्तुष्टि लिन सघाउने।

उत्तरबाल्यावस्थामा खुशीपन

बाल्यावस्था खुशीमय बनाइनु पर्छ। यसले व्यक्तित्व विकासमा पनि सघाउँछ। खुशीपनका लागि चाहिने मुख्य तीन कुराहरू यसप्रकार छन्:

- उपलब्धि
- स्वीकारोक्ति
- माया, स्नेह

अल्लारेवस्था (११/१२-१५/१६ वर्षसम्म) का मुख्य विशेषताहरू

- छोटो समय (दुई देखि चार वर्षमात्र) रहने अवस्था
- तीव्र वृद्धि र परिवर्तनको उमेर (शरीर, आचार-विचार, प्राथमिक र गौण यौन विशेषताहरू)
- सकारात्मक उमेर
- बेखुशी हुने अवस्था
- केटीहरू रजस्वला हुन प्रारम्भ हुने अवस्था
- केटाहरूको वीर्य प्रवाह हुन प्रारम्भ हुने अवस्था
- हर्मोन बन्ने क्रममा तीव्रता

यस अवस्थामा उनीहरूले निम्नानुसारका व्यवहार प्रदर्शन गर्छन्-

- एक्लै बस्न रुचाउने
- खेल खेल्दा, स्कूलको काम गर्दा झ्याउ मान्ने
- असामन्जस्यता (शरीर वृद्धिको अनुपातमा काम गर्ने ढंग नपुग्नु)
- समाज विरोधी गतिविधिहरू, जस्तै- आलोचना गर्ने, असहिष्णु हुने, असहयोगी हुने, आदि
- उच्च संवेग (असन्तुलित संवेग)
- आत्मविश्वासको कमी
- आफूप्रति अत्याधिक नकारात्मक धारणा बनाउने।

उपयुक्त मार्गदर्शनले ती कुराहरूमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ।

शिक्षकले आफ्ना विद्यार्थीका उमेर-अवस्था अनुसारका यी विशेषताहरू बुझेपछि उनीहरूलाई उपयुक्त हुने तरिकाले सिकाइ प्रक्रिया अगाडि बढाउनु पर्छ। खासगरी उत्तरबाल्यावस्था देखि अल्लारे अवस्थासम्म बालबालिकाको समय शिक्षकसँग धेरै बितेको हुन्छ। उनीहरूले भविष्यका लागि योग्य बन्न धेरै कुरा सिक्ने अवधि पनि यही हो। छात्रछात्राको मनोविज्ञानं विपरित अध्यापन कार्य अघि बढिरहेको छ भने त्यसको असर प्रतिकूल मात्र हुन्छ।

सिकाइ प्रक्रिया

सिकाइ भनेको एउटा यस्तो मानसिक प्रक्रिया हो जसमा कुनै पनि प्राणीले देखिने वा नदेखिने क्रियाकलापबाट अनुभव हासिल गरी व्यवहारमा परिवर्तन ल्याउँछ। सिकाइ विभिन्न तरिकाले हुनसक्छ।

सिकाइका विभिन्न स्रोतहरू

- ***परीक्षण:*** यसअन्तर्गत बालबालिकाले आफैले काम गर्दै र पहिलेका गल्तीलाई सच्याउँदै नयाँ नयाँ कुराहरू सिक्दै जाने गर्छन्।
- ***अनुकरण:*** अरुले गरेको कामको अनुकरणबाट सिकाइ हुन सक्छ। अर्थपूर्ण अनुकरणबाट हुने सिकाइ दिगो हुन्छ।

- ***प्रशिक्षण:*** प्रशिक्षण पनि सिकाइको एक प्रमुख स्रोत हो। यसमा प्रदर्शन, मार्गदर्शन र निरीक्षणबाट सिकाइको स्तर वृद्धि हुँदै जान्छ।
- ***सम्बन्ध प्रत्यावर्तन:*** सम्बन्ध प्रत्यावर्तनबाट पनि बालबालिकाले धेरै कुरा सिक्छन्। जस्तै- विरालोसँग डराउन सिकेको बालक त्यस्तै अरु अरु वस्तुसँग पनि डराउँछ।
- ***सुझबुझको प्रयोग:*** बालबालिकाले आफ्नै सुझबुझको प्रयोगबाट पनि कतिपय कुराहरू सिक्न सक्छन्।

सिकाइका मुख्य नियमहरू

- तत्परताको नियम
- अभ्यासको नियम
- प्रभावकारिता (सन्तुष्टीको नियम)

आवश्यकताको वर्गीकरण (श्रेणीवद्ध रूपमा)

- भौतिक आवश्यकता
- सुरक्षासम्बन्धी आवश्यकता
- प्रेम तथा सँगै रहन चाहने आवश्यकता
- आत्मसम्मानसम्बन्धी आवश्यकता
- स्वपहिचानसम्बन्धी आवश्यकता

प्रेरणा जगाउन गर्नुपर्ने कार्यहरू

- सिकाइमा व्यस्त राख्ने।
- उद्देश्यसँग परिचित गराउने।
- उपलब्धिलाई पुरस्कृत गर्ने।
- सन्तुलित व्यवहार प्रदर्शन गर्ने मौका प्रदान गर्ने।

सिकाइमा प्रभाव पार्ने अन्य कुराहरू

सिकाइ प्रक्रियामा विभिन्न कुराहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पार्छन्। जस्तै-

- अभ्यास - अन्ध अभ्यास र पृष्ठपोषण सहितको अभ्यास
- मार्गदर्शन
- व्यक्तिगत कुराहरू - उमेर, लिंग, रुचि, क्षमता, संवेग
- वातावरण - परिवारको, विद्यालयको वातावरण आदि।

अनुसूची ७

बालबालिकाप्रति अभिभावक र शिक्षकको दायित्व

- बालबालिकाको कुरा र भावनाहरूलाई बुझिदिनु।
- सबै बालबालिकालाई पढ्ने वातावरण मिलाइदिनु, विद्यालय पठाउनु, राम्रोसँग पढाउनु।
- आवश्यक खोप, स्वास्थ्य सेवाको व्यवस्था गर्नु।
- उचित हेरविचार र माया गर्नु।
- बालबालिकालाई हेला, दुर्व्यवहार नगर्नु।
- अपाङ्गहरूलाई विशेष व्यवस्था गरिदिनु, सहयोग गर्नु।
- हामी रहने ठाउँ सफासुग्घर राख्नु, वातावरण जोगाउनु।
- खेल मनोरञ्जन गर्ने सुविधा दिनु।
- त्यस्तो छलफलमा बालबालिकालाई पनि सहभागी गराउनु।
- बालबालिकालाई श्रम शोषण नगर्नु, उनीहरूको शिक्षामा, विकासमा असर गर्ने गरी काम नलगाउनु।
- कसैलाई कुनै पनि आधारमा भेदभाव नगर्नु, छोराछोरीलाई समान व्यवहार गर्नु।
- हेला दुर्व्यवहार नगरी घर परिवारमा माया ममतापूर्वक बालबालिकालाई राख्नु, हुर्काउनु।
- गल्ती गरेमा बालबालिकालाई कठोर सजाय नदिई सम्झाई बुझाई सुधार गर्नु।
- आमाबाबु नभएका बालबालिकालाई उचित माया, ममता र संरक्षण दिनु।
- बालबालिकालाई लागू पदार्थ दुरूपयोग गर्नबाट जोगाउनु, त्यस्ता कुरामा सहभागी नगराउनु र बालबालिकाका अगाडि रक्सी, चुरोट आदि नखानु।
- गल्ती कमजोरी गरेमा बालबालिकालाई सजाय गर्नु भन्दा सम्झाइ बुझाइ गरी सल्लाह सुझाव दिनु।
- बालबालिकालाई संघ संस्थामा सहभागी हुन दिनु।
- बालबालिकालाई यौन शोषण, दुर्व्यवहार नगर्नु, त्यस्तो अवस्थाबाट बाल बालिकालाई संरक्षण गर्नु।
- बालबालिकाका निमित उपयोगी हुने राम्रा र ज्ञानबर्धक सूचना, जानकारी रेडियो, टेलिभिजनबाट दिनु, पत्रपत्रिका प्रकाशित गर्नु।
- कसैलाई पनि जातिपातिका आधारमा भेदभाव छुवाछूत नगर्नु र त्यस्ता कुराहरू बालबालिकालाई नसिकाउनु।
- बालबालिकालाई डरत्रास नदेखाउनु, उनीहरूको अगाडि झैझगडा नगर्नु।

इन्सेक पुस्तक नं. ८९/०६२

बालबालिकामा आफ्नो अधिकार के कति हो भन्ने ज्ञान र स्वयम् उपभोग गर्ने सामर्थ्य हुँदैन। बालबालिका आफ्ना अधिकारका लागि स्वयं लड्न असमर्थ हुने भएकाले पनि समाजमा बालअधिकारको प्रत्याभूति सजिलो छैन। त्यसैले बालअधिकारको सन्दर्भमा राज्य, समाज, समुदाय, परिवार आदिको भूमिका जहिले पनि अहम् रहेको हुन्छ। बालबालिका तथा उनीहरूको हित र उपयोगका निम्ति प्रयोग हुने ठाउँ, सेवा, सुविधा आदिलाई शान्तिको छत्रछायामा राख्नु सिङ्गो समाज एवं राज्यको कर्तव्य हो। बालबालिकाका अधिकारको संरक्षण गर्ने दायित्वबाट जिम्मेवार पक्षहरू विमुख नहोऊन् भनी सचेतकको भूमिका मानवअधिकार रक्षकहरूले निर्वाह गर्नु पर्ने हुन्छ।

इन्सेक
INSEC
मानवअधिकार र आमाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्यूचाटार, पोष्ट बक्स २७२६, काठमाण्डौ
फोनः ४२७८७७०, फ्याक्सः ४२७०५५१
इमेलः insec@insec.org.np
वेब साइटः www.insec.org.np, www.inseconline.org